# इस्लामको संदेश

( नेपाली - النيبالية )

# رسالة الإسلام

مؤلف: عبد الرحمن عبد الكريم الشيحة

लेखः अब्दुर्रहमान अब्दुल करीम अश्शेहा

# इस्लामको संदेश

( नेपाली - النيبالية )

# رسالة الإسلام

مؤلف: عبد الرحمن عبد الكريم الشيحة

लेखः अब्दुर्रहमान अब्दुल करीम अश्शेहा

ترجمة: محمد عثمان عالم

अनुवादः मुहम्मद उस्मान आलम

مراجعة: الشيخ عظيم الدين السلفي

محمد شميم أختر

संशोधनः

शौख अजीमुद्दीन अस् सल्फी

मुहम्मद शमीम अख्तर

## بسم الله الرحمن الرحيم

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

सम्पूर्ण प्रशंसा अल्लाहीको लागी हो। र दरूदो सलाम उनका दूत्त महुम्मद् र उनका परिवार र साथीहरुमाथि होस्।

**<u>अहले किताब समक्ष केही कुराहरुः</u>**

अल्लाहले भन्नु भएको छ्((भनीदेऊ! हे अहले किताब एउटा यस्तो कुरा तर्फ आऊ जो तिमी र हामी बिच समान छ् त्यो यो हो की हामी अल्लाह बाहेक कसैको उपासना नगरौं उनीसँग कसैलाई साझेदार न बनाऊ र अल्लाह बाहेक हामी मध्ये कसैले पनी अन्य कसैलाई पालनकर्ता नठानोस् यदि तिमीहरु बिमुख हुन्छन्। भन्ने भनीदेऊ तिमीहरु साक्षी बस् की हामी आज्ञाकारी (मुस्लिम)हौं।))आले इमरान 64

निस्सन्देह इस्लाम धर्म नै हक र वास्तविक धर्म हो किनकी यो धर्म हाम्रो असल चरित्रको मुताबिक हो यो यती प्रष्ट धर्म हो जसमा कुनै किसिमको जटीलता र सन्देहजनकका कुराहरु छैन र प्रत्येक व्यक्तिलाई यो अधिकार छ् की न समझेका कुरा र मनमा उठने कुराहरु बारेमा प्रशन गर्ने तिर जाऔं।

यो प्रशनको उत्तर दिने अधिकार सबैलाई दिएको छैन किनकी सबैलाई आफनो धर्मको बारेमा जानकारी हुँदैन। अल्लाहले भन्नु भएको छ्। ((भनी देऊ! मेरो पालनकर्ताले ई चिजहरु अबैध गरेका छ्न् अशलिलताका कार्यहरु चाहे त्यो दृष्या होस् वा आदृष्य पाप र सत्य

बिरोध अतिक्रमण कसैलाई अल्लाहको साझेदार बनाउन् जस्का बारेमा उनले कुनै प्रमाण नै अवतरण गरेका छैनन् र अल्लाहको बारे यस्तो कुराहरु भन्नु पनी जसका तिमीहरुलाई कुनै ज्ञान छैन)) अल अराफ 33

त ति प्रशनहरुको उत्तर दिन त्यो व्यक्तिलाई अधिकार छ् जसले आफ्नो धर्मको बारेमा ज्ञान राख्छ् अर्थात धर्मको बिशेषज्ञ होस् अल्लाहले भन्नु भएको छ्। ((अनी तिमीहरुलाई थाहा छैन भन्ने ग्रन्थ वाहकहरुलाई सोधु)) अल नहल 43

त्यसैले रसूल सल्लल्लाहु अलैहि वसल्लमले धर्म सम्बन्धमा जानकारी लिन त्यो व्यक्ति सीत हुँदैन भन्नु भो जसलाई उक्त धर्म सम्बन्धमा जानकारी छैन किनभने यस्तो व्यक्ति धर्म सम्बन्धी गलत जानकारी दिए र मानिसलाई गुमराह बनाउछन्। (हदीस) ((अल्लाहले धर्म सम्बन्धी जानकारी मानिसको हृदयबाट छिनदैन तर धार्मिक ज्ञानीलाई मारेर यहाँ सम्मको राम्रो जानकार व्यक्ति समाप्त भई हाल्छ्। फेरी मानिसहरु अज्ञान व्यक्तिलाई आफनो प्रमुख बनाई हाल्छ्। त्यस पछि मानिसहरु त्यही आज्ञान व्यक्तिसीत प्रशन गर्छ् उसले गलत उत्तर दिएर मानिसहरुलाई गुमराह बनाउनको साथै आफै पनि गुमराह हुन्छन्)) सही बोखारी जिल्द 1 हदीस संखया 100

इस्लाम धर्ममा समझने कुरै छैन जस माथि हामी इमान विशवास राख्छौ र हामी त्यो कुराको बारेमा प्रशन गर्न सक्दैनौं। जुन मानिसको समझ भन्दा बाहिर हुन्छ्। त्यो गैबको (अदृश्यको) कुरा हो। जसलाई अल्लाहले पनी भन्नु भएको छैन किनकि त्यस सम्बन्धी जानकारी लिनमा लाभ छैन तर जुन गैब सम्बन्धी जानकारी लिनमा हाम्रो भलाई छ् त्यसलाई अल्लाहले पनि बयान गरिएको छ् र आफनो नबी सल्लल्लाहु अलैहि व सल्लम द्बारा पनि भन्नु भएको छ्।

तसर्थ हामी पनि मानव हो हाम्रो मनमा पनी बिभिन्न किसिमका प्रशन उठछ् जसको उत्तर हामीलाई जान्नु आवश्यक छन् यसरी ति प्रशनहरुको उत्तर इस्लाम धर्मले स्पष्ठसँग दिएका छन्।

**उदाहरणहरुः**

❖ यदि मानिसहरुको उत्पतीको (असल) को बारेमा प्रशन गर्छन् भने अल्लहाले त्यसको उत्तर कुरआनमा यसरी उल्लेख गर्नु भएको छ्।((निस्सन्देह हामीले मनुष्यलाई माटोको सार (निचोड) बाट सृष्टी गर्यौं फेरी त्यसलाई विर्यको थोपा स्वरुप एउटा सुरक्षित स्थानमा राखयों अनी विर्यलाई ढिक्को रगत बनायों र त्यस ढिक्को रगतलाई मासुको ढल्लो बनायौं अनी मासुको डल्लोलाई हडी बनायौं र हामीले त्यस हडीमा मासु चढायौ फेरी नयाँ ढाँचामा मानवको सृष्टी गर्यो अति बरकत युक्त छन् अल्लाह जो सर्वोत्म सृष्टीकर्ता हुन्।)) अल मोअमेनुन 12-14

❖ यदि अल्लाहको सम्पूर्ण उत्पती मध्ये मानिसको दर्जा र महत्वको जानकारी राखन् चाहन्छौ भने कुरआनमा उल्लेखित छन्((र,हामीले आदमका सन्तानलाई सम्मानित तुल्याएका छौ र तिनीहरुलाई हामीले थल तथा जल दुबैमा सवारी प्रदान गर्यौं। तिनीहरुलाई पवित्र चिज़हरुबाट जिविका प्रदान गर्यो र हामीले सृष्टी गरेका धैरै चिज़हरु माथि तिनीहरुलाई स्पष्ट प्रधान्ता प्रदान गर्यौं।)) अल इसरा 70

❖ यदि अल्लाहद्धारा रचीत संसारमा सम्पूर्ण जीव प्राणी मध्ये सबैभन्दा बढढो पावर र शक्ति कसलाई दियोको छ् भने अल्लाहको यस आयत मा उल्लेख हो। ((हो अल्लाह नै हुन् जसले तिमीहरुका

लागी समुद्रलाई अधिनस्थ गरिदिए ताकी त्यसमा उनको आदेशबाट ढुँगाहरु तैरीउन र तिमीहरु उन्को अनुग्रह प्राप्त गर र कृतज्ञ होऊ। उनले आफनो तर्फबाट आकाशहरु तथा पृथ्वीका सबै चीजहरुलाई तीनीहरुको अधिन्तामा गरिदिएका छन् । निस्सन्देह चिन्तन मनन गर्नेहरुका लागी यसमा थुप्रै निशानीहरु छन्।)) अल जासीया 12-13

❖ यदि तपाई मानिसको सृष्टि र अविष्कारको कारण जान्न चाहन्छौ भने अल्लाह तर्फबाट यो उत्तर पाउछौं (आयत) ((र, मैले

जिन्न तथा मानवलाई केवल आफनो उपास्नाको लागी सृष्टी गरेको छु। म तिमीहरुबाट कुनै जीविका चाहदैनौं न यो चाहन्छौं की तिमीहरु मलाई खुवाउनु अल्लाह स्वम नै महान जिविका तथा अती शक्तिशाली छन्।)) अल जारीयात 56-58

❖ यदि तपाई यो संसारको संरचनाकर्ता वा सृष्टीकर्ताको उपास्ना मात्र उसैको लागी किन छ भन्ने प्रशन गर्छौ भने त्यसको उत्तर कुरआनमा यसरी उल्लेख छ। (आयत) ((हे नबी भनीदेऊ! उनी अल्लाह एकला छन् अल्लाह निर्पेक्ष छन् उनको केही सन्तान छैन। न उनी कसैको सन्तान हुन् अनी केही उनको समक्ष छैन।)) र आफनो बारे अल्लाहले कुरआनमा अर्को ठाँउमा यसरी उल्लेख गरिएको छ (आयत)((उनै प्रथम पनि हुन् र अन्तिम पनि दृश्य पनि छन् एवं गुप्त पनि र उनलाई प्रत्येक चिज़को ज्ञान छन्।)) अल हदीद 3

❖ यदि तपाई त्यो माध्यमको बारेमा जान्न जाहन्छौ जसमा हृदयको सन्तुष्टी र आत्माको शान्ति तथा बल पुग्छ भने त्यसको उत्तर कुरआनमा यस प्रकार उल्लेख छ। (आयत) ((ति व्यक्तिहरु जसले ईमान ल्याएका हुन् र जसका हृदयले अल्लाहको स्मरणबाट संतुष्टी प्राप्त गर्छन् र जानी राख अल्लाहको स्मरणबाट नै हृदयहरु संतुष्ट हुने गर्छन्।)) अर राअद 28

❖ यदि तपाई यस्तो बाटोको बारेमा सोध्न चाहन्छौ जुन मुक्ति तथा सफलताको मार्ग हो भने कुरआनको जवाव यसरी छ। आयत ((पुरुष होस् वा महिला जसले ईमान ल्याएर सतकर्म गर्छ हामी अवश्य नै उसलाई पवित्र जीवन यापन गराउने छौं र उनीहरुले गरेका कार्यहरुको उत्तम प्रतिदान प्रदान गर्ने छौं।)) अल नहल 97

❖ यदि तपाई यस्तो व्यक्तिहरुको बारेमा सोध्दछौ जसले अल्लाह र कुरआनमा विशवास राख्दैन्न भने त्यसको उत्तर पनि कुरआनमा अल्लाहले यसरी प्रस्तुत गर्नुभएको छ। (आयत)

((र, जो मेरो स्मरणबाट विमुख हुन्छ उसको जीवन सडिर्ण हुनेछ र महाप्रलयको दिन हामीले उसलाई अन्धो बनाएर उठाँउछौं। उसले भनिन्छ हे मेरो पालनकर्ता मलाई अन्धो पारेर किन उठायों जबकी म पहीले राम्रो देखने गर्थे।)) ताहा 124

❖ यदि यस्तो पूर्ण धर्मको बारेमा प्रशन गरौ जसमा समस्त विधानको व्यवस्था छ जुनले हाम्रो समाजिक तथा व्यक्तिगत जीवनको सफलता र संसारिक तथा प्रलयपछिको जिवनको सफलताको ग्यारेन्टि दिंदैछ भने त्यसको उत्तर कुरआनमा यस प्रकार छ। (आयत) ((आज मैले तिमीहरुको दिन (जिवन पद्धती) लाई तिमीहरुका निम्ति पूर्ण गरेको छ र तिमीहरुप्रती आफनो अनुग्रह पूरा गरेको छ अनी तिमीहरुका लागी दीन स्वरुप इस्लामलाई रोजेको छु।)) अल माइदा 3

❖ यदि हामी सत्य मार्गको प्रशन गरौ जुन सत्य मार्ग अल्लाहका हुन् भने त्यसको जवाफ यो आयत हो।((र जसले इस्लाम बाहेक अन्य कुनै धर्म ग्रहण गर्न् खोज्छ उसको धर्म कदापी स्वीकार्य हुनेछैन र ऊ आखेरत (प्रलोक) मा घाटा व्यहोर्नेहरु मध्ये हुनेछ।)) आले इमरान 85

❖ यदि मानव जा़तका परसपर सम्बन्ध बारे प्रशन गरौ त अल्लाहका जवाब यस आयतमा उल्लेख छ((मानव हामीले तिमीहरुलाई एक पुरुष तथा एक स्त्रीबाट सृष्टी गर्यौ र तिमीहरुका बिभिन्न जा़ती तथा बंश बनायौं ताकी तिमीहरु एक अर्कालाई चिन्न् सक वास्तवमा अल्लाहको दृष्टीमा तिमीहरु मध्ये सर्वाधिक प्रतिष्ठित त्यो व्यक्ति हो जो तिमीहरु मध्ये सबै भन्दा अधिक ईश्भय राख्छ।)) अल हुजुरात 13

❖ यदि ज्ञान तथा ज्ञानीको सम्बन्धमा हामी अल्लाहको राए जान्न् चाहन्छौं भने त्यसको उत्तर यो आयत हो। ((अल्लाहले तिमीहरु

मध्ये ईमान लोभाएका र ज्ञान प्रदान गरिएका व्यक्तिहरुका दर्जा उच्च पार्ने छन्।)) अल मुजादला 11

❖ यदि हामी यो जीवनको अन्तबारे प्रशन उठाऔं छ भने त्यसको उत्तर यो आयत छ। ((प्रत्येक प्राणलाई मृत्युको स्वाद चाखनु पर्छ र तिमीहरुलाई तिम्रा पुर्ण प्रतिदान महाप्रलयको दिन नै प्रदान गरिने छन् अनी जसलाई नर्कबाट बचाईयो र स्वर्गमा परवेश गराईयो त्यो निशचय नै सफल भयो संसारिक जिवन त केवल धोका को सामग्री हो।)) आले इमरान 185

❖ यदि मृत्यु पछि प्रलोकको जीवनबारे र आफनो नौलो सृष्टीबारे जान्न् चाहन्छौ भन्ने हामी अल्लाहबाट यो उत्तर पाउने छौ। आयत ((र उसले हाम्रो लागी उदाहरण दिन थालियो अनी आफनो सृष्टि बिर्सियौं भन्यो यि सडेगलेका हाडहरुलाई कसले जीवन पार्न् सक्छ भनीदेऊ तिनलाई उनैले जीवित पार्नेछन् जसले तिनलाई पहिलो पटक सृष्टी गरेका थिए उनी प्रत्येक सृष्टिका ज्ञाता हुन् जसले तिनीहरुका लागी हरियो बृक्षबाट आगो निकाले अनी त्यसैबाट त तिमीहरु आगो

बाल्छौं। के जसले आकाशहरु तथा धर्ति सृष्टी गरे उनी तिनीहरु जस्तैलाई सृष्टी गर्न् समर्थ छैन। किन छैन्न ? उनी त महान सृष्टीकर्ता तथा सर्वज्ञा हुन्।)) यासीन 78

❖ यदि प्रलोकको जीवनमा हाम्रो स्वीकार्य उपास्नाको निम्ति प्रशन गरौ त कुरआनको उत्तर यो छ्। ((निस्सन्देह ईमानवाला तथा अल्लाहको हुकुम बमोजिम कार्यकर्ताको लागी अति राम्रो जन्नत छ् जसमा उनी पाहुना हुन्छन्।)) अल मुअमेनुन 103-106

❖ यदि प्रलोकको जिवनमा मानिसको स्थान र ठेगानाको निम्ति प्रशन गर्छौं भन्ने दुईटै ठेगाना र स्थानको उल्लेख छ्। त्यो स्वर्ग वा नर्क हो तेस्रो केही बिकल्प छैन। अल्लाहको भनाई यस प्रकार हो। आयत((निस्सन्देह अहिले किताब र मुशरिकहरुमध्ये कुफ्र गर्ने

व्यक्तिहरु नर्कको आगोमा होमीने छन् जहाँ तिनीहरु सदा रहने छन् तिनीहरु नै हुन् दृषटत्म प्राणी निस्सन्देह जसले ईमान ल्याएर सतकर्म गरे उनीहरु नै सर्वश्रेष्ट प्राणी हुन् यस्ता व्यक्तिहरुको प्रतीदान उनका पालनकर्ता समक्ष सदा सर्वदा रहने बगैचाहरु हुन् जसको तलतिरबाट नहरहरु बगीरहेका हुनेछन जहां उनीहुर सदा सर्वदा रहने छन् अल्लाह उनीहरुसीत प्रसन्न् भएर उनीहरु अल्लाह सीत प्रसन्न् भए यो उसको निम्ति हो जो आफना पालनकर्तासित डराउने गर्छ।)) अल बैयना 6-8

## प्रिय पाठकः

F. Filweas (एफ. फाईलवीयस) ले भन्नुभएको छ । केही दिन देखि यस्तो लेटरेचर प्रकाशित भैइरहेको छ । जसमा यूरोप र सम्पूर्ण पश्चात मुलुकहरुमा वहाँको मौजूदा धर्म र साहित्य प्रभावहिन भईरहेको छ्। त्यसैले गर्दा अब उहाँबाट मुक्ति पनि आवश्यक छ्।

अब यो वक्तव्य मध्यनजर हामी ईसाई धर्मको संकट र कठिनाई समझन् सक्छौं तर इस्लाम धर्म एक्लै एउटा यस्तो धर्म हो जसले यूगको साथसाथै हिड्नमा समर्थन पनि छ र सबै प्रशनको उत्तर संतोषजनक दिनमा सक्षमपनि छ।

## प्रिय पाठकः

मेरो यो भनाई सत्यतामा आधारित हुदैन। की आज धेरै जसो मुसलमानहरु इस्लामिक संविधान र वहाँको सही ज्ञानबाट धेरै टाढा छन्। किनकी आज धेरै जसो मुसलमान आफनो व्यक्तिगत जीवनमा पनी इस्लामिक ज्ञानबाट धेरै टाढ़ा छन्। तर इस्लाम यस्तो होईन की केही उपासना र मात्र बर्त बस्ने धर्म हो बरु इस्लाममा केही अकिदा (आस्था)  र केही उपासना र व्यक्तिगत तथा सामाजिक्त जीवन व्यत्तित गर्ने पुरा नियमकानूनको धर्म हो। अतः इस्लाम धर्म पनी हो।

र हुकुमत (शासन) सरकार चलाउने व्यवस्था पनि हो। यसै कारणले कुनै महान व्यक्तिको भनाई छ। इस्लाम कस्तो राम्रो धर्म र व्यवस्था हो केही बुद्धिजिवी बसेर छलफल पछि इस्लामिक संविधान र शिक्षालाई लागु गर्थे र अल्लाहले पनि हाम्रो लागी यसको ब्याख्या कुरआनमा यसरी प्रेरित गरेको छ। आयत ((हे सन्देष्टा मानिसहरुलाई अल्लाहको माँग तर्फ तत्वदर्शता एवं सदउपदेशको माध्यमबाट बोलाऊ र तिनीहरुसित सर्वोतरिकाले तर्क बितर्क गर।))अल नहल 125
J.S.Restler (जे.स. रेसलर) ले आफनो पुस्तक अरबी संस्कृति (कल्चर) को भूमिका लेख्दै लेखनुभएको छ। कि इस्लाम शब्दको 3 मतलब हामी सम्झन् सक्छौ।
1_इस्लाम एउटा धर्म हो।

2_इस्लाम सरकार चलाउने व्यवस्था हो।

3_इस्लाम एउटा पुर्ण कल्चर (संस्कृति) हो।

निस्सन्देह इस्लामको अकिदा, उपासना, कल्चर र त्यसको तालिममा रसूल सल्लल्लाहु अलैही व सल्लम, माथि अवतरित देखि आजसम्म केही फेरबदल भएन तर मुस्लिम समाज आफनो पोरीपोरीको संस्कृतिक प्रभावले बदल्दै गए। यो इस्लाम को कमी होईन मुसलमानहरुको गलती हो।

एउटा उदाहरणबाट पनि हामी यो कुरा सम्झन् सक्छों। हामी एउटा मसिन किन्छु साथै एउटा गाईड बुक पनि पाउँछौ जसमा प्रयोग गर्ने तरिका लेखिराखेको हुन्छ्। अब यदि हामी गल्ती गर्छु मसीन काम गर्दैन। गल्तीको जिम्मेवार को हुन्छ्। अब यहां 3 वटा सम्भावना हुन्छ्।

1_व्यक्तिले गाईडबुकमा लेखिएको सहि तरिकाको प्रयोग गर्न् सकेन।

2_व्यक्तिले गाईडबुकमा लिखिएको पुर्ण तरिकाको प्रयोग गर्न् सकेन।

3_व्यक्तिले गाईड बुकमा लेखिएको तरिका सम्झन् सकेन।

अन्तिम स्थितीमा मानिसलाई मसिनको कम्पनी तर्फ रुजु गर्नुपर्छ्। ताकी फेरी स्पष्ट जानकारी पाओस्। यो इस्लाममाथि फिट आउने उदाहरण हो। इस्लामबारे जानकारी खोज्न् चाहनेलाई इस्लामको मुल किताब कुरआन बाट जानकारी लिनुपर्छ् जसरी हामी विरामी हुन्छौ भने डाकटरसँग सल्लाह लिन्छौ। घर बनाउने बेलामा ईन्जिनियरसँग भेट्छौं। यसरी दिन (धर्म) जान्न् चाहनेलाई दिनको जानकारसँग भेट्नुपर्छ्।

यो सानो पुस्तक पढ़ने सबै पाठसित म अनुरोध गर्छु की आफनो धार्मिक भावनालाई

छाडेर निष्पक्ष भई पढ्नु र राम्रो नियतले वास्तिविकता जान्नको लागी पढ्नु। गल्ती टुगिंयाउने वा साम्प्रदायिक भावनाले पढ्दाखेरी सत्यताको सम्भावाना धेरै घट्दै जान्छ। यसै खालको मानिसहरुको सन्दर्भमा अल्लाहको यो भनाई हो। आयत ((र जब तिमीहरुलाई अल्लाह द्धारा अवतरित धर्मको अनुसरण गर्न भनिन्छ। तब तिमीहरु भन्छन् हामी त त्यसैको अनुसरण गर्ने छौं। जसमाथि आफना पुरवजहरुलाई पाएका छौं। के तिनीहरु आफना पुर्खाहरुकै अनुसरण गर्नेछन् । चाहे तिनीहरुले कति पनि बुद्धि नपुराएका होऊन र नसत्तमार्ग नै प्राप्त गरेका होऊन।)) अल बकरह 170

किनकी आजको यूगमा पढेलेखेका सोचबिचार गर्ने मान्छे त्यो हो जस्ले आफनै बुद्धिबिबेले सोच्छ र सम्झबुझ लिएर मात्र मान्छ। सही जानकारी भएपछि त्यसलाई अर्कोसँग पनि शेयर गर्नुपर्छ।
मलाई यो स्वीकार्य छ की म यो विषयका हक पुरा गर्न् सक्दैनौं र यो सानो पुस्तिका यस्तो खालको ठूलो विषयको लागी उपयुक्त पनि छैन् किनकी ईस्लाम धर्म जसरी मैले भने धर्म तथा संसारको सबै समस्याको समाधान र दुबैको सबै सामग्रीको सम्मिलित छ। यसको

लागी धेरै ठूलो विस्तृत खण्डमा आधारित पुस्तकको आवश्यकता छ। तर यो दिनको वास्तबिकताका व्यापक स्तरमा जान्न् चाहनेहुरको लागी साचोंको काम गर्छ। आज यदाकदा हामी सुन्न र हेर्न सक्छु के हाम्रो कुनै कुनै कानुन इस्लामीक कानून जस्तै नै छ। तर हाम्रोलागि विचारनिय विषय यो हो की त्यो कानून हामी अहिले बनाई राखेको छ। र इस्लाम 1400 वर्ष अधि नै देखि त्यो कानून ल्याएको छ र उसको बमोजिम कार्यरत छ। जुन समुदाय वा सरकारले इस्लाम जस्तो नियम कानून कुनै खास क्षेत्रमा ल्याएका छन्। अब यो टाढा

छैन कि आम क्षेत्रमा पनि ल्याओस्। यो इस्लामको उदयको पहिलो क्षण हो। गैर मुस्लिमको तर्फबाट जिनको चाहना र तात्पर्य बेग्लै बेग्लै हुन्। कुनै वास्तविकता जान्नको लागी केही तर्क बितर्कको लागी , केही इस्लामीक क्रान्ति रोक्नको लागी इस्लामको एसटिडि गर्दै रहेको छन्।

अब्दुर्रहमान अब्दुल करीम अश्शेहा
पोस्ट बोक्स/ 59565
रीयाद़ / 11535
सऊदी अरबीया

## इस्लाम धर्मको मूल सिद्धांतः

रसूल सल्लल्लाहु अलैहि वसल्लमले अन्तिम हज्जको मिनामा सम्बोधन् गर्दै भन्नुभयोः((के तिमीहरुलाई यस दिनको बारेमा केहि थाहा छ? उनीहरुले भने अल्लाह र त्यसको रसूललाई नै अधिक थाहा हुन्छ्। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भए यो दिन हुर्मत

(धार्मिक पवित्र) को दिन हो। फेरि भन्यो के तिमीहरुलाई यस सहरको बारेमा थाहा छ्। उनीहरुले भन्नु भऐ अल्लाह र रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई अधिक थाहा हुन्छ्। भन्नुभए त्यो हुर्मतको सहर हो। फेरि भन्यो के तिमिहरुलाई यस महिनाको बारेमा थाहा छ्। उनीहरुले भने अल्लाह र त्यसको रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई नै अधिक थाहा हुन्छ्। भने यो हुर्मतको (पवित्रताको) महिना हो। फेरि भन्नुभए निस्सन्देह अल्लाहले तिमीहरुमाथि तिमीहरुका रग्त, माल र सम्मान (ईज्ज़त) तिम्रो यो दिन जस्तै यस महिना र यस सहरको हुर्मत जस्तै नै हराम (अवैध) गरेको छ्।)) सही बोखारी जिल्द 5 पुष्ठ 2247 हदीस संख्या 5696

तर इस्लामका मौलिक विशेष्ताहरुमध्ये यो हो कि ज्यान, माल, सम्मान, मूख , सन्तान, कमजोर र मज्बुरहरुको रक्षा र सुरक्ष गरौः-

❖ अल्लाह तआले मानवीय ज्यानहरुमाथि अत्याचार गर्नेको निषेधित हुनको बारेमा भन्नुभएको छ्।((अनि, अल्लाहले अवैध ठहर्याएका ज्यानलाई न्यायोचित कारण बिना नमार र अत्याचारपूर्वक मारिएका (व्यक्तिको) अभिभावकलाई हामीले प्रतिहत्याको माग गर्ने अधिकार प्रदान गरेका छौं।)) सूरह अल्-इस्रा 33

❖ र इज़्ज़त र सम्मानमाथि अत्याचार गर्नेको निषेधित हुन्को बारेमा भन्नुभएको छ्।((र, व्यभिचारको नजिक पनि नजाऊ किनभने यो अति नर्लज्जपूर्ण कार्य तथा कुमार्ग हो।)) सूरह अल्-इस्रा 32

❖ र अल्लाह तआलाले माल र धनमाथि अत्याचार गर्नेको हराम (अवैध) हुनेको बारेमा भन्नुभऐको छ्।((तिमीहरु एक अर्काका सम्पत्ति अनाहकमा नखाऊ)) सूरह अल्-बक़रह 188

❖ र अल्लाह तआलाले मूखमाथि अत्याचार गर्नेको हराम (निषेधित) हुनेको बारेमा भन्नुभएको छ्। ((हे आस्थावानहरु हो!

मदिरा, जुवा, थान, तीर (हानेर भाग्य पत्ता लगाउने कार्य) यी सबै घ्रणित शैतानी कार्यहरु हुन्। यिनबाट बच ताकि सफल होऊ।)) सूरह अल्-माइदा 90

❖ र अल्लाह ताआलाले सन्तान र पिढ़िहरुमाथि अत्याचारको हराम हुनेको बारेमा कथन हो।((तर, जब उसलाई सत्ता प्राप्त हुन्छ् तब ऊ धर्तीमा विध्वंस मच्चाउन अनि खेती एवं (मानव तथा पशुको) वंशलाई विनाश पार्न सक्रिय रहन्छ्। र अल्लाहले विध्वंश मन पराउँदैन।)) सूरह अल्-बक़रह 205

❖ र मानवहरुमध्ये कमजो़र मानिसहरुको अधिकारहरुको बारेमा अल्लाह तआलाले भन्दै छः

क- मातापिताको अधिकारको बारेमा अल्लाह तआलाको कथन होः((र,तिम्रा पालनकर्ताले निर्णय गरिदिएका छन् कि तिमीहरु उनीबाहेक कसैको उपासना नगर मातापितासँग राम्रो व्यवहार गर। यदि ती दुवैमध्ये एक वा दुवै तिम्रो उपस्थितिमा बृद्धावस्थामा पुग्छ् भने उनीहरुलाई -उफ- सम्म नभन, न उनीहरुलाई हप्काऊ बरु उनीहरुसित आदरपूर्वक कुरा गर।)) सूरह अल्-इस्रा 32

ख- अनाथको अधिकारको बारेमा अल्लाहको भनाई होः((अतः तिमी (पनि) अनाथलाई नसताऊ।)) सूरह अज्-जुहा 9

र अनाथको सम्पत्तिको सुरक्ष गर्नेको बारेमा भन्दै छ्। ((अनाथको सम्पत्तिको नजिक पनि नजाऊ उचित तरिकाले बाहेक; यहाँसम्म कि ऊ आफ्नो परिपक्वताको उमेरमा पुगोस्।)) सूरह अल्-इस्रा 34

ग- सन्तानको अधिकारको बारेमा अल्लाह तआलाले उल्लेख गर्नुभएको छ। ((र निर्धनताको आशङ्काले आफ्ना सन्तानको हत्या

नगर्नु किनभने तिमीहरुलाई र उनीहरुलाई पनि हामीले नै जीविका प्रदान गर्छौं।)) सूरह अल्-अन्आ़म 151

घ- रोगीहरुको अधिकारकोबारेमः रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((कैदीहरुलाई मुक्ति गरौं। र भुखाहरुलाई खाना खुवाउनुस्। र रोगीहरुलाई देखरेख गरौं।)) सही बोखारी जिल्द3 पुष्ट 1109 हदीस संख्या 2881

ङ- कमजो़रहरुको बारेमा रसूल सल्लल्लाहु अलैहि वसल्लमलको भनाई हो। ((हामीमध्ये त्यो व्यक्ति होइन जुन आफ्नो भन्दा बड़ाको सम्मान गर्दैन। र स्यानोहरुमाथि दया र द्रष्टि गर्दैन। र जुन राम्रो को आदेश दिन्दैन। र नराम्रोबाट रोक्दैन।)) सही इब्ने हबान जिल्द 2 पुष्ट 203 हदीस संख्या 458

च- र ज़रुरतमन्दहरुको अधिकारको बारेमा अल्लाहको भनाई हो। ((र भिखारीलाई नहफ्काऊ)) सूरह अज्-जुहा 10

र रसूल सल्लल्लाहु अलैहि वसल्लमले को भनाई हो। ((जुन आफ्ना भाईहरुको ज़रुरत पूरा गर्नेमा हुन्छ अल्लाह त्यसोको जरुरत पूरा गर्नेमा हुन्छ।)) सही मुस्लिम जिल्द4 पुष्ट 1996 हदीस संख्या 2580

## इस्लाममा आत्माको भूमिका

इस्लाम आफु भन्दा अधि आएको अर्को आकाशीय धर्महरु जस्तो नै हो। र इस्लमा त्यो विशेष्ता, आस्था र अकिदाहरुको सम्मान गर्दै आफ्ना अनुसर्णकर्ताहरुमाथि यो अनिवार्य गरेको छ कि उनीहरु यसमाथि ईमान र विशवास गरौं। र यसमाथि कार्य पनि गरौ। र त्यो तिर मानवहरुको बिना जोरजबर्जस्तिको निमन्त्रन देऊ अल्लाहको यस कथनमाथि कार्यरित भएर। (('इस्लाम' धर्ममा कुनै जबरजस्ती छैन। पथभ्रष्टताबाट मार्गदर्शन स्पष्टरुपमा अलग भइसकेको

छ।अनि निश्चय नै जसले तागूत (सीमोल्लङ्नकारी) लाई अस्वीकार गर्यो र अल्लाहमाथि ईमान ल्यायो त्यसले यस्तो भरपर्दौ सहारा समात्यो जो कहिल्यै टुट्ने छैन्। र, अल्लाह सर्वश्रोता तथा सर्वज्ञ छन्।)) सूरह अल्-बक़रह 256

र इस्लामले आफ्ना अनुसर्णकर्ताहरुलाई त्योतिर राम्रो तरीकाले निमन्त्रन दिनेको आदेश दिएको हो। अल्लहाको कथन हो। ((हे सन्देष्टा!मानिसहरुलाई अल्लाहको मार्गतर्फ तत्वदर्शिता एवं सदुपदेशको माध्यमबाट बोलाऊ, र तिनीहरुसित सर्वोत्तम तरीकाले तर्कवितर्क गर।)) सूरह अन्-नहल् 125

इस्लाममा विशवास दिलाउने मौलिक धारना र आदेश हो। किनभने जुन जबरजस्तीमाथि निर्भर हुन्छ्। त्यस व्यक्तिको मूखबाट यस्तो कुरा निस्कनछन् जुन त्यसको मन्को बिरुध हुन्छ्। यो कपटी (नेफाक) नै हो। जसबाट इस्लामले बच्नेको आदेश दिएको हो। र त्योलाई ठूला कुफ़्फ़र करार दिएका हुन्। अल्लाह तआलाले भनेको हो।((निस्सन्देह मुनाफ़िक़हरु (कपटीहरु) नरकको सबभन्दा तल्लो खण्डमा होमिनेछन् र तिमीले तिनीहरुकालागि कुनै सहयोगी पाउने छैनौ।)) सूरह अन्-निसा145

## उपास्नाहरुको मैदानमाः

इस्लामले कर्तव्य ,वक्तव्य र विश्वासीय उपास्नाहरुको एउटा समूहलाई प्रस्तुत गरेको छ्। तर विश्वासीय उपास्नाहरु माथी इस्लामको स्तम्भहरु कायम छ्। जसरीके तलमा उल्लेख छ्।

## 1- अल्लाह माथी विश्वास गर्नेः

अर्थातः अल्लाह तआलाको वहदानीयत (एकता) तिन विषयहरुमा अनुवार्य मान्नु पर्छ्।

1- प्रभुत्व र पालनकर्ता मात्र एउटा अल्लाहलाई मान्ने र उनको अस्तित्वको (वजूदको) स्वीकार गर्ने र उनी एकलै सम्पुर्ण संसारको सृष्टिकर्ता र रचयिता छ्न,। र उनी यस संसारको मालीक हुन्न, जे चाहन्छ्र गर्छ्। र वाँहालाईनै यस संसारलाई पुर्णरुपले चलाऊँ छ्। त्यसको आदेश बिना केही हुदैन। र वहाँ लाई न चाँहदा केही प्राप्त हुदैन। अल्लाहको कथन हो।( सावधान ! सृष्टि उनकै हो र आदेश पनि उनकै। अल्लाह बरकत युक्त (मंगलमय) छ्न, जो सम्पूर्ण जगत को मालिक हुन,।) सूरह अल-अअराफ(54) र अल्लाहको व्याख्या यो स्पष्ट गर्छ् कि सृष्टिकर्ता मात्र एउटै ऊनी अल्लाह नै हो। र उनको कोही साझेदर छैन। अल्लाहले भन्नु भऐको हो।((अल्लाहले न कसैलाई पुत्र बनाएका छ्न, न उनकासाथ अन्य कोही पूज्य नै रहेको छ्। यस्तो भएको भए, प्रत्येक पूज्य आफ्नो सृष्टिलाई लिएर अलिग्गने थियो र तिनीहरु एक अर्कामाथी जाइलागने थिए। अल्लाह ती कुराहरुबाट पवित्र छ्न,जुन तिनीहरु वर्णन गर्ने गर्छ्न।)).सूरहअल-मुअमिनून(91)

2- पूज्य मात्र एउटा अल्लाहलाई मान्ने र यो ठोस् विश्वास गर्ने कि अल्लाही सत्य पुज्य हो । उनी बाहेक कोही इश्वर छैन,। र अल्लाह बाहेक कसैको पूजा गर्न जायज़ होइन। र अल्लाह बाहेक कसै अरु सीत दुःखबाट छुटकाराको लागी प्रार्थना गर्ने र उनी माथी नै विश्वास

गर्ने जायज़ (वैध) होईन। र सम्पुर्ण किसीमको पूजा तथा उपासना उसै एक अल्लाहको लागी हो। अल्लाहको भनाई हो।

((र हामीले तिमीभन्दा पहिले जति पनि रसूल पठायौं उनीहरु सबैलाई यही वह्य (आकाशवाणी) गर्यौं कि म बाहेक अन्य कोही पूज्य छैन। अतः केवल मेरो उपास्ना गर।)) अल अन्बया 25

3-अल्लाहको नाम एवँ गुण्वाचकहरु (विशेषताहरु) मा एकलै मान्नु,र यो विश्वास (ईतेकाद) गर्ने कि अल्लाहीको लागी पवित्र नाम र महान विशेषताहरु छन,। र उनी सम्पूर्ण दोष,एवँ कमी(त्रुटि) बाट पवित्र छन, अल्लाहको कथन हो।(( अल्लाहका राम्रा नामहरु छन, र, उनलाई उनकै नामबाट पुकार्ने गर अनि ती व्यक्तिहरुलाई छोडिदेऊ जो उनका नामहरुप्राप्त दुष्ता देखाउँछन,। तिनीहरुले गर्ने गरेका कार्यको सजाय तिनीहरुले चाँडै नै पाउनेछन). सूरह अल आअराफ(180).

तर हामी अल्लाहकोलागी त्यही नाम साबीत गरछौं जुन गुनवाचक नामहरुलाई अल्लाहले आफ्ना लागी साबीत गरेको हो। अथव हाम्रो दूत्तव सल्लल्लाहु अलैहि व सल्लमबाट जसको सबूत पाइन्छ्। र,सृष्टि मध्ये कोही अल्लाहको अनुरुप छैन, अल्लाहको कथनहो((अल्लाहजस्तो अरु कोही छैन र उनी सर्वश्रोता एवं सर्वद्रष्टा छन,।)) सुरह अश्शुरा(11)

## 2- <u>देवदूत्तवहरु (फरिश्ताहरु) माथी इमान (विश्वास) लेआउनेः</u>

यो विश्वास गर्ने कि अल्लाहको लागी धेरै देवदूत्तहरु छन्। ऊनीहरु को संख्या अल्लाहलाइ नै थाहा छ्। र उनीहरु अल्लाहको

चाहनाहरुलाई पुरा गर्छन्। एंव यो संसार रेख देख गर्नेमा उनीहरु आकाश र पृथ्वीमाथि अल्लाहको आदेश अनुसार नियुक्त छन्। इशवर

–अल्लाह-को कथन होः((र, मामिला सुव्यवस्थित ढङ्गले परिचालन गर्दछन्।)) सुरह अन् नाज़िआत आयत(5)
र, जस्तो की अल्लाहको कथन हो। ((अनि ठूलो कार्य को वितरण गर्छ।)) सूरह अज,-जांरियात(4)
नुरी सृष्टीहरुको बारेमा हाम्रो ईश्दूत्तको भनाई छ।((फरिश्ताहरुको सृष्टी नुर बाट भऐ र जिनहरुको सृष्टी आगो बाट भऐ। र आदमको सृष्टी माटो बाट भऐ जसको विशषता तिमीहरुको लागी उल्लेख गरिसकेका छौ।)) सहीह मुस्लिम,हदीस संख्याः2996-

उनीहरु अदृश्य (ग़ैबी-अंतर्धान) संसार मध्य हुन्। र ऊनी नुरी सृष्टीहरु छन् हाम्रो आँखा उनीहरुलाई हेर्न सक्दैन। र अल्लाहले उनीहरुलाई विभिन्न रुप दृश्य र अदृश्य ईख्तीयार गर्नको लागी विभिन्न शक्ति (कुदरत) दिऐको छ , जसरीके हाम्रो प्रभुले जिब्रिईल अलैहिस्सलाम को बारेमा खबर दीऐको हो। कि वाँहाले मानीसको रुपमा मर्यम अलैहिस्सलाम तिर आऐ। अल्लाहको भनाई होः((अनि, तिनीहरुसित पर्दा गरिन्। र, हामीले उनीसमक्ष आफ्ना आत्मा (जिब्रईल फरिश्ता) लाई पठायौ अनी मर्यमसमक्ष पूर्ण मानवको रुपमा प्रकट भए।उनले भनिन्-यदि तिमी ईशभय राखने व्यक्ति हौ भने म तिमीबाट अत्यन्त करुणामय (अल्लाह) को शरण चाहन्छु। उनले भने- "म तिम्रै पालनकर्ता को फरिश्ता हुँ। तिमीलाई एउटा पवित्र छोरा प्रदान गर्न आए को हुँ।")) (17-19- सूरह मर्यम)

र एक चोटी ईश्दूत्त सल्लल्लाहु अलैहि वसल्लमले उनलाई अस्ली रुपमा हेरे। जुन रुपमा अल्लाहले उनलाई सृष्टी गरे र, उनको छौ सय (600) पखेटाहरु थिए।(सही बोखारी जिल्द 4 हदीस संख्या 4575)

र, यीनी फरिश्ताहरुको परहरु पनी छन्। कसैको दुईवटा र,कसैको तिनवटा छन्। र कसैको यस भन्दा बढी हो। अल्लाहले भन्नु भयो। ((सम्पूर्ण प्रशंसा आकाशहरु तथा पृथ्वीका सृष्टिकर्ता र दुई-दुई, तीन-तीन एवं चार चार पखेटा भएका फरिश्ताहरुलाई सन्देशवाहक बनाउने अल्लाहका लागि हुन्। अल्लाह आफ्नो सृष्टिमा जे चाहन्छन् वृद्धि गर्छन्। निस्सनदेह अल्लाह हरेक कार्यको सामथ्र्य राख्दछन्।)) (सूरह फातिर 1)

## **<u>र उनको अर्को हाल खबर</u>..**

ऊनिहरुको लागी पनि केहि खास (निर्धारित) समय छ्। जसमा उनीहरु अल्लाहको स्मरण, पूजा, प्रशंसा र, तसबीह (गुणगान) मा मगन्हुन्नुछन्। अल्लाहको कथन हो। ((उनीहरु रातदिन(अल्लाहको महिमागान गर्छन्, निरुत्साहित हुँदैनन्।)) सूरह अल-अम्बिया-22
अल्लाह तआलाले उनीहरुलाई आफ्ना पूजा र प्रार्थनाको लागी सृष्टि गरेको हो। जसरी ईशवरले भन्नु हुन्छ्। ((आफू अल्लाहका एक सेवक हुनुमा मसीह कहिल्यै अपमान ठान्दैनन् र निकटवर्ती फरिश्ताहरु पनि।)) सूरह अन्-निसा 172-

र, उनीहरु अल्लाह र उनका रसीलहरु बिच देवदूत्त हुन्थिऐ। अल्लाहको कथन हो।((यसलाई इमान्दार फरिश्ता (जिब्रईल) ले लिएर अवतीर्ण भएका हुन, तिम्रो हृदयमाथि ताकि तिमी मानिसहरुलाई सचेत गर्नेहरुमध्ये होऊ। यो स्पष्ट अरबी भाषामा छ्।)) सूरह अश्-शुअरा 193-195-

र,अल्लाहको आदेश अनुसार कार्यहरुको अन्जाम दीन छन्। अल्लाहको भनाई छ। ((तिनीहरु आफूमाथि रहेका रबसित डराउँछन् र तिनीहरु लाई जे आदेश दिइन्छ त्यही काम गर्नेगर्छन्।)) सूरह अन्-नहल् 50-

र, यिनी फरिश्ताहरु अल्लाहको पुत्र होईन। र ऊनीहरुको प्रेम ,सम्मान र आदर गर्न अनिवार्य हो। अल्लाहको कथन हो।((र,तिनीहरु भन्छन्।"करुणामय (अल्लाह) ले पुत्र ग्रहण गरेका छन्।"(होइन) उनी पवित्र छन्। फरिश्ताहरु त अल्लाहका प्रतिष्ठित भक्त हुन्।

तिनीहरु कुरामा उनीभन्दा अगाडि जाँदैनन् र उनीहरु उनकै आदेशको पालन गर्छन्)) सूरह अल-अम्बिया26-27-

र,उनीहरु अल्लाहको बराबर र, ऊन को साझीदारी पनि होइन,अल्लाहको भनाई हो। ((र,त्यस व्यक्तिले तिमीहरुलाई फरिश्ताहरु तथा नबीहरुलाई –रब- बनाऊ भनेर कदापि भन्ने छैनन्। के एक नबीले तिमीहरुलाई आज्ञाकारी (मुस्लिम) भएपछि कुफ्र (अस्वीकार) गर्ने आदेश दिन सक्छन् भन्ने कुरा सम्भव छ)) सूरह आले इमरान् 80 ऊनी फरिश्ताहरुको नाम र ऊनीहरु को कार्यको बारेमा अल्लाहले हामी लाई खबर गरेको उदाहरणः

- जिब्रइल अलैहिस्सलाम आकाशवाणी (वही) कोलागी नियुक्त छन्। अल्लाहको कथन हो।((यसलाई इमान्दार फरिश्ता(जिब्रईल) ले लिएर अवतीर्ण भएका हुन, तिम्रो हृदयमाथि ताकि तिमी मानिसहरुलाई सचेत गर्नेहरुमध्ये होऊ।)) सूरह अश्-शुअरा 193
- मिकाइल अलैहिस्सलाम वर्षा र घास (बिरुवा) माथी नियुक्त छन्। अल्लाहको भनाई हो। ((जुन –काफिर- अल्लाह, उनका फरिश्ताहर र उनका रसूलहरु तथा जिब्रइल एवँ मीकाईलको शत्रु हो, अल्लाह पनि (त्यसता) काफिरहरुका शत्रु हुन्।)) सूहर अल्-बकरह् 98

❖ मलिकुल मोत (मृत्युको फरिश्ता) अल्लाहको कथन हो। ((भनिदेऊ-" तिमीहरुमाथि नियुक्त गरिएको मृत्युको फरिश्ता (देवदूत) ले नै तिमीहरुको प्राण लिन्छ अनि तिमीहरु आफ्ना पालनकर्तातर्फ फर्काइनेछौ।)) सूरह अस्-सज्दह् 11-

❖ इस्राफील अलैहिस्सलाम मृत्यु पछि हिसाबकोलागी सूर (नरसिघ्डा) फुकिनेमाथी नियुक्त छ। अल्लाहको कथन हो।((अनि जब सूर (नरसिघ्डा) फुकिनेछ तब तिनीहरुबीच न कुनै नाता कायम रहनेछ न एक अर्कालाई सोधपुछ गर्नेछन्।))-सूरह अल्-मुअमिनून 101

❖ मालिक अलैहिस्सलाम नर्कको खाज़िन (कोष्क) हो। अल्लाहको कथन हो। ((र, तिनीहरुले चिल्लाएर भन्ने छन्-" हे मालिक! तिम्रा पालनकर्ताले हामीलाई समाप्त नै गरिदिऊन्।" उनले जवाफ दिनेछन्- "तिमीहरु त सदा यसैमा रहनुपर्छ।"))
सूरह अज्ज़ुख्रुफ-77-

❖ ज़बायण नामको फरिश्ताहरु नर्कवासीहरुलाई कठोर यातणा दिनेकोलागी नियुक्त छन्। अल्लाहको कथन हो। ((अनि बोलाऔस् आफ्ना समूहलाई। हामी पनि (नरकका) फरिश्ताहरुलाई डाक्नेछौं।)) सूरह अल –अ़लक्-17-18

❖ र, सम्पुर्ण मानिसहरुसँग दुई-दुई फरिश्ताहरु छन्। एउटा पूण्य र, अर्को पाप लिखनको लागी नियुक्त छन्। अल्लाहको भनाई हो।((र, याद राख दुई जना लेखनदास त्यसका दायाँ र बायाँ बसी हरेक कुरा लेखिरहेका छन्।(मानिसले) मुखबाट कुनै शब्द निकाल्न् पनि पाएका हुँदन तर त्यसनजिक एउटा निरीक्षक तैनात हुन्छ।) सूरह काफ-17-18

❖ रिज़वान स्वर्गको खाज़िन (कोष्क) हो। केही अरु फरिश्ताहरु छन् जुनले मानिसहरुको सुरक्षाकोलागी नियुक्त छन्। उनि मध्ये कसैको नाम कुरआन र हदीसमा आएका छन्। र कसैको आएका छैन। तर उनी सबैहरु माथि ईमान लिआऊने अनिवार्य हो।.

## फरिश्ताहरुमाथि ईमानको लाभन्तहरुः

1- अल्लाहको बड़ाई, कुद्रत (सक्क्षम) र ज्ञातालाई जान्ने। निस्सनदेहः सृष्टिको बड़ाई अल्लाहको बड़ाईतिर संकेत गर्छ।

2- स्पष्ट र अस्पष्टमा पूण्यहरु गर्न् को लागी ईच्छुक हुने। र, पापहरु बाट बचने। किनभने मुस्लिमहरुलाई यो थाहा हुन्छ। कि उनीसँग निरक्क्ष फरिश्ताहरु छन्। जुन उनीहरुको कार्य र कर्तव्यहरुलाई निरक्षण गरिरहेका छन्। त्यो सम्पुर्ण कार्यहरुको प्रलयको दिन हिसाब दिनुपर्छ।

3- अत्यन्त अनुराग र मतिष्टन्तामा पर्न बाट बाच्नु। जसले यसमा परे उनि गैब (अदृश्य) माथि विश्वास गरेन।

4- अल्लाह को दया सेवकहरुमाथि यस्तो हो। कि उनीहरुको सुरक्षाको लागी फरिश्ताहरु नियुक्त गरेको छ। जुन फरिशताले उनीहरुको सुरक्षा गर्छन्।

## किताबहरु माथि ईमान राखनेः

ईमान(विश्वास) राखने कि अल्लाह तआलाले आकाशीय पुस्तकहरु आफैबाट आफ्ना रसुलहरु (ईश्दूत्तहरु) माथि अवतरित गरेका छन्। मानिसहरुतिर यो संदेश पुगाउन को लागी कि यो सत्य हो। र, यसमा अल्लाहको एकताको उल्लेख छ। अल्लाहको प्रभुत्व, उपास्नीता र, विशेषताहरु को बारेमा अल्लाहको कथन हो। ((निस्सनदेह हामीले आफ्ना रसूलहरुलाई स्पष्ट प्रमाणहरु दिएर पठायौं र तिनका साथ

ग्रन्थ एवं तराजु अवतीर्ण गर्यौं ताकि मानिसहरु निसाफमा कायम रहून्।)) सूरह अल-हदीद-25-

मुस्लिमहरु को लागी यो मतलुब (तलब) हो। कि उनीहरु सम्पुर्ण आकाशवाणीय पुस्तकहरुमाथि ईमान राखौं, जुन कुरआन भन्दा अधि अल्लाह बाट अवतर्ति भऐको हो। र, कुरआन अवतर्ति भए पछी अधिको पुस्तक र, त्यसको अनुसरणकर्ताहरुको अनुसरण गर्न् जायज़ होइन। किनभने त्यो एउटा खास समय र, खास समाजको लागी अवतर्ति भऐका थिये,। र अल्लाहले त्यो पुस्तकहरुको व्यख्या आफ्ना किताब (कुरआन) मा गरे को हो।

☒ ईब्राहीम र, मुसाको सहीफाहरुः त्यो सहीफाहरुका केहि धार्मिक विशेष्ताहरु कुरआनमा उल्लेख छ्।अल्लाहको कथन होः ((के त्यसलाई अवगत गराईएको छैन जुन मूसाको गर्नथमा छ्। र, इब्राहीमको गर्नथमा पनि जसले पूर्णरुपमा आदेशको पालना गरे।

यो कुरा कि कुनै भारी उठाउनेवालाले कसैको भारी उठाउने छैन। र, यो कुरा पनि कि मानिसलाई केवल उसले गरेको प्रयासको फल प्राप्त हुनेछ्। र, यो कि त्यसको प्रयास चाँडै नै देखिनेछ्। अनि त्यसको पूरा प्रतिफल उसलाई दिइनेछ्। र, अन्ततः तिमीले पालनकर्तासमक्ष नै पुग्नुछ्।)) सूरह अन्-नज्म्-36-42

☒ तौरातः त्यो पवित्र पुस्तक मूसा अलैहिस्सलाममाथि अवतरित भए। अल्लाहको कथन हो।((हामीले तौरात अवतरित गरेका थियौं जसमा मार्गदर्शन एवं ज्योति थिये। सम्पूर्ण सन्देष्टाहरु जो आज्ञाकारी थिए, यसै अनुसार यहूदी बनेकाहरुबीच फैसला गर्ने गर्थे। अनि धर्म अधिकारी तथा शास्त्रवेत्ताहरु पनि (यसैलाई निर्णय को आधार बनाउँथे) किनभने तिनीहरु अल्लाहका ग्रन्थको संरक्षक बनाइएका थिए र तिनीहरु यस को पनि साक्षी थिए। अतः तिमीहरु मानिसहरुसित

नडराऊ केवल मसित डराऊ। र, मेरा आयतहरुलाई तुच्छ मूल्यमा नबेच। जसले अल्लाहद्धारा अवतरित कानून अनुसार निर्णय गर्दैनन् तिनीहरु नै काफिर हुन्।)) सूरह अल्-माइद-44

कुरआन करीमले तौरातमा अवतरित हाम्रो नबी सल्लल्लहु अलैहि व सल्लमका केहि विशेष्ताहरुको बारेमा उल्लेख गरेकाछन्। अल्लाहको भनाई हो।–(( मुहम्मद अल्लाहका रसूल हुन् र उनीसँग भएका (सहाबीहरु) काफिरहरुविरुद्ध कठोर छन् तर आपसमा भने अति स्नेही छन्। तिमीले उनीहरुलाई सधैं रुकूअ, सज्दा र अल्लाहको वरदान तथा प्रसन्नताको खोजीमा व्यस्त पाउनेछौ। सज्दाको प्रभाव उनीहरुको मुहारमा घप्प बलेको छ जसबाट उनीहरु अलग्गै चिनिन्छन्।)) सूरह अल्-फतह 29

जसरी के पवित्र कुरआनले तौरातमा अवतरीत केहि धार्मिक आदेश उल्लेख गरेको छ। अल्लाहको कथन हो। ((हामीले –तौरातमा- तिनीहरुकालागि लेखेका थियौं कि प्राणको बदला प्राण,

आँखाको बदला आँखा, नाकको बदला नाक, कानको बदला कान, दाँतको बदला दाँत र यसै प्रकार अन्य आधातहरु को पनि बराबरीको बदला हुनेछ। तर जसले त्यसलाई माफ गरिदिन्छ, त्यो उसको (पापको) प्रायश्चिच हुनेछ। र, जसले अल्लाहदुरा अवतरित कानून अनुसार निर्णय गर्दैनन् तिनीहरु नै अत्याचारी हुन।)) सूरह अल्-माईदा-45

☒ ज़बूरः दाऊद अलैहिस्सलाम माथि अवतरित भऐ। अल्लाह को कथन हो। (( र, हामिले दाऊदलाई ज़बूर दिऐ)) सूरह – अन्-नेसा-163

☒ ईन्जीलः त्यो पवित्र पुस्तक ईसा अलाहिस्सलाम माथि अवतरित गरे। अल्लाहको कथन हो। ((र हामीले यी सन्देष्टाहरुपछि मर्यम पुत्र ईसालाई पठायौं। तौरातमध्ये जेजति उनकासामु थिए उनी

त्यसको पुष्टिकर्ता थिए। र, उनलाई हामीले इन्जील प्रदान गर्यौं जसमा मार्गदर्शन तथा दिव्यज्योति थियो। अनि , त्यसले पनि तौरातमा जेजति थिए त्यस को पुष्टिकर्ता र ईशभय राखनेहरुका लागि मार्गगर्शन एवँ उपदेश थियो।))

कुरआनले तौरात र इन्जीलमा केहि मुहम्मद सल्लाहु अलैहि वसलमको बशारत (शुभ सुचना) को बारेमा अवतरित उल्लेख गरेकाछन्। अल्लाहको कथन हो। ((तर मेरो दया चाहिँ हरेक वस्तुमाथि छाएको छ। म यसलाई ती मानिसहरुकालागि अवश्य नै लेखनेछु जो ईशभय ग्रहण गर्छन् ज़कात दिने गर्छन् र हाम्रा आयतहरुमाथि ईमान राख्छन्। जो उम्मी सन्देष्टा (मुहम्मद) को अनुसरण गर्छन् जसलाई उनीहरु आफूसँग रहेको तौरात तथा इन्जीलमा उल्लेख भए को पाऊँछन् जसले तिनीहरुलाई सकर्मको आदेश दिन्छन् र कुकर्मबाट रोक्छन् र पवित्र वस्तुहरुलाई तिनीहरुका लागि वैध तथा अपवित्र वस्तुहरुलाई अवैध गर्छन् अनि तिनीहरुमाथि

लादिएको बोझलाई झार्छन् त्यस बन्धनलाई खोल्छन् जसमा तिनीहरु जकडिएका थिए।)) सूरह-अल् आअराफ-156-157

र,उस्तै अल्लाहको मार्गमा अल्लाहको कलेमा (शब्द) को ऊँचाईको लागि जेहाद (धार्मिक युद्ध) माथि उकसाउनु भऐको छ। र, यो यस भन्दा पहिला अर्को आकाशीय धर्महरुमा पनि थिऐ। अल्लाहको कथन हो। ((वास्तवमा अल्लाहले आस्थावानहरुबाट उनीहरुका ज्यान तथा धन-सम्पत्ति स्वर्गको सट्टामा खरीद गरिसकेका छन्। उनीहरु अल्लाहको मार्गमा युद्ध गर्छन् अनि मार्छन् र मारिन्छन् । यो तौरात,

इन्जील एवं कुरआनमा भएको सत्य वचन हो र आफ्नो वचनलाई पूरा गर्ने कार्यमा अल्लाह भन्दा बढी अरू को हुन सक्छ? अतः खुशियाली मनाऊ त्यस सौदाप्रति जुन तिमीहरुले उनीसित गरेका छौ र यही महान् सफलता हो।)) अत्तोबा 111

☒ पवित्र कुरआनः यसमाथि इमान (विश्वास) लिआउन अनिवार्य हो किनकी त्यो कुरआन अल्लाहको कलाम (शब्दहरु) छन्। जुन कुरआन लाई जिब्रील अलैहिस्सलामले लिएर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि अरबी भषामा अवतरित भऐ अल्लाहको कथन हो। ((यसलाई इमानदार फरिश्ता (जिब्रईल) ले लिएर अवतीर्ण भएका हुन्। तिम्रो हृदयमाथि ताकि तिमी मानिसहरुलाई सचेत गर्नेहरुमध्ये होऊ। यो स्पष्ट अरबी भाषामा हो।)) सूरह अश् शुअरा-193-195

## र यस कुरआन को विशेष्ता अर्को आकाशीय पुस्कतहरुमध्ये बिभिन्न् हो।

1- यो कुरआन अन्तिम आकाशीय पुस्तक हो जुन पहिलैको आकाशीय पुस्तकहरुमा अवतरितलाई पुष्टि गर्छन्। अल्लाहको एक्ता ,अनुसरण र उपास्ना मध्ये यसमा केहि हेर फेर भएको छैन। अल्लाहको भनाई छ।

((हे सन्देष्टा! हामीले तिमीमाथि सत्यकासाथ ग्रन्थ अवतरण गर्यौं जसले पहिलेका ग्रन्थहरुको पुष्टि गर्दछ् र जो तिनको संरक्षक पनि हो।)) सूरह-अल्-माइदा-48

2- यस पवित्र कुरआनबाट अल्लाहले पहिलेका सम्पूर्ण पुस्तकहरुलाई रद्द गरिदियों। किनभने यसमा सम्पूर्ण ईश्वरीय शिक्षाहरु छन्। जुन सर्वसदा रहने। र सम्पूर्ण ठाँऊ र समयको लागि हो। अल्लाहको कथन हो। ((आज मैले तिमीहरुको दीन (जीवन पद्धति) लाई तिमीहरुकानिम्ति पूर्ण गरे को छु र तिमीहरुप्रति आफ्नो अनुग्रह पूरा

गरे को छु अनि तिमीहरुकालागि दीन स्वरुप इस्लामनाई रोजेको छु))-
सूरह-अल्-माइदा -3-

3- यो कुरआन सम्पूर्ण मानवको लागि अवतरित भएको छ। अर्को पहिलेका पुस्तकहरु जस्तै कुनै जा़त र समुदायकोलागि खास छैन। अल्लाहको कथन हो। ((अलिफ. लाम. रा.- ( हे नबी) यो ग्रन्थ हो जसलाई हामीले तिमीमाथि अवतरण गरेका छौं ताकि तिमीले मानिसहरुलाई तिनीहरुका पालनकर्ताको आदेश अन्धकारबाट निकालेर प्रकाशमा ल्याऊ।)) सूरह इब्राहीम 1

तर कुरआन बाहेक अर्को पुस्तकहरु एक खास समुदाय र जा़त को लागि खास थियौ। यसैकारण त्यस को आदेशहरु एक खास समय सम्म र खास जा़त को लागि निर्धारित थिऐ। जसरी के ईसा अलैहिस्सलाम को भनाई हो। ((म त बनिइज्राईलको पथभर्ष्ठ मानिसतिर पठाऐ को छुँ।)) इन्जील मता 24ः15

4- कुरआनको पाठन र कन्ठ उपास्ना हो। अल्लाहको ईश्दूत्त सल्लल्लाहु अलैहि वसल्लमको भनाई हो। ((जसले कुरआनको एक अक्षर पढे। त्यसको लागि एक पुण्य हो। र एक पुण्य दस पुण्यको बराबर हुन्छ। र म यो भन्दैन कि अलिफ –लाम-मीम एक अक्षर हो।

तर अलिफ एक अक्षर हो। र लाम एक अक्षर हो। र मीम एक अक्षर हो।) अत्तिरमिजी़ हदीस संख्याः2910

5- यस कुरआनमा सम्पूर्ण धार्मिक नियमहरुको उल्लेख छ। जुन एउटा राम्रो समाज कायम गर्छ (J.S. Restler) ले आफ्ना पुस्तक (अरबी समाजम) मा भन्दै छ। कि कुरआनमा सम्पूर्ण सम्स्याहरुका हल (समाधान) छन्। र यो धार्मिक नियम प्राकृतिक नियमलाई जोड् छन्। राम्रो व्यवस्था र समाजीक एकतातिर बोलाउं छ। खुराफात ,र

अत्याचार को विरोध गर्छ। कमजोर मानिसहरु को सहायता तिर बोलाउँछ। अच्छाई  र राम्रो व्यवहारको आदेश दिन्छ। दया को आदेश पनि दिन्छ। दैनिक सहायताहरुको आदेश जारी गर्छ। र परिवारहरुमा बालकहरु र सेवकहरु (दासहरु) र जनावरहरुसँग राम्रो व्यव्हारको आदेश पनि दिन्छ। ( पुस्तक -काल् अनिल इस्लाम- ईमादुद्दीन खलील)

6- र यस कुरआनलाई ठोस् इतिहास मानिन् छ। किनभने त्यो ईश्दूत्तहरुमाथि धर्म अवतरिर्णको तसलसुल (लगातर) को उल्लेख गर्छ। र जुन पनि घटना उनका समुदायहरुसँग भए आदम देखि मुहम्मद सम्मको सबैलाई व्याख्या गर्छ।

7- अल्लाहले यसलाई कमि ,बेशी र हेर फेर बाट सुरक्षित राखेको छ। ताकि त्यो मानव को लागि बाकि रहोस् यहाँसम्म के अल्लाहले यस पृथ्वीको र यसमाथि जुन पनि हो सबैको वारिस होऊ। अल्लाहको कथन हो। ((निस्सन्देह हामीले नै कुरआनलाई अवतरित गरेका छौं र हामी नै यसको सुरक्षा गर्छौं)) सूरह अल्-हिज्र-9

र यस बाहेक जुन पनि पुस्तक हो। अल्लाहले त्यसको सुरक्षाको जिम्म लिऐको छैन। किनभने  त्यो एटा खास समुदायको लागि निर्धारित समय सम्मको लागि अवतरित भऐको थिऐ।

यसै कारण यसमा हेर फेर प्रवेश भऐ। अल्लाहले यहूदीहरुको बारेमा भन्दै छ जुनले तौरातमा हेर फेर गरेका हुन्।((-हे मुस्लिमहरु हो!-के इसराईलका सन्तानहरुले तिमीहरु को कुरा मान्ने छन् भनी अझै पनि आशा गर्दैछौ जबकि तिनीहरुमाथि एउटा यस्तो समूह छ जसले अल्लाह को वाणी सुनेर बुझिसकेपछि पनि जानी-जानी त्यसमा फेरबदल गरिदिन्छ।)) सूरह अल् बकरह-75

र ईसायीहरु (क्रिस्चनहरु) को इन्जीलमा फेरबदलकोबारेमा इश्वरको कथन हो। ((त्यस्तै हामीले ती मानिसहरुसँग पनि प्रतिज्ञा गरायौं जसले भने. हामी ईसाई हौं-। तिनीहरुले पनि ती शिक्षाहरुको अधिकांश भाग बिर्सिदिए जसको पाठ तिनीहरुलाई दिइएको थियो। अन्तमा हामीले तिनीहरुबीच महाप्रलयसम्मका लागि शत्रुता तथा द्वेषको आगो सल्काइदियौं। र, तिनीहरु जेजति गर्दछन् त्यसबारे चाँडै नै अल्लाहले तिनीहरुलाई बताउनेछन्। हे अहले किताब हो! तिमीहरुसम्क्ष हाम्रो रसूल (दूत्त) आइपुगेका छन् जसले तिमीहरुलाई ती कुराहरु बताउँछन् जो तिमीहरु ग्रन्थबाट लुकाउँदै आएका छौ र उनले धेरै कुराहरु क्षमा पनि गर्दैछन्। निशचय नै तिमीहरुकालागि अल्लाह को तर्फबाट प्रकाश एवं स्पष्ट ग्रन्थ आइसके को छ।)) सूरह अल् माईदा14-15

र यहुदी र क्रिस्चनहरु को धर्ममा फेरबदलमध्ये यो हो कि यहूदले गुमान(शंका) गरे कि उजैर अल्लाहको छोरा हो। र क्रिस्चनले गुमान (शंका) गरे कि मसिह अल्लाहको छोरा हो। अल्लाहको भनाई हो। ((अनि ,यहुदीहरु भन्छन् उजैर अल्लाहका पुत्र हुन्। र, ईसाईहरु भन्छन्- मसीह-जिसस क्राइस्ट- अल्लाहका पुत्र हुन्। यी केबल तिनीहरुका मौखिक कुराहरु हुन्। तिनीहरुले आफूभन्दा पहिलेका काफिरहहरुको भनाइको नक्कल गर्दैछन्। अल्लाहको प्रकोप तिनीहरुमाइथि परोस्। तिनीहरु कहाँ भडकिरहेकाछन्।)

र,अल्लाहले उनीहरुका झुठो इतेकाद (धार्मिक सोंच) लाई रदद् गर्दै सत्य भन्दै छ। कि ((-हे नबी- भनिदेऊ! उनी अल्लाह एक्ला छन्। अल्लाह निरपेक्ष छन्। उनको कोही सन्तान छैन। न उनी कसैका सन्तान हुन। अनि, कोही उनको समकक्ष पनि छैन।) सूरह इख्लास,

र ,यसबाट यो स्पष्ट हुन्छ। कि आजकलका इन्जीलहरु जुन तिनीहरु सँग छन्। अल्लाहको कलाम (शब्दहरु) मध्ये होइन। न त ईसाको कलाम (शब्द) हो। तर, त्यो ईसाका अनुसर्णकर्ताहरु र चेलाहरुका कलाम (शब्दहरु) हुन्। तीनीहरुले ईसाका जीवनकथा र आदेशहरु र नसीहतहरु (उपदेशहरु) यसमा सामेल गरेकाछन्। र, यसमा खास सम्स्याको कारण धेरै फेरोबदल गरेकाछन्। ईसाईको प्रवक्ता (पादरी) ते. जे. ताकर त्यही भन्नु हुन्छ। (अल इस्लाम व अल मसीहीयत- उल्फत अज़ीज़ अल सम्द)

## ***आकाशीय पुस्तकहरुमाथि ईमानका लाभहरुः***

☒ अल्लाहले आफ्ना सेवकहरुमाथि प्यार , कृपा र दयाको कारण उनीहरुकोलागि ग्रन्थ पुस्तक अवतरित गरे। जुन उनीहरुलाई सिधो मार्ग देखाउँछ। जसबाट ईश्वर राजी खुशी व्यक्त गर्छन्। र ,उनीहरुलाई यस्तै शैतानहरुका उचकनेकालागि छोडेन।

☒ अल्लाह को तत्त्वदर्शिताको जान्ने। यसैकारण अल्लाहले सबै समुदायको लागि उनको हालवमोजिम शरीयत (धर्म) कायम गरे।

☒ साँचो ईमानदार (मुअमिनहरु) लाई छाट्ने (चैनगर्ने)। किनभने उनीहरुले अल्लाह को पुस्तकमाथि ईमान लिआउनु भऐ। जसमाथि ईमान राखने अनिवार्य थिऐ। र यसको सँग सँग अर्को आकाशीय पुस्तकहरु माथि पनि ईमान लिआउनु भऐ। जस को खूश्खब्री (शुभसंदेश) र, त्यसको ईश्दूत्तको खूश्खब्री उनीहरुका पुस्तकमा थिऐ।

☒ अल्लाहले आफ्ना सेवकहरुका लागि पुण्यहरु दोगुना गरिदिन्छ। किनभने जुन ऊसको पुस्तकमाथि ईमान र यसै गरी त्यस पछि पुस्तकहरु अवतरित भऐ को माथि ईमान लिआउनु भऐ। उन लाई दुई चोटी पूण्य मिल छ।

## रसूलहरु(दूत्तहरु)माथि ईमान लिआउनेः

यो ईमान राखने कि अल्लाह तआलाले मानवहरुमध्ये ईश्दूत्त र नबीहरुलाई चुने फेरी उनीहरुलाई आफ्ना सृष्टीहरुतिर अल्लाहको उपास्ना र अल्लाहको दीन (धर्म) कायम गर्नेको लागि पठाऐ। र अल्लाहको तौहीद रबूबियत , उलुहीयत र असमा एंव सिफातलाई कायम गर्नकोलागि पठाऐ।(( र, हामीले तिमीभन्दा पहिले जति पनि रसूल पठायौं उनीहरु सबैलाई यही वहय गर्यौं कि म बाहेक अन्य कोही पूज्य छैन। अतः केवल मेरो उपासना गर।)) सूरह अल्-अम्बिया 25

र, अल्लाहले उनीहरुलाई आफ्ना दीन (धर्म) मानवतिर पुगाउनेको आदेश दिऐ। ताकि उनीहरुकालागि दूत्तहरु आऐ पछि अल्लाहमाथि हुज्जत( प्रमान-सबूत ) बाँकि नरहोस्। र, तिनी संदेष्टाहरु स्वर्ग र अल्लाहका राजी खूशीका शुभ-सूचक थिए यस्तो मानिसहरुको लागी जसले उनीहरुमाथि र जुन उनीहरुका साथ आऐ त्यसमाथि ईमान लिआउनुभऐ। र,अल्लाहको गज़ब (क्रोध ) र, यातनाबाट सचेतक बनेर आऐ उनीहरुकालागि जसले उनीहरुका र जुन उनीहरुसंग थिऐ इनकार (अस्वीकार ) गरे। अल्लाहको कथन हो।((र, हामीले रसूलहरुलाई केवल शुभ-सूचक एवम् सचेतक बनाएर पठाएका छौं। र जसले ईमान ल्याए र सुध्रिए उनीहरुका लागि न कुनै डर छ न उनीहरु चिन्तित नै हुनेछन्। र, जसले हाम्रा आयतहरुलाई मिथ्या

ठहर गर्छन् तिनका अवज्ञाले गर्दा तिनीहरुमाथि आपद आइलाग्नेछ।)) सूरह अल्- अन्आम 48-49

र, अल्लाहका दूत्त र, नबीहरु धेरै हुन्। वाहाँ को संख्या अल्लाहीलाई नै थाहा हुन्। अल्लाहको कथन हो।(( र, तिमी भन्दा अधि हामीले दूत्तहरु पठायौं। उनीमध्ये कसैको हामी तिम्रालागि बयान गरे। र उनी मध्ये कसैको हामीले बयान नगरे।)) गाफिर-78

र, उनीसबै नबीहरु माथि ईमान राखने अनीवार्यहो। र, उनी सबै मानव मध्ये हो। अल्लाहको कथन हो। ((र, -हे मुहम्म- हामीले तिमीभन्दा पहिले केवल यस्ता पुरूषलाई सन्देष्टा बनाई पठाएका थियौं जसमाथि हामीले वहय (प्रकाशना) गर्ने गथ्र्यौं। तिमीहरुलाई यसको  ज्ञान छैन भने अहले-किताबहरुसँग सोध। अनि, हामीले तिनीहरुलाई यस्तो ढाँचाको बनाएका थिएनौं कि उनीहरुले खाना नखाऊन् र उनीहरु सदाक़ालागि जीवित रहनेवाला पनि थिएनन्।)) सूरह अल-अम्बिया-7-8

अल्लाह तआलाले मुहम्मद –सल्लल्लाहु अलैहि वस्ल्लम-को बारेमा भन्नु भएको हो। ((भनिदेऊ- म तिमीहरुजस्तै एक मनुष्य मात्र हुँ। म तर्फ प्रकाशना आउँछ् कि तिमीहरु सबैका पूज्य एक मात्र छन्। अतः जोकोही आफ्ना रबसित भेट को आशा राख्दछ् उसले सत्कर्म गर्नुपर्छ् र आफ्ना रबको उपासनामा कसैलाई साझेदार बनाउनु हुँदैन।)) सूरह अल-कहफ 110

र, ईसा अलैहिस्सलामको बारेमा अल्लाहको भनाइ छ्। (( मर्यम पुत्र मसीह त केवल एक रसूल थिए। उनीभन्दा पहिले धेरै रसूलहरु आइसकेका छन्। उनकी आमा एक सच्चारित्र स्त्री थिइन् र ती दुवै भोजन गर्ने गर्थे। हेर। हामी कसरी यिनीहरुलाई आफ्ना आयतहरु स्पष्ट गरेर बताउँछौं! अनि, हेर उल्टो फर्की कता जाँदैछन्।)) सूरह अल् माइदा-75

र, उनीहरु अल्लाहका विशेष्ताहरुमध्ये कोही वस्तुहरु को मालिक होइन। उनीहरुलाई लाभ र नुकसान (हानि) दिन्को शक्ति होईन। नत यस संसारमा राजगर्नको शक्ति पनि । अल्लाहको कथन हो। ((भनिदेऊ- म न स्वयंको लाभको मालिक हुँ न हानिको अल्लाहले चाहेको बाहेक। र , यदि ममा अदृश्य (वास्तविकता) को ज्ञान भएको भए मैले धैरै लाभ जम्मा गर्ने थिएँ र मलाई कुनै कष्टले पनि छुने थिएन। म काफिरहरुकालागि सचेतक र मोमिनहरुकालागि शुभसन्देशबाहक मात्र हुँ।)) सूरह- अल्-आअराफ-188

र, यीनीहरुले अमानत (नासो) र अल्लाहकको आदेश (पैगाम) राम्रा तरीकाले पुगाए। र तिनीहरु सृष्टीहरुमध्ये जानकारी र कर्तव्यको हिसाबले सब भन्दा राम्रा हुन्। र, अल्लाहले यीनीहरुलई झुठो र बैइमानी र पैगाम पुगाउँनेमा कमी बाट बचायेको हो। अल्लाहको भनाइ छ्। कि (( र कुनै रसूललाई अल्लाहको अनुमति बिना कुनै पनि निशानी (चमत्कार) ल्याउने अधिकार थिएन। )) सूरह अर्-रअद-38

र, ऊनी सबै माथि ईमान राखने अनिवार्य हो। त जसले उनीहरुमध्ये कसैमाथि ईमान ऱाखे र कसैलाई इन्कार (कुफर-अस्वीकार) गरिदिऐ यसो गरि उनीहरु इस्लाम दीन बाट निस्कनु भऐ। अल्लाहको कथन हो। ((निस्सनदेह ती मानिसहरु जो अल्लाह एवं उनका रसूलहरुलाई इन्कार गर्दछन् र अल्लाह एवं उनका रसूलहरुबीच विभेद खडा गर्न् चाहन्छन् र भन्दछन्- हामी कुनै रसूलमाथि ईमान राख्दछौं र कसैलाई इन्कार गर्दछौं, तिनीहरु दुवै बीचबाट कुनै निकास निकाल्न चाहन्छन्। तिनीहरु वास्तवमा पक्का काफिर हुन् र काफिरहरुकालागि हामिले अपमानजनक यातना तयार पारेका छौं।)) सूरह अन्-निसा 149-151

र, अल्लाहले हामीहरुकोलागि पचीस (25) वटा रसूल र नबीहरुको नाम बयान गरेकाछन्। अल्लाहको भनाई हो। (( र,यो हाम्रो त्यो तर्क हो जो हामीले इब्राहीमलाई उनका जातिका मानिसहरुविरुद्ध प्रदान गर्यौं। हामी जसलाई चाहन्छौं त्यसको स्थान उच्च पार्दछौं। निस्सन्देह तिम्रा स्वामी तत्त्वदर्शी एवं सर्वज्ञ छन्। अनि, हामीले इब्राहीमलाई इस्हाक तथा याअकूब प्रदान गर्यौं। सबैको पथप्रदर्शन गर्यौं र नूहलाई पनि हामीले यस भन्दा अधि मार्गदर्शन गरेका थियौं तथा उनका सन्तानहरुमध्ये हामीले दाऊद ,सुलैमान, ऐययूब, यूसुफ, मूसा एवं हारुनलाई पनि। यसरी नै हामी सुकर्मीहरुलाई प्रतिदान प्रदान गर्छौं। ज़करीया, यहया, ईसा,तथा इल्यासलाई पनि (सत्यमार्ग देखायौं)। यी सबैलाई सत्कर्मीहरुमध्ये थिए। इस्माईल,अल-यसअ , यूनुस र लूतलाई पनि (सत्मार्ग देखायौं) सवैलाई हामीले संसारबासीहरुमाथि प्रधानता प्रदान गर्यौं।)) सूरह अल्-अन्आम 83-86

र, अल्लाहले आदम अलैहिस्सलामको बारेमा भन्नु भऐ को छ। (( अल्लाहले आदम, नूह, इब्राहीमका सन्तानहरु र इमरानका सन्तानहरुलाई सम्पूर्ण मानवजातिकालागि चयन गरेका थिए।)) सूरह आले इमरान्-33

र, अल्लाहले हूद अलैहिस्सलामको बारेमा भन्नु भऐको छ। ((र, हामीले आदतर्फ उनका भाइ हूदलाई पठायौं । उनले भने- हे मेरा जातिबन्धुहरु हो! अल्लाहको उपासना गर। उनीबाहेक तिम्रो कोही उपास्य छैन।)) सूहर हूद-50

र, अल्लाहले सालेह अलैहिस्सलामको बारेमा भन्नु भऐको छ।

((र, समूदतर्फ उनका भाइ सालेहलाई पठायौं उनले भने. हे मेरा जातिबन्धुहरु हो! केवल अल्लाहको उपासना गर। उनीबाहेक तिमीहरुका कोही उपास्य छैनन्।)) सूरह हूद 61

र, अल्लाहले शुऐब अलैहिस्सलामको बारेमा भन्नु भएको छ।

((र, मदयनतर्फ उनका भाइ शुऐबलाई पठायौं उनले भने. हे मेरा जातिबन्धुहरु हो! केवल अल्लाहको उपासना गर। उनीबाहेक तिमीहरुका कोही उपास्य छैनन्।)) सूहर हूद 84

र, अल्लाहले इद्रीस अलैहिस्सलाम को बारेमा भन्नु भएे को छ।

(( र, इस्माईल, इद्रीस तथा जूल्किफ्ललाई पनि स्मरण गर। यीनीहरु सबै संयमी व्यक्तिहरु थिए।)) सूरह अल-अम्बिया 85

र, अल्लाहले मुहम्मद सल्लाहलु अलैहि व सल्लम को बारेमा खबर दिन्दै भन्दछ कि उनी अन्तिम र समापक दूत्त हुन्। अब यीनी पछि प्रलयसम्म कोही नबी र दूत्त आउँदैन्न।((मुहम्मद तिमीहरुमध्ये कुनै पुरुषका पिता होइनन् तर उनी अल्लाहका रसूल एवं नबीहरुका समापक (अन्तिम नबी) हुन्। )) सूरह अल्-अह्जाब 40

र, मुहम्मद सल्लाहु अलैहि वसल्लमको यो दीन (धर्म) मज़हब अथवा धर्म को पूर्णता र समापक हुन्। र, त्यो पूर्ण सत्य धर्म हो जसको अनुसरण अनिवार्य हो। जुन प्रलयसम्म कायम रहनेछैं।

र, उनी रसूलहरु अल्लाहको निमन्त्रण मानिसतिर पुगाउँको लागि शक्तिवाण र अटलतावाण दूत्तहरु थिऐ। नूह, इब्राहीम, मूसा,ईसा एवं मुहम्मद उनीहरुमाथि शान्तिहोस्। अल्लाहको भनाइ छ कि।((र,-हे नबी- स्मरण गर त्यो प्रतिज्ञालाई जुन हामीले सबै नबीहरुसित, तिमीसित, नूह, इब्राहीम, मूसा,र मर्यम-पुत्र ईसासित लिएका थियौं।)) सूरह अल्-अहजाब 7

## रसूलहरुमाथि ईमानका लाभहरुः

1-अल्लाहले आफ्ना सेवकहरुमाथि प्यार , कृपा र दयाको कारण उनीहरुकोलागि ग्रन्थ पुस्तक अवतरित गरे।

2-साँचो ईमानदार (मुअमिनहरु) लाई छाट्ने किनभने उनीहरुले अल्लाह को पुस्तकमाथि ईमान लिआउनु भऐ। जसमाथि ईमान राखने अनिवार्य थिऐ। र यस को सँग सँग अर्को आकाशीय पुस्तकहरुमाथि पनि ईमान लिआउनु भऐ। जस को खूश्खब्री (शुब संदेश) र, त्यसको दूत्तको खूश्खब्री उनीहरुका पुस्तकमा थिऐ।

3- अल्लाहले आफ्ना सेवकहरुकालागि पुण्यहरु दोगुना गरिदिन्छ्। किनभने जुन यस ग्रन्थ कुरआनमाथि ईमान लिआउनु भऐ। र जुन पनि त्यस पछि पुस्तकहरुमध्ये अवतरितभऐ तो उसैमाथि पनि ईमान लिआउनु भऐ त उन लाई दुई चोटी पुण्य मिल छ्।

## प्रलयको दीनमाथि इमान राखनेः

यो इतेकाद (विश्वास) राखने कि कुनै न कुनै दिन त्यो संसारिक जीवन समाप्त र विनष्ट भऐ हाल्छ् अल्लाहको भनाई हो।((धर्तीमा बस्ने सबै प्राणीहरु विनष्ट हुनेछन्। केवल तिम्रा उच्चतम तथा महानतम पालनकर्ता को अस्तित्व बाँकी रहनेछ्।)) सूरह अर्रहमान-25-26

र जब अल्लाह यो संसारलाई विनष्ट गर्ने चाहनछौ। इस्राफील अलैहिस्सलामलाई सूर फुकिकन को लागि आदेश दिन्छौ। फेरी

सम्पूर्ण सृष्टीहरुको मृत्यु भई हालछ्। फेरी दोस्रो चोटि सूर फुकेपछि सम्पूर्ण मानवहरु आफ्ना कब्रहरुबाट खड़ा हुन्छौं। र आदम अलेहिस्सलाम देखि सम्पूर्ण शरीरहरु एकट्ठा भई हालछ्। अल्लाहको भनाई हो। ((अनि सूर फुकिनेछ् तब आकाशहरु तथा पृथ्वीका सबै प्राणीहरु मरेर ढल्नेछन् ती वाहेक जसलाई अल्लाह चाहन्छन्। फेरि अर्को सूर फूकिनेछ् अनि सवै स्वस्फूरत रुपमा हेर्दै खड़ा हुनेछन्।)) सूरह अज्जुमर् 68

प्रलयमाथि इमान लिआउनेको अर्थ योहो कि अल्लाहको सम्पूर्ण वस्तुहरुमाथि इमानलआउने जसको बारेमा अल्लाहले आफ्ना कुराआन र मुहम्मद सल्लाहु अलैहि व सल्लमले हदीसमा मृत्यपछि को बारेमा खबर दिऐ को हो।

1-ब्रज़खीय जीवनमाथि इमान राखने। ब्रज़ख त्यो मानवको मृत्यदेखि प्रलयकायम हुने सम्मको जीवन हो। यसमा मुअमिनहरु (आस्थावानहरु) खूशहाल हुन्छन्। र काफिरहरु यातनाको हालतमा हुन्छन्। अल्लाहको भनाई छ्। कि ((.फिरऔनका मानिसहरुलाई निकृष्ट प्रकोपले घेर्यो। आगो- जहाँ तिनीहरुलाई विहानी र वेलुकी पेश गरिन्छ्। र, जुन दिन महाप्रलय हुन्छ् त्यस दिन भनिनेछ्। फिरऔनका मानिसहरुलाई कठोर यातनामा हाल।)) सूरह गाफिर 45

2-मृत्यपशचात् बायस (उठने) माथि इमान राखने, र, यो त्यो दिन हो जसमा अल्लाहले सम्पूर्ण सृष्टीहरुलाई नांगोहालतमा उठाउनेछन्। अल्लाहको भनाई छ्। कि ((काफिरहरुले मृत्यपश्चात् कदापि उठाइने छैन्। भनिदेऊ- किन नउठाइनु, मेरा रबको कसम! तिमीहरु अवश्य उठाइनेछैं। अनि तिमीहरुलाई तिमीहरुले गरेका कार्यहरुबारे बताइनेछ् र यो अल्लाहको लागि सरल छ्।)) सूरह अत् तागाबुन-7-

❖ मृतभुमीलाई जीवंदा गरेपछि फेरि यसमा वनस्पतिहरु उगाउँन छन्। अल्लाहको कथन हो। कि ((तिमी देख्दैछौ कि भूमि सुक्खा हुन्छ तर जब हामी पानी बर्षाउँछौं तब त्यो लहलहाउँछ र फूल्छ अनि विभिन्न किसिमका सुन्दर द्श्य भएका वनस्पतिहरु उब्जाउँछ। यो यसले कि अल्लाह नै नितान्त सत्य छन्। उनैले मृत्यहरुलाई जीवित पार्छन् र उनी प्रत्येक कार्यको सामर्थ्य राख्छन्। अनि महाप्रलय आउने नै छ। यसमा कुनै सन्देह छैन। र, अवश्य नै अल्लाहले चिहानमा रहेका सम्पूर्ण मानिसहरुलाई (जीवित पारेर) उठाउनेछन्।)) सूरह अल्-हज्ज 5-7

❖ आकाशहरु र पृथ्वीहरुको सृष्टीको बारेमा सोंचने जुन मानवको सृष्टीभन्दा ठूलो हो। अल्लाहको भनाई छ। कि (( के यिनीहरु देख्दैनन् कि जुन अल्लाहले आकाशहरु तथा पृथ्वीलाई सृष्टि गरे र तिनीहरुको सृष्टि गर्नेमा थाकेनन् उनै अल्लाह मुर्दाहरुलाई पनि जीवित पार्ने सामर्थ्य राख्दछन्? किन नराखनु, उनी प्रत्येक कार्यको सामर्थ्य राख्दछन्।)) सूरह अल्-अहकाफ 33

❖ मानवको सुतने र जागनेको बारेमा सोंचने जुन मृत्यपछि जीवितको बराबर हो। र यस लाई मृत्य भन्छन्। अल्लाहको भनाई हो। ((ती अल्लाह नै हुन् जसले मृत्युको बेला प्राणहरुलाई पूर्णतः ग्रस्त गर्छन् र नमरेकाहरुको प्राण निन्द्रमा ग्रस्त गर्छन्। अनि जसमाथि उनले मुत्युको फैसला लागू गर्छन् उसको प्राण आफूकहाँ रोकेर राख्छन्। र वाँकी प्राणहरुलाई एउटा निश्चित समयकालागि छोडिदिन्छन्। वास्तवमा मनन् गर्नेहरुकालागि यसमा निशानीहरु छन्।)) सूरह अज्जुमर् 42

❖ मानिसको प्रथम सृष्टिको बारेमा सोंचन बिचार गर्ने। अल्लाहको भनाई हो। (( र, उसले हाम्रोलागि उदाहरण दिन् थाल्यो

अनि आफ्नो सृष्टि बिर्सियो। भन्यो  यी सडेगलेका हाडहरुलाई कसले जीवित पार्न सक्छ? भनिदेऊ- तिनलाई उनैले जीवित पार्नेछन् जसले तिनलाई पहिलोपटक सृष्टि गरेका थिए। उनी प्रत्येक सृष्टिका ज्ञाता हुन्।)) सूरह या, सीन,-78-79

3- अल्लाह तिर हश्र (एकत्रित) र अर्ज (पेश) हुने माथि इमान राखने। जहाँ अल्लाह सम्पूर्ण मानवहरुलाई हिसाबको लागि र उनीहरुका कार्य पेशगर्नेकोलागि इकठ्टा गर्छ् अल्लाहको भनाई छ्। कि (( त्यस दिनको कल्पना गर जुन दिन हामी पहाड़हरुलाई हिंडाउनेछौं र तिमीले धर्तिलाई नाग्ङो चौर  देखनेछै अनि तिनीहरुलाई घेरेर यसरी एकत्रित गर्नेछौं कि तिनीहरुमध्ये कोही पनि छुट्ने छैन. ।

अनि तिनीहरु सबै तिम्रा रबसमक्ष पंक्तिबद्ध पेश गरिनेछन्। तिमीहरु हामीसमक्ष त्यसरी नै आएका छो जसरी हामीले तिमीहरुलाई पहिलो पटक सृष्टि गरेका थियौं। बरु तिमीहरुले ठानेका थियौ कि हामीले तिमीहरुकालागि वाचाको समय निश्चित गर्ने नै छैनौं।)) सूरह अल कहफ 47-48

4- अंगहरुका साक्षिक्तामाथि इमान राखने। अल्लाहको भनाई हो। ((यहाँसम्म कि जब तिनीहरु नरकनजिक पुग्नेछन् तब तिनीहरुविरुद्ध तिनका कान, आँखा र छालाले तिनीहरुका कर्महरुको गवाही दिनेछन्। यिनीहरुले आफ्ना छालालाई भन्नेछन्- तिमीहरुले हामीविरुद्ध किन साक्षी दियौं? तिनीहरुले उत्तर दिनेछन्- हामीलाई उनै अल्लाहले बोल्ने शक्ति प्रदान गरे जसले हरेक चिज़लाई बोल्ने शक्ति प्रदान गरे उनैले तिमीहरुलाई पहिलो पटक सृष्टि गरे र उनैतर्फ तिमीहरु सबैने फर्केर जानुछ्। र तिमीहरुका कान, आँखा, छालाले तिमीहरुविरुद्ध साक्षी दिनेछन् भनी सोचे र तिमीहरु लुक्देनथ्यौ । बरु तिमीहरुले यो ठानेका

थियौ कि तिमीहरुले गर्ने गरेका धेरै कार्यहरुसँग अल्लाह नै अवगात छैनन्।)) सूरह फुस्सेलत 20-22

5- प्रलयको दिन प्रशनहुने माथि विश्वास गर्ने., अल्लाहको भनाई छ्। कि ((र,तिनीहरुलाई रोक। तिनीहरु अवश्य नै सोधिनेछन्। तिनीहरुलाई के भयो कि तिमीहरु एक-अर्कालाई सहयोग गर्दैनौं। बरु आज तिनीहरु त समर्पित छन्।)) सूरह अस् साफ्फात 24-46

6- प्रलयको दिन पुल सेरात़ (सिधो पुल) माथि हिड़ने र उसलाई पार गर्नेमा विश्वास गर्ने। अल्लाहको कथन हो।

((र, तिनीहरुलाई आदेश दिनेछौं। तिमीहरुमध्ये प्रत्येकले त्यसलाई पार गर्नुपर्छ्। यो तिम्रा रबको अटल निर्णय हो। अनि हामी ईश्भय राखनेहरुलाई त बचाउनेछौं तर अत्याचारहरुलाई चाहिँ घुँडा टेकेकै अवस्थामा छोडिदिनेछौं।)) सूरह मर्यम71-72

7- कार्यहरुको तौलमाथि विश्वासगर्ने। फेरी सुकर्मीहरुलाई उनका इहसान (सदव्यवहार) र इमान र दूत्तहरुका अनुसरणको बदला मिलछ्। र कुकर्मीहरुको पाप र कुफ्र र रसूलहरुका अवज्ञाका कारण सजा (यातना) मिलछ्। अल्लाहको कथन हो। ((र, महाप्रलयको दिन हामी ठीक-ठीक जोखने तराजु राखिदिनेछौं। अनि कसैमाथि अलिकति पनि अन्याय हुने छैन। र , एउटा रायोको दाना बराबर –कर्म- भए पनि हामीले त्यसलाई ल्याउनेछौं।र, हिसाब लिनकालागि हामी पर्याप्त छौं।)) सूरह अल-अम्बिया 48

8- सुहुफ (कर्मपत्र) र पुस्तकहरु फैलाउनेमाथि विश्वास गर्ने। अल्लाहको कथन हो। ((जसलाई उसको कर्मपत्र उसको दाहिने हातमा दिइनेछ्। त्यससँग सरल रुपमा हिसाब लिइनेछ्। र, ऊ आफ्ना आफ्नतहरुकहाँ हर्षोल्लासका साथ फर्कनेछ्। तर जसलाई उसको

कर्मपत्र पिठयूँपछाडिबाट दिइने। उसले मृत्युलाई डाक्नेछ्। र, ऊ दन्कँदो अग्निमा पुग्नेछ्।)) सूरह अल्-इन्शिकाक 7-12

9- र, बदलामा स्वर्ग र नर्क मिलने छ्। त्यसमाथि विश्वास गर्ने कि त्यो सर्वसदा रहनेछ्। अल्लाहको कथन हो। ((निस्सन्देह अहले-किताब र मुश्रिकहरु (बहुदेववादहरु) मध्ये कुफ्र गर्ने व्यक्तिहरु नरकको आगोमा होमिनेछन्। जहाँ तिनीहरु सदा रहनेछन्। तिनीहरु नै हुन् दुष्टतम प्राणी। निस्सन्देह जसले ईमान  ल्याए र सत्कर्म गरे उनीहरु नै सर्वश्रेष्ठ प्राणी हुन्। यस्ता व्यक्तिहरुको प्रतिदान उनका पालनकर्तासमक्ष सदा रहने बगैंचाहरु हुन् जसको तलतिरबाट नहरहरु बगिरहेका हुनेछन् जहाँ उनीहरु सदासर्वदा रहनेछन्। अल्लाह उनीहरुसित प्रसन्न भए र उनीहरु अल्लाहसित खुशी भए। यो उसको निम्ति हो जो आफ्ना पालनकर्तासित डराउने गर्छ्।)) सूरह अल् बैयिनह् 6-8

10-  होजे कौसर ( एउटा नामी कुंड हो जुन मुहम्मद स, को प्रलयको दिन मिल छ्) र शफाअत (सिफारिस) माथि विश्वास गर्ने।. जसरी के नबी सल्लल्लाहु अलैहि व सल्लम ले खबर दिएकोछ्।

## प्रलयको दिनमाथि ईमान राखनको लाभहरुः

1-प्रलय को दिनकोलागि सतकर्म र पुण्य गरेर तयार हुने। र प्रलय को दिनको यातनाबाट डरेर कुकर्महरुलाई छाडिने। र त्यस बाट बाँचने।

2-आस्थावानहरु को लागि प्रसन्नता यो हो कि उनीहरु जुन पनि संसारिक लाभहरु मध्ये चुकने छन्। त्यस को बदला , पुण्य र सवाब प्रलयमा पाइहालछ्।
3- साँचो ईमानदार (मुअमिनहरु) लाई छाट्ने।

## कजा़ र कद्रमाथि विश्वास गर्नेः

र,त्यो विश्वास गर्ने कि अल्लाहिलाई अज्जलको त्यो वस्तुहरुको हुने अधि थाहा छ्। र जुनपनि व्रतमान कालमा हुन्छन् त्योलाई पनि थाहा छ् । फेरी अल्लाहले ऊलाई आफ्ना जानकारि र शक्ति को कारण इजाद (पैदा-अविषकार) गर्छ्।((हामीले प्रत्येक वस्तु एउटा निर्धारित रुपमा सृष्टि गरेका छौं।)) सूरह अल् कमर 49
तर सम्पूर्ण वस्तु जुन यस संसारमा बितेको छ्। या बितिरहेको छ्। या बितछौं। अल्लाहलाई तैसको बितने अधि थाहाछ्। रसूल सल्लल्लाहु अलैहि वसल्लमको कथन हो।(( कुनै पनि सेवक सम्पूर्ण आस्थावाण हुनसक्दैन जैले सम्मके राम्रो र नराम्रो भाग्यमाथि ईमान नलिआऊ।)) सुनन् तरमिजी हदीस संख्या 2144

र, इस्लाम असबाबहरु (माध्यमहरु) प्रयोग गर्ने र त्यस अनुसार कर्तव्य गर्न्को बिरोध होइन। जसरीके उदाहरण होः जसले सन्तान चाहिन्छ् भने ऊलाई कर्तव्य र कारणहरुलाई अपनाउन् अनिवार्य हुन्छ्। जसबाट के तिनीहरुका चाहना पुरा भऐहालछ्। र त्यो विवाह हो जसबाट चाहँदो अनुसार परिणाम (नतिजा) प्राप्त हुन्छ्। र, त्यो सन्तानहरु छन्। र, कहिले त्यसको परिणाम अल्लाहको मशीअत

(चाहना) ले प्राप्त हुँन्दैन। किनभने असबाबहरु (कारणहरु) अल्लाहका चाहना अनुसारै वजूद (अस्तित्व) मा आउँने छ। र, अल्लाहकै चाहना अनुसार हामीहरु त्यो कारणहरुलाई पकडे र त्यसमाथि कार्यरित हुन्छौ। किनभने रसूल सल्लाल्लहु अलैहि वसल्लमले आफ्ना साथीहरुलाई व्याख्या गर्दै भन्दैछन्। जहिले उनीहरुले वाहाँ सँग सोधेः((यो औषधिहरु जसबाट हामीहरु उपचार गर्छौं। र, यो तावीज गन्डाहरु जसबाट हामीहरु झारफुँक गर्छौं। त्यसको विषयमा तपाई को के विचार हुनु हुन्छ? के त्यो तकदीर (भाग्य) लाई लौटाए हाल छ? तब तपाईले उत्तर दिनु भऐ किः त्यो अल्लाहकै चाहना अनुसारनै हो।)) र, भुक , प्यास र जाडो तकदीर (भाग्य) मध्ये हो। मानवहरु भुकलाई खाऐर भुक मिटाउँने छन्,र प्यासलाई पानी खाऐर प्यास बुझाउँने छन् ,र ठन्डलाई गर्मी प्राप्त गरेर दुर गरिन्छन्। त उनीहरु भुक, प्यास र ठन्डको तकदीरलाई खाने, पिउने र गर्मी प्राप्त गर्नेको तकदीरमाथि कार्यरित भएर दुरगरिन्छन्। तर उनीहरु तकदीरको तकदीर बाटै दुरगरिन्छन्।

## कजा र कदरमाथि ईमान राखनको लाभहरुः

❖ तकदीर बाट राजी भएपछि दिल र हृदयको आराम र सकून मिलछ। र, केहि प्राप्त भए र नभए पछि दुःख र खिन्न बाँकी रहदैन।

र, यो कसैमाथि लुके को छैन। कि जुन बेचैनीको हालतम हुन्छन्। ऊलाई घेरै मान्सिक्त दुःख रोगहरु लागे हालछ। र यसको प्रभाव शरीरहरुमाथि उलटो पर्छ। जसरी के अल्लाह तआलाले ईमान बिलकदर र कजामाथिको बारेम खबर दिन्दैभन्दछ। ((पृथ्वी वा स्वयं तिमीहरुमाथि जे सङ्कट आउँछ त्यो हामीले अस्तित्वमा ल्याउनुअघि नै एउटा विशेष पुस्तकमा अङ्कित गरेका छुँ। यो अल्लाहको लागि

एकदमै सहज छ। ताकि तिमीहरु आफूले गुमाएको वस्तुप्रति दुःखित नहोऊ र अल्लाहले तिमीहरुलाई प्रदान गरेका वस्तुहरूप्रति घमण्ड नगर।र, अल्लाह यस्ता घमण्डी एवं सेखी व्यक्तिलाई मन पराउँदैनन्)) सूरह अल् हदीद 22-23-

❖ र, त्यो ज्ञान र अल्लाहले जुन पनि यस संसारमा उत्पादनगरेका छ् त्यसको खोजी तिर निमन्त्रण दिन्छ्। जसरी के मानवलाई तकदीरमध्ये जुन लाग छ् कि त्यो रोग हो र त्यही नै तकदीर हो। मानव यसको उपचारकोलागि औषधिहरु खोजेर दुर गरिन्छ्। त त्यो रोग प्रथम तकदीर हो। र उपचार दोस्रो तकदीर हो। र, अल्लाहले यस्तै तकदीरलाई यो संसारमा पैदागरेकाछन्।

❖ त्यो तकदीर मानवको संकटहरुलाई कम गर्छ् जसरी के कसैलाई व्यापारमा घाटा भयो भने यो एउटा संकट हो। फेरी ऊलाई यसबारेमा सोंच, दुःख गर्यो भने दुई वटा संकट भइहालछ्। एउटा घाटाको र अर्को सोंच र दुःखको। तर जसले कजा़ र कदर (भाग्य) माथि विश्वास गरे। उनी पहिलो घाटो बाट राजी खूशी प्रक्ट गर्छन् किनभने त्योलाई थाहा छ् कि यहि उसको भाग्यमा थिऐ। दूत्त मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भनिरहेको छ्।((शक्तिवान आस्थावानहरु अल्लाहको नजिक कमजो़र आस्थावानहरुको मुकाबलामा राम्रो र प्यारो हो।र, सबैमा अच्छाईहरु छन्। लाभदायकको इच्छागर्। र, अल्लाहसित सहायता मांग। त्रुटि न हो।र, अनि तपाईलाई कोहि

संकटलागेपछि यो न भन्नुस् कि मैले यसतो यसतो गरेका हुन्थी । तर भन्नुस् कि अल्लाहले त्यो भाग्य दिएको हो। र त्यसको चाहना अनुसार नै भऐको छ्।)) सहीह मुस्लिम जिल्द 4 हदीस संख्या 2664

भाग्यमाथि ईमानको अर्थ यस्तो होईन जस्तो के केहि व्यक्तिले गुमान गरे को हो कि त्यो भरोस कार्य र कारणहरुलाई छाड़नेतिर

निमन्त्रण दिन्छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमसित एउटाव्कत्तिले सोधे। ((के हामी आफ्ना ऊँटलाई यस्तो छाडेर भरोसा गरौं? रसूल स,ले भन्नु भऐ कि ऊलाई बाँध फेरि भरोसा गर्।)) सहीह इब्ने हबान हदीस संख्या-731-

## कर्तव्य र कथ्नीय उपासनाहरु जसलाई इस्लामका स्तमभहरु पनि भनिन छन।

र,त्यो खास विषयहरु छन्। यसैबाट व्यक्तिको मुस्लिम र गैरमुस्लिम हुन्का आदेश जारी हुन्छ। र, त्यो स्तमभहरुमध्ये कथनीय स्तमभ हुन्छ। त्यो दुई वटा साक्षी (शहादतान) हुन्। त्यसमध्ये केहि शरिरीक हुन्छ। जुन नमाज र व्रत (रोजा) हुन् र, त्यसमध्ये केहि आर्थिक हुन्छ जुन ज़कात (धार्मिक दान) हो। र, त्यसमध्ये केहि शरीरीक र केहि आर्थिक हुन्छ। र त्यो हज्ज हो।र इस्लामले आफ्ना अनुसर्णकर्ताहरुलाई त्यो स्तमभहरुमाथि कार्यरित भएर सक्कलि आदेश चाहनेछ्, तर उनीहरुका ह़दयहरु र दिलहरुलाई त्योमाध्यमबाट पवित्र र ठोस् गरिन् चाहन् छ्। र , इस्लाम त्यो स्तमभहरुलाई व्यक्ति र समाजको सुधार र कायमकोलागि एउटा माधियम बनाऐकोछ्। अल्लाहको भनाई हो।((निस्सन्देह नमाजले अशलील कार्य एवं नराम्रो कुराबाट रोकदछ्। )) सूरह अन्कबूत् 45

र,ज़कातको विषयम अल्लाहको कथन हो।((हे नबी उनीहरुको धनबाट- सदका- दान स्वीकार गर। यसद्धरा उनीहरुलाई तिमी पवित्रता र शुद्धता प्रदान गर्छौं।)) सूरह अत् तौबा 103

र, रोजाहरु (व्रतहरु) को विषयमा अल्लाह को भनाइ हो। ((हे आस्थावानहरु हो! तिमीहरुमाथि व्रत (रोजा) अनिवार्य गरिएको छ जसरी तिमीहरुभन्दा अधिका मानिसहरुमाथि अनिवार्य गरिए को थियो। आशा छ कि तिमीहरुभित्र ईश-भय उत्पन्न हुनेछ।)) सूरह अल् बकरह 183

त्यसको पालन र अभ्यास पापहरुबाट रोकिन्छ। र, त्यसको व्यख्या रसूल सल्लल्लाहु अलैहिवसल्लमले व्रतको विषयमा भनेको त्यो कुराबाट थाहाहुन्छ।(( जसले झुट् र त्स कार्य र मुर्खय्ता छाडेन। त अल्लाहकोलागि यस्तो व्यक्तिको जरुरत छैन कि उनी आफ्ना खान र पिन छाडौं।)) सहीह बुखारी हदीस संख्या 5710

र अल्लाहले हज्जको विषयमा भनेको हो((हजका महिनाहरु प्रख्यात छन् तसर्थ जसले यी महिनाहरुमा हजको निश्चय गर्छ उसले हजका दिनहरुमा न सम्भोग गरोस् न अनैतिक कार्य गरोस् र न लडाई-झगडा नै गरोस्।)) सूरह अल् बकरह 197

इस्लाममा राम्रो प्राकृतिक कायम गर्नेमा इस्लामी पूजाहरुको ठूलो किरदार छन्। इस्लामका स्तम्भहरु तल छन्।

## पहिलो स्तम्भः दुईवटा साक्षी दिने।

त्यो यो साक्षी दिने कि सत्य इशवर अल्लाहबाहेक कोही छैन। र, यो पनि साक्षि दिने कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम अल्लाहका दूत्त र सेवक हुन्।

यो कथ्नीय स्तम्भ हो। र यो इस्लाममा प्रवेश गर्न कोलागि सांचो हो। यसैमाथि अर्को स्तम्भहरु कायम छन्।

**"ला ईलाह इल्ल ललाह" को अर्थ।**

यो साक्षी दिने कि सत्य ईशवर मात्र एक अल्लाह नै हो।
यो तौहीद (एकेशवरवाद) को शब्द हो।यसै कारण अल्लाह तआलाले सम्पूर्ण सृष्टिहरुलाई पैदा गरे। र नर्क र स्वर्ग लाई पनि पैदा गरे। अल्लाहको कथन हो।((र, मैले जिन्न तथा मानवलाई केवल आफ्नो उपास्नाकोलागि सृष्टि गरेको हुँ।)) सूरह अल्-ज़ारीयात 56
यहि निमन्त्रण सम्पूर्ण नबी र रसूलको हो।नूह अलैहिस्सलाम देखि अन्तिम दूत्त मुहम्मद सल्लाहु अलैहि वसल्लम सम्म अल्लाहको भनाई हो।((र हामीले तिमीभन्दा पहिले जति पनि रसूल पठयौं उनीहरु सबैलाई यही वहय गयौं कि म बाहेक अन्य कोही पूज्य छैन। अतः केवल मेरो उपासना गर।)) सूरह अल-अम्बिया 25

**त्यसको अर्थातः**

यस धर्तीको अल्लाहबाहेक कोही सृष्टिकर्ता, मालिक र मुतसर्रिफ (चालाउनेवाला) छैन। र, सत्य पूज्य अल्लाही हुनुन्छन्। उनमा राम्रो विशेष्ताहरु छन्। र सम्पूर्ण कमीबेशी र घृष्टबाट पवित्र छन्।

**"ला ईलाह इल्ल ललाह" को चाहनाहरुः**

1- यो जानकारी राखने की अल्लाहबाहेक सम्पूर्ण पूज्यहरु झुठो र बातिल हो। सत्य पूज्य अल्लाही हुन् जसकोलागि सम्पूर्ण पूजाहरु गर्न जायज हो। जसरीके नमाज, बिन्ती,वर्त, आशा, र नज्र (भेंट चरहाउने)

आदि। अल्लाहबाहेक कसैकोलागि यो पूजाहरु गर्न जायज होइन। चाहे त्यो  नबी र रसूलहरु (दूत्तहरु) र अल्लाहका नजिकि फरिशताहरु

किन्न हो जसले अल्लाहबाहेक कसैको पूजा गरे ऊनी काफिर (नास्तिक) हुन्। चाहे उनी कलमा पड़ेकी किनहोस्।

2-ठोस् विश्वास राखने। जसमा केहि शक (शंड्का) बाकी न रहोस्। अल्लाहले भनेको हो। ((वास्तवमा आस्थावान त ती व्यक्तिहरु हुन् जसले अल्लाह तथा उनका रसूलमाथि ईमान ल्याए। अनि उनीहरुले कुनै शङ्का गरेनन् र आफ्नो जीउज्यान तथा धन-सम्पत्तिबाट अल्लाहको मार्गमा जिहाद गरे। उनीहरु नै सच्चा हुन्।)) सूरह अल्- हुजुरात 15

3-त्यसलाई स्वीकार गर्ने। इन्कार (अस्वीकार) न गर्ने। अल्लाहले भनेको हो।((जब तिनीहरुलाई भनिन्थ्यो कि अल्लाहबाहेक अन्य कोही उपास्य छैन तब तिनीहरु घमण्ड गर्ने गर्थे।)) सूरह अस्-साफ्फात 35

4-त्यसको चाहना अनुसार कार्यहरु गर्ने।अथवा अल्लाहले जसका आदेश दिएको छ त्योलाई गर्ने। जसबाट रोक ने  छ त्यसलाई छाड्ने। अल्लाहको भनाई छ। ((जसले आफ्ने अनुहार पूर्ण रुपले अल्लाहतर्फ फर्काउँछ र परोपकारी पनि छ भने वास्तवमा उसले भरोसायोगय सहारालाई समात्यो र सम्पूर्ण मामिलाहरुको अन्तिम निर्णय अल्लाहकै हातमा छ।)) सूरह लुकमान 22

5- उनी यस साक्षिमा साँचो हुनु पर्यो। अल्लाहले भनेको हो। ((तिनीहरु मुखले त्यो भन्छन् जुन तिनीहरुका हृदयहरुमा छैन।)) सूरह अल फतह 11

6- एक अल्लाहको पूजामा मुखलीस (शुद्ध) बनोस् अल्लाहले भनेको हो। ((आदेश त तिनीहरुलाई यही थियो कि आफ्नो धर्मलाई अल्लाहको लागि शुद्ध पारेर एकग्र भई उनको उपासना गरुन्।))

सूरह अल्- बैयिनह् 5

7- अल्लाहसित प्रेम राखने र त्यसको रसूल, वली (मित्र) र आस्थावानहरुसँग प्रेम राखने। र त्यसको शत्रुहरुसित नफरत र घृणा

गर्ने। र अल्लाह र त्यसको रसूलहरुको प्यार र मुहब्बत सम्पूर्ण वस्तहरुबाट अगाडि राखने। अल्लाहले भनेको छ। ((हे सन्देष्टा हो! भनिदेऊ-"यदि तिम्रा पिता , सन्तान, दाजुभाइ, दम्पत्ति, नातेदार, तिमीहरुले आर्जन गरेका सम्पत्ति , त्यो व्यापार जसमा मन्दी हुनबाट डराउँछौ अनि तिमीहरुले मन पराएका घरहरु (यी सबै) अल्लाह, उनका रसूल र उनको मार्गमा युद्ध गर्नु (यी सबै) भन्दा बढी मन पर्छ भने अल्लाहले आफ्नो निर्णय पठाउञ्जेल पर्ख्।)) सूरह अत्-तौबा 24

र, त्यसको चाहनाहरुमध्ये पूजा को अधिकार छ र व्यक्तिगत् र समाजिकत् व्यवहाहरुमा अधिकार छ्ो। र हलाल (वैध) र हराम (अवैध) अल्लाहिकोलागि छन् जसलाई आफ्ना नबीहरु मध्ये व्यख्या गरेको छ। अल्लाहले भनेको छ। (( रसूलले तिमीहरुले जेजति प्रदान गर्छन् त्यसलाई ग्रहण गर र जुन कुराबट उनले तिमीहरुलाई रोक्छन् त्यसबाट रोकिने गर्।)) सूरह अल्-हश्र 7

## कलेमा –अन्ना मुहम्मदुर्रसुल्लाहको – अर्थ

<u>यो साक्षी दिने कि मुहम्मद अल्लाहको दूत्त हुन्</u>

❖ मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको आदेशहरुको अनुसर्ण गर्ने। जस वस्तुहरुको खबर दिएको छ त्यसलाई साँचो जान्ने। जसबाट रोकेको छ त्यसबाट बाँच्ने र दूर रहने। अल्लाह तआला भन्दै छन्। ((जसले ईश्दूतको आज्ञापालन गर्यो निशचय नै त्यसले अल्लाहको आज्ञापालन गर्यो,)) सूरह अन्-निसा 80

**र त्यसको चाहना त्यो होः**

❖ उनका रेसालत (दूत्तव्) माथि विश्वास गर्नै। र यो पनि विश्वास गर्ने कि उनी अन्तिम रसूल र समापक नबी र सबै भन्दा श्रेष्ठ नबी हुन्। उनि पछि कोहि नबी र रसूल आउँदैन्न्। अल्लाह तआलाको

भनाइ हो। (( मुहम्मद तिमीहरुमध्ये कुनै पुरुषका पिता होइनन् तर उनी अल्लाहका रसूल एवं नबीहरुका समापक (अन्तिम नबी) हुन्।)) सूरह अल- अहजाबे 40

❖ यो विश्वास गर्ने कि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले अल्लाहका आदेशहरु हामीतिर पूर्ण सूरक्षीत रुपले पुगाऐको हो। अल्लाहको कथन हो।((उनी आफ्नो इच्छाले बोल्दैनन्)) सूरह अन्- नज्म 3

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको संसारिक कार्य र मामलाहरु अर्को बशर (मानव) जस्तो हो किनभने उनी पनि एउटा मानव नै हो उनी आफ्ना मामलाहरु र आदेशहरुमा कोशिस गर्थिऐ। वहाँले भन्नु हुन् छन्। (( म तिमीहरु जस्तै मानव हो। तिमीहरु झगडा़ गरेर म तिर फैसलाको लागि आउँछन्। र तिमी मध्ये कोही आफ्ना सबूत राम्रा तरिकाले पेश गर्छ। अनि म सुन्ने अनुसार यसको लागि त्यसका भाईको कुनै हक फैसला गरिदिए। त उनी त्यो न लेऔं किनभने त्यो आगोका एउटा गोला (टुक्रा) जस्तै हो।))
सही बोखारी जिल्द 6 पुष्ट 2555 हदीस संख्या 6566

❖ यो विश्वास् गर्ने कि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको रेसालत (दूत्तव) मानव र जीनहरु कोलागि प्रलयको दिनसम्म सामान्य (आम) हो।अल्लाहले भनेको हो। ((हे मुहम्मद! हामीले

तिमीलाई सम्पूर्ण मानवजातिकालागि शुभ-सन्देशवाहक तथा सचेतकको रुपमा पठाएको हो।)) सूरह सबा 28

❖ मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमकोसुन्नतहरुलाई अनुसरण गर्ने।र त्यसलाई मज्बुतीले थाम्ने (पकड़ने)। र यसमा केहि बडोत्तरी न गरिने।((हे संदेष्टा!- भनिदेऊ यदि तिमीहरु अल्लाहसँग प्रेम गर्छौ भने मेरो अनुसरण गर। अल्लाहले तिमीहरुसँग प्रेम गर्नेछन् र तिम्रा

पापहरुलाई क्षमा गर्नेछन्। अल्लाह अत्यन्त क्षमाशील तथा परम दयालु छन।)) सूरह आले इमरान् 31

## दोस्रो रुक्न (स्तम्भ)। नमाजलाई कायम गर्ने।

नमाज दिनको खम्बा (सतून) जस्तै हो। यसैमाथि यो कायम छ। जसले नमाज छोडे भने उसले कुफ्र गरे। रसूल सल्लल्लाहु अलैहि वसल्लम भन्दै छ। कि ((मुक्तिको मुल्य़ आधार ईस्लाम हो। र इस्लामको स्तम्भ नमाज हो।-ऊच्च तथा ऊत्तम ऊपदेश्य़ जिहाद नै हो ( अर्थात पाप र पापी को बिरुध संघर्श) हो।)) सुनन् तिर्मिज़ी जिल्द 5 पुष्ट11 हदीस संख्या 2616

र त्यो कथन र कर्त्यवहरु छन् जुन तकबीर(अल्लाहु अक्बर) भन्दै आरम्भ हुन्छ। र सलाम (अस्सलामो अलैकुम्म) भन्दै अन्त हुन्छ। मुस्लिम अल्लाहको बडाई बयान गर्दै र अनुसरण गर्दै त्यो कायम गर्छ जसबाट सेवक र प्रभक्ताको बिचमा संबंघ मज्बुत हुन्छ। र आफ्ना रब (पालनकर्तासित) सित गिरया जारि गर्छैं। यो दिनरातमा मुस्लिमहरु पाँच चोटि सामुहिक रुपले मस्जिदमा बिना कुनै समस्याको अदा गरिन्छन्। र आपसमा एक अर्कालाई चिन जान

गरिन्छन् एक अर्काका हाल खबर लिन्छन् र कमजोरहरुलाई सहायता गरिन्छन्  र यसमा समाजिक दलहरुका तोड छ् किनभने समपूर्ण मुस्लिमहरु चाहे उनी धनी हो चाहे फकिर (कमजोर) हो। ठूलो हो अथवा सानो। शरीफ हो अथवा बदमाश सबै एकै पंकित (सफ) मा अल्लाहतिर लौ लगाएर खडा हुनुन्छन्। र एउटै किबला (खाना काबा) तिर मुख गरेर एउटै हरकात (चाल,संकेत) र एउटै पाठन्  एउटै समयमा अदा गरिन्छन्।

## तेस्रो रुक्न (स्तम्भ)। ज़कात (धार्मिक दान) दिने।

र त्यो जम्मा समपत्तिका केहि मिकदार (मात्रा) हुन्छ् जसलाई धनी मुस्लिम व्यक्ति आफ्ना मालहरुबाट त्योलाई पवित्र गर्नेकोलागि अल्लाहको आज्ञापालन र अल्लाहका आदेशको अनुसर्ण गर्दै निकालिन् छन्। फेरि आफ्ना गाँव समाजमा बसेका गरिब परिवार र फकीरहरुलाई उनीहरुका जरुरत पूरा गर्नको लागि दिन्छन्। र यो समपूर्ण मुस्लिमहरुमाथि अनिवार्य हो जसको समपत्ति नेसाब (समपतिका केहि मिकदार जसमा दान दिन् अनिवार्य हो।) को पूगे सकेका छन्। अल्लाह तआलाको भनाइ छ्।
((आदेश त तिनीहरुलाई यही थियो  कि आफ्नो धर्मलाई अल्लाहकोलागि शुद्ध पारेर एकग्र भई उनको उपासना गरुन, नमाज कायम गरुन् र जकात चुक्ता गरुन् र यही सत्यसिद्ध धर्म हो।)) सूरह अल्-बैयिनह 5

जसले त्यसको अनिवार्ताको इन्कार गरे उनले कुफ्र (नास्तिक भऐ) गरे। किनभने ऊले कमजोर, गरीब र फकीरहरुका अधिकारबाट

रोके। यो दान (ज़कात) टेक्स (कर) होइन। (जसरीके जुनलाई इस्लाम धर्मको विषयमा केहि ज्ञान छैन उले यस्तो सोच र बिचार राखेको हो।) जसलाई इस्लामी देशहरु आफ्ना देशवासीहरुसित लिन्छन्। अनि त्यो कर हुन्थियो भने सम्पूर्णमाथि अनिवार्य हुन्छ जुन इस्लामी देशमा बसी रहेका छन् चाहे उनी मुस्लिम हुन् एवं गैरमुस्लिम। जसरी के थाहा छ कि त्यसको शर्तहरुमध्ये यो हो कि उनी मुस्लिम हुने अनिवार्य हो अनि गैरमुस्लिममाथि अनिवार्य हो।

**र ज़कातका केहि शर्तहरु छ जसको हदलाई (सिमान्त)लाई इस्लामले उल्लेख गरेको छः**

1-नेसाबका मालिक हुन् अथवा यती समपत्ति हो जसमा दान (ज़कात) अनिवार्य हो। र त्यो (85) ग्राम सूनको दाम (मुल्य) को बराबर हो।

2-पूरै एक वर्ष बितिसकेको हो र त्यो जनावर , पैसा र व्यपारी वस्तुहरुमा छन् तर जसको एक वर्ष बितेको छैन भने उसमाथि ज़कात (दान) अनिवार्य होइन। गला , अनाज र फलफुलको दान (ज़कात) त्यसको पुख्ताहुन् बेला हो।

शरीअतले दान लिने व्यक्तिहरुका हद (सिमान्त) बयान गरे को हो। अल्लाह तआलाको कथन हो। ((सद्क़ा –दानकोष- त केवल दरिद्रहरु,अभाव ग्रस्तहरु र सद्क़ाको व्यवस्थापनमा नियुक्त व्यक्तिहरुकालागि हो र ती व्यक्तिहरुकालागि जसका हृदयहरुलाई जोड्नु अभिष्ट होस्(साथै यो दानकोष) दासहरुको मुक्ति ऋणीहरु (को ऋण भुक्तानी) का लागि, अल्लाहको मार्ग (मा खर्च गर्न) मा र

पथिकहरुकानिम्ति हो। यो अल्लाहको तर्फबाट अनिवार्य आदेश हो।र, अल्लाह सर्वज्ञ एवं तत्तवज्ञ छन्।)) सूरह अत्-तौबा 60

र त्यसको मिकदार सम्पूर्ण समपति (माल) मध्ये 2,5% हो। र इस्लामको उद्देश्य यसको अनिवार्ताबाट यो हो कि समाजबाट गरीबी, चोरीचपाटी, कत्ल,हत्या र बलात्कारहरु इत्यादीलाई जडबाटै उख़ार फेक्ने हो।र समाजी प्रेम्ता मुस्लिमहरुबिच कायम गर्ने।र त्यो कमजोर, जरुरतमन्दहरुका जरुरत (अवश्क्ता) पूरा गर्नको लागि हो। तर जकात (दान) र करको बिच फर्क यो हो कि मुस्लिम दान आफ्ना हृदय र ज्यानलाई पवित्र गर्नको लागि निकालिन्छन् बिना कुनै दबाव र जवरजस्तिको ।त्यसको नामाकर्ण यो हो कि आफ्ना हृदय र ज्यानलाई कंजूस, लोभ र मक्खीचुसबाट पवित्र र साफ राखौं। र आफ्ना हृदयलाई संसारको प्रेम्ताबाट साफ राखने। अनि आफ्ना

कमजोर र गरीब भाइहरुको जरुरतलाई पूरा गर्ने।अल्लाहले भनेको हो।((र,जो आफ्नो मनको कृपणताबाट जोगाइयो उनीहरु नै सफल हुनेहरु हुन्।)) सूरह अत-तग़ाबुन 16

र त्यो गरीब र कमजोरहरुका मन र हृदयहरु धनी व्यक्तिसित किना कपट,जलन (हसद) बाट पवित्र गरिन्छन्। जब उनीहरु हेरिन्छ कि धनिहरु उनकालागि ज़कात (दान) दिन्छ र उनीसँग प्रेम गर्छन् र उनीमाथि खर्च गरिन्छन्।

र इस्लामी शरीअतमा अदा न गर्ने को कारण केहि सतर्कता आएको छ। अल्लाह तआला भन्दै छन्। ((र,अल्लाहले आफ्ना उदार अनुकम्पाबाट प्रदान गरेका धन जसले कन्जुस्याइँ गर्छन् तिनीहरुले आफ्नो लागि त्यसलाई राम्रो न ठानून्। यो तिनीहरुकालागि निकृष्ट छ। जुन धन् तिनीहरुले कन्जुस्याइँ गरेर बचाउँदैछन् महाप्रलयको दिन त्यसलाई तिनीहरुको गर्धनको कठालो बनाइनेछ। र, केवल अल्लाहकै

लागि हो आकाशहरु एवं धर्तीका सम्पूर्ण सम्पत्ति। तिमीहरुले जेजति गरिरहेका छौ त्यसबाट अल्लाह पूर्णरुपमा अवगत छन्।)) सूरह आले इमरान् 180

र, रसूल सल्लल्लाहु अलैहि वसल्लम भन्दैछन्। कि (( जसले आफ्ना सून र चान्दीबाट त्यसको हक (अधिकार) अदा न गरे भने प्रलयको दिन आगोको पलेट थालीलाई तताऐर त्यसको पहलो र पिठ्युलाई दागिन्छ्। जस्तै त्यो ठंडा (चिसो) भयो भने फेरि दोहरियाउँने छ्। र त्यसको एक दिन पचास साल (वर्ष) को बराबर हुन्छ्। यो त्यो दिन सम्म जारी रहिन्छ् जबसम्म अल्लाह आफ्ना सेवकहरुबिच फैसला गरिहाल छ्। फेरि उनी आफ्ना बाटो स्वर्ग अथवा नर्क तिर हेराऊछ्।)) सही मुस्लिम जिल्द 2 पुष्ट 680 हदीस संख्या 987

## चोथो रुक्न (स्तम्भ)। रमजानको रोजा (बर्त) होः

बर्षमा एक महिना मुस्लिमहरु रोजा (वर्त) बस्नुहुन्छन् अनि खान पिन र सम्भोगबाट अल्लाहको आज्ञापालन गर्दै सूर्यउदय अधि देखि सूर्यास्तसम्म रोके हालछन्। र, इस्लाममा त्यो रोजाहरु नयाँ होइन। अल्लाहको भनाइ हो। ((हे आस्थावानहरु हो! तिमीहरुमाथि व्रत (रोजा) अनिवार्य गरिएको छ् जसरी तिमीहरुभन्दा अधिका मानिसहरुमाथि अनिवार्य गरिएको थियो। आशा छ् कि तिमीहरुभित्र ईश-भय उत्पन्न हुनेछ्।)) सूरह अल्-बक़रह् 183

र रोजा (व्रत) को अर्थ यो मात्र होइन कि उनी मात्र माद्दी (खानपिन) इफ्तारबाट रुक्ने तर यो पनि हो कि उनी मानवी (नराम्रो कुरो) बाट पनि रुकौं जसरी के चुगल खोरी .झुट, गिबत , धोखाधरी र

यस्तो अर्को न राम्रो कार्यकर्महरुबाट रुक्ने। यो जान्दै कि त्यो पाप वस्तुहरुलाई रमजान बाहेक पनि छोड्न मुस्लिमहरुमाथि अनिवार्य हो। र त्यो रमजानमा अनिवार्य रुपले छोडनु पर्छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमको भनाइ हो। ((जसले रमजानमा झुट र त्यसको कार्य छाडे न भने यस्तो व्यक्तिको अल्लाहको वहाँ जरुरत छैन कि उनी आफ्ना खान पिन छाडौं।)) सही बोखारी जिल्द 2 पुष्ट 673 हदीस संख्या 1804

रोजाहरु (व्रतहरु) मन र अशलिलताको बिच युद्ध जस्तै हो।रसूल सल्लल्लाहु अलैहि वसल्लमको भनाइ हो कि ((आदमका सन्तानका सबै कार्यहरु त्यसेकोलागि हो अतिरिक्त रोजाहरु (व्रतहरु) को त्यो मेरो लागि हो। म त्यसको पुण्य र बदला दिन्छु। र त्यो रोजाहरु ढाल जस्तै हो। तिमिमध्ये कोही दिनमा रोजा बसे को भने गाली गलुच न गरौं। अनि कसैले गालि गर्छ भने उलाई भनिदेऊ कि म रोजा बस्न व्यक्ति हुँ। कसम हो ऊसको जसको हाथमा मुहम्मदको ज्यान हो। व्रतबस्ने मानिसको मुँहको खुशबू अल्लाह नजिक मुस्कको खुशबू (एक खालको राम्रो र श्रेष्ट खुशबू हो) भन्दा अधि हुन्। रोजा बस्ने मानिसहरुकालागि दुई खुशी (प्रसन्न) हुन्। एक जब इफतार (रोजा तोड्ने) गर्छ अर्को खुशी (प्रसन्न) जब आफ्ना पालन्कर्तासित भेंटने छ भने आफ्ना रोजाको कारण प्रसन्न हुन्छ।)) सही बोखारी जिल्द 2 पुष्ट 673 हदीस संख्या 1805

रोजाबाट मुस्लिम आफ्ना गरीब र फकीर भाईहरुको जरुरतलाई बुझ्छौं। उनीहरुका हक अधिकारहरु अदा गरिन्छन् र उनीहरुका हाल खबरको विषयमा सोध छन्।

## पाचवाँ रुक्न (स्तम्भ)। हज्ज होः

र त्यो अल्लाहका पवित्र घर (खाना काबा) मक्का नगरीमा खास कार्यहरु अदा गर्नेकोलागि खास समयमा जाने। र यो रुक्न (स्तम्भ) सम्पूर्न समझ्दार (अकलमन्द) र बालिग मुस्लिमहरुमाथि अनिवार्य हो। चाहे त्यो पुरुष हो कि महिला। उनलाई जीवनभरीमा एक चोटि हज्ज अदा गर्नु पर्छ। यस शर्तको साथ कि उनीलाई जानी र माली क्षमता हुनु पर्छ। तर जुन व्यक्ति रोगी हो जस रोग बाट बरी (राम्रो) हुन् सम्भावना छैन भने उनीमाथि हज्ज अनिवार्य होइन्। र जुन व्यक्ति कमजोर (फकीर) हो अथवा उनीसँग यती सम्पत्ति छैन कि त्यो आफ्ना र आफना परिवारहरुका जरुरतहरु पूरा गर्नेसक्दैन भने उनीबाट हज्ज साकित (अनिवार्य होइन) हुन्छ। अल्लाह तआलाको भनाइ हो। ((मानवजातिमाथि अल्लाहको यो हक रहेको छ कि जो त्यहाँसम्म पुग्न समर्थ छ उसले त्यस घरको हज (तीर्थ) गरोस्। र, जसले अस्वीकार गर्छ(उसले जानोस् कि अल्लाह) संसारबासीहरुबाट निस्पृह छन्।)) सूरह आले इमरान्97

हज्जलाई इस्लामी सब भन्दा ठूलो समेलन (इजतेमा) मानिन्छ। जसमा मुस्लिमहरु एउटै स्थलमा एउटै निर्धारित समयमा जमा (इकट्ठा) हुन्छन् र एउटै पालनकर्तालाई एउटै पोशाकमा पूकार छन् र एउटै पूजा (इबादत) अदा गरिन्छन् र एउटै स्वर बारम्बार दोहरियाउन्छन्।((लब्बैक अल्लहुम्म लब्बैक, लब्बैक लाशरीक लक लब्बैक इन्नल हम्दा वन्नेअमत लक वल् मुल्लक ला शरीक लक)) अर्थातः हे अल्लाह हामी तिम्रा पूजाका लगि यस ठाँऊमा तिम्रा आदेशको अनुसर्ण गर्दै आएको छौं। र तिम्रा राजी खुशीको लागि ।

तिम्रा एक्तालाई स्वीकार गर्दै। र तिमीबाहेक कोही पूजाको हकदार (अधिकारवादी) होइन।

यता शरीफ, बदमाश, सेतो, कालो, अरबी र अजमीका बीच केहि फर्क छैन। उनी सबै अल्लाहको अगाडि बराबर हुन्। उनीहरुको बिच केहि फर्क अतिरिक्त परहेजगारिके (अल्लाहसित भय राखने)। र त्यो मुस्लिमहरु बिच भाई चारा कायम गर्छ।

## इस्लाम धर्मको खासीयत र विशेष्ताहरुः-

यो इस्लामी धर्म आकाशीय धर्महरुमध्ये अन्तिम धर्म हो। यसैकारण अनिवार्य थियो कि यसमा केही विशेष्ताहरु होस् जुन अरु धर्महरुबाट यसलाई मुम्ताज ( विभिन्न) गरौं। र त्यो यसै विशेष्ताको कारण सबै समय र ठाउँको लागि प्रलयसम्म दुरुसत (उप्योगी हो) हो। र यस विशेष्ताको कारण सम्पूर्ण मानवजातिकोलागि लोक र प्रलोकमा खुशी (आनन्द-प्रसन्नता) कायम हुन्छ।

## इस्लाम धर्मका केहि विशेष्ताहरुः-

❖ कुरआनका केहि आयतहरुमा व्यख्या छ कि धर्म अल्लाहको नजिक मात्र एउटै हो र त्यो इस्लाम नै हो। निस्सनदेह अल्लाहले नबीहरु (उनीहरुमाथि शान्ति होस्) लाई एक अर्कालाई पूरा गर्न् कोलागि पठाएको छ। जुन रसूल नूह अलैहिस्सलाम देखि प्रारम्भ हुन्छ र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम माथि समाप्त हुन्छ।

रसूल सल्लल्लाहु अलैहि वसल्लम भन्नु हुन्छ कि (( मेरो उदाहरण र म भन्दा अधि नबीहरु को उदाहरण एउटा यस्तो मानिस् जस्तो हो कि उनी एउटा घर बनाए। र त्यसलाई खूब सजाय र खूबसुरत बनाए तर एक ईंटको बराबर त्यसको कोनामा छाडी दिऐ। र मानवहरु त्यसको चारो तर्फ घुम फिर गर्दै अचम्भमा परे र भन्न लागियो कि न यता ईंट राख्यो। नबी सल्लल्लाहु अलैहि वस्ल्लम भन्दै छन् कि म त्यो ईंट हो र म नबीहरुको समापक नबी हो।)) सही बोखारी जिल्द 3 पुष्ठ 1300 हदीस संख्या 3342

तर ईसा अलैहिस्सलाम अन्तिम समय अवतरित हुन्छ। र यस धर्तीमा इन्साफ भरि दिन्छ। जसरी के जुल्म,अत्याचारी र जोरजबर्जस्तीबाट भरेको थियो। र उनी नयाँ दिन लिएर फैसला गर्दैन मानवहरुका बिच इस्लाम दिन लिएर फैसला गर्छन् जुन मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि अवतरित भए को हो। मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम भन्नु भए को छ। कि ((प्रलय कायम हुँदैन जबसम्म कि मरयम पुत्र ईसा तिमीहरु बिच सत्य फैसला गर्नको लागि अवतरित हुँन्दैन। फेरि सलिब तोडिन्छ र खिन्जीर (सुंगुर) लाई कत्तल (हत्या) गरिन्छ र कर लाई लागु गरिन्छ।

यहाँसम्म कि धेरै माल (समपत्ति) भए हाल छ। अनी कुनै व्यक्ति यस लाई स्वीकार गर्दैन।)) सही बोखारी जिल्द 2 पुष्ट 875 हदीस संख्या 2344

र अल्लाहका सम्पूर्ण दूत्तहरु (रसूलहरु) का निमन्त्रण एउटै थियो। र त्यो अल्लाहको वहदानीयत (एकेशवरवाद) तिर निमन्त्रण दिने। त्यससँग शिर्क (बहुदेववाद) बाट रोके को छ। अल्लाहका अनुरुप्ता (मुशाबह) बाट रोके को छ। यस धर्ममा मानवलाई लोक र प्रलोक दुवैमा लाभ छ। अल्लाहले भनेको छ। ((अल्लाहले तिमीहरुकालागि त्यही धर्म निर्धारित गरेका छन् जसको आदेश उनले नूहलाई दिएका थिए। अनि,जसको प्रकाशन (हे मुहम्मद!) हामीले तिमीतर्फ गरेका छौं र जसको आदेश हामीले मूसा तथा ईसालाई दिएका थियौं कि धर्मलाई स्थापित गर र यसमा मतभेद न गर।...)) सूरह अश्-शूरा 13

❖ अल्लाहले इस्लाम धर्मबाट यो भन्दा अधिका सम्पूर्ण धर्महरुलाई अन्तय गरी दियो । र त्यो अन्तिम र समापक धर्म हो। अल्लाह आफुबाहेक कसैको उपासना स्वीकार गर्दैन। अल्लाहको भनाई छ। कि ((हे सन्देष्टा! हामीले तिमीमाथि सत्यकासाथ ग्रन्थ अवतरण गर्यौं जसले पहिलेका ग्रन्थहरुको पुष्टि गर्दछ र जो तिनको संरक्षक पनि हो।)) सूरह अल-माइदा 48

र त्यो आकाशीय धर्महरुमध्ये अन्तिम धर्म हो। जसको सुरक्षाको जीमेवारी अल्लाहले प्रलयसम्म लियेको छ। यसबाहेक अर्को धर्महरुका सुरक्षाका जीमेवारी (वादा-वचन) लिएको छैन किनभने त्यो एउटा खास समुदाय र खास समयको लागि अवतरित भएको थिऐ। अल्लाहले भनेको हो। (( निस्सन्देह हामीले नै कुरआनलाई अवतरित गरेका हौं र हामी नै यसको सुरक्षा गर्छौं।)) सूरह अल-हिज्र 9

र यसको चाहना यो पनि हो कि मुहम्मद इस्लामका अन्तिम दूत्त रहौस्। अनि उनी पछि कोहि नबी र रसूल आउँदैन। अल्लाहको भनाइ हो।((मुहम्मद तिमीहरुमध्ये कुनै पुरुषका पिता होइनन् तर उनी अल्लाहका रसूल एवं नबीहरुका समपाक (अन्तिम नबी) हुन्।)) सूरह अल-अहजाब 40

र मुस्लिमहरुलाई यो आदेश छ कि उनीहरु सम्पूर्ण आकाशीय पुस्तकहरु र नबहरुमाथि ईमान राखौं। अनि जसले उनीहरुमाथि ईमान राखे न उन इस्लाम धर्मबाट निस्क्नु भए। अल्लाह तआला भन्दै छन्। ((निस्सनदेह ती मानिसहरु जो अल्लाह एवं उनका रसूलहरुलाईल इन्कार गर्दछन् र अल्लाह एवं उनका रसूलहरुबीच विभेद खड़ा गर्न् चाहन्छन् र भन्दछन्- हामी कुनै रसूलमाथि ईमान राख्दछौं र कसैलाई इन्कार गर्दछौं- तिनीहरु दुवैको बीचबाट कुनै निकास निकाल्न चाहन्छन्। तिनीहरु वास्तवमा पक्का काफिर हुन्।)) सूरह अन्-निसा 150-151

❖ यो इस्लाम धर्म पूर्ण हो र यसमा सबै संसारिक र जीवनीय व्यवस्थाहरु छन् अतिरिक्त इस्लामबाहेक का अरु धर्ममा यो होइन् किनभने त्यो एउटा खास समुदायको लागि थिए। अनि इस्लाममा दुवै लोक र प्रलोकको लाभहरुमाथि निर्भर (कायम) हो। अल्लाहको भनाइ हो।((आज मैले तिमीहरुको दीन (जीवन पद्धति) लाई तिमीहरुकानिम्ति पूर्ण गरेको छु र तिमीहरु प्रति आफ्नो अनुग्रह पूरा गरेको छु अनि तिमीहरुकालागि दीन स्वरुप इस्लामलाई रोजेको छु।)) सूरह अल्-माइदा 3

यसैकारण यो सब भन्दा राम्रो र श्रेष्ठ धर्म हो। अल्लाहले भनेको हो। ((तिमीहरु उत्तम समुदाय हो जसलाई मानवजातिकानिम्ति पठाइएको छ। तिमीहरु सत्कर्मको आदेश दिन्छौं। दुष्कर्मबाट रोक्छौ र अल्लाहमाथि ईमान (आस्था) राख्छौ। अहले किलाबहरुले ईमान

ल्याएको भए तिनीहरुकानिम्ति राम्रो हुने थियो। तिनीहरुमध्ये केही आस्थावान छन् भने अधिकांश चाहिँ अवज्ञाकारी।)) सूरह आले इमरान् 110

❖ र यो इस्लाम धर्म संसारिक धर्म हो जुन सबै मानव, ठाउँ र कालको लागि हुन्। कसै जात र उम्मत अथवा समुदायको लागि खास छैन। यसमा सबै व्यक्ती एक जस्तै हुन्। रंग, भाषा, देश, समय र कालमाथि निर्भर होइन। तर यो एक खास अकीदहरु (आस्था) माथि काय छ्। र त्यो यो हो कि जसले अल्लाहलाई पालनकर्ता मान्दै ईमान ल्याऊनु भऐ। र इस्लामलाई धर्म मानेर र मुहम्मद सल्लाहु अलैहि वसल्लमलाई आफ्ना दूत्त मानेर ईमान ल्याउने भऐ। यस्तो खेरा गरि उनी इस्लामको झण्डा तल प्रवेश गरे। चाहें उ जुन ठाउँ र कालमा हुन्। अल्लाहको भनाइ हो। ((र-हे मुहम्मद- हामीले तिमीलाई सम्पूर्ण मानवजातिकालगि शुभ-सन्देशवाहक तथा सचेतक को रुपमा पठाएका छौं।तर, अधिकांश मानिसहरु जान्दैन्।)) सूरह सबा 28

अनी जुन रसूलहरु अधि आएको उनी आफ्ना खास समुदायतिर पठाउनुहुनु हुन्थियो। अल्लाहको भनाइ हो। ((हामीले नूहलाई उनको समुदायतर्फ पठायौं।)) सूरह अल्-अअराफ़ 59

अल्लाहले भनेको हो।((र, हामीले आदतर्फ उनका भाइ-हूद-लाई पठायौं।उनले भने हे मेरा जातिवन्धुहरु हो। अल्लाहको उपासना गर् उनी बाहेक तिमीहरुको कोही उपास्य छैन)) सूरह अल्-अअराफ़ 65

अल्लाहले भनेको हो।((र समूदका जातितर्फ हामीले उनका भाइ सालेहलाई पठायौं। उनले भने हे मेरा जातिवन्धुहरु हो। अल्लाहको उपासना गर् उनी बाहेक तिमीहरुको कोही उपास्य छैन)) सूरह अल्-अअराफ़ 73

अल्लाहले भन्नुभयोः।((र, लूतलाई(पठायौं)। उनले आफ्ना समूदायका मानिसहरुलाई भने।)) सूरह अल्-अअराफ़ 80

अल्लाहले भन्नु भयोः((र,मदयनतर्प तिनका भाइ शुऐब लाई पठायौं।)) सूरह अल्-अअराफ़ 85

अल्लाहले भन्नुभयोः (( फेरि यिनीहरुपछि हामिले मूसालाई आफ्ना चमत्कारहरु दिएर फिरऔन एवं उनका जा़तिका नेताहरुसमक्ष पठायौं।)) सूरह अल्-अअराफ़ 103

अल्लाहले भन्नुभयोः((र, स्मरण गर जब मर्यम-पुत्र ईसाले भने- हे इसराईलका सन्तानहरु हो। म तिमीहरुतर्फ अल्लाहले पठाएको रसूल हुँ। त्यस तौरातको पुष्टि गर्नेवाला हुँ जो मभन्दा पूर्व आएको थियो...)) सूरह अस्-सफ्फ 6

❖ इस्लाम धर्मको नियम र शिक्षाहरु इशवरीय हो जसमा केहि हेर फेर हुन सक्दैन। र यो मानवको स्थापनामध्ये होइन। जसमा केहि न केहि भुल चुक, दोष र कमीहरु भइ हाल्छ्। जुन कसै समाजकोलागि लाभदायिक हुन्सक्दैन। जसरी के मूलधन (capitalism)

समाजको व्यवस्थाहरु र समाजवादीको (socialism) को व्यवस्थासँग मेल पाच हुन्दैन। र त्यसको उलटो। इस्लामी शरीअत (नियम) जसरीके हामीले भन्यो कि त्योलाई इशवरले स्थापना गरेको हो। जुन सम्पूर्ण सृष्टिहरुका सृष्टकर्ता हुन्। अनि यो कसै व्यक्तिको लागि जायज होइन कि यसमा केहि हेर फेर, कमी बेशी गरौं। किनभने यसमा सम्पूर्ण मानवहरुका अधिकार सुरक्षीत हो। अल्लाह तआला भन्दै छ्। ((के यिनीहरु अज्ञानताको फैसला चाहन्छन्? र, विश्वासीहरु कानिम्ति अल्लाह भन्दा उचित न्यायधीश अरु को

हुन्सक्छ र?)) सूरह अल्- माइदा 50

❖ इस्लाम धर्म प्रग्ति,उन्नतिको क्षम्ता राखदै सबै ठाउँ र कालकोलागि लाभदायक हो। र त्यो केहि प्रवेशिका, समान्य असलियता र नियमहरु लिएर आएको हो जुन कहिले पनि समय र

कालको हेर फेरको कारण बदलिन दैन जसरीको अकीदा (आस्था) पूजा र उपासनाहरुमाः जसरी के नमाज, रोजा, ईमान, हज्ज र ज़कात इत्यादी... । तर जुन पनि नयाँ घटनाहरु हुन्छ्। ऊलाई सब प्रथम कुरआनमा हेरिनेछ्। यदि त्यो कुरआनमा मिल छ् भने त्यसमाथि कार्य गरिन्छ्। र त्यसबाहेक छोडि हालछ्। कुरआनमा न मिलेपछि रसूल सल्लल्लाहु अलैहि वसल्लमको सही हदीस हेरिन्छ्। त्यसमा मिले पछि त्यो लिऐ हालछ् र त्यसबाहेक छोडि दिन्छ्। यदि यस दुवैमा न मिले पछि उलेमाहरु (इस्लामी धार्मिक ज्ञानीहरु) को राय सलाह र बिचारलाई हेरिने छ्। जसमा समान्य फाइदा हो। समय र समाजको अनुसार हो। यो बुझन् राखने कि त्यो कुरआन र हदीसबाट लिएको हो। फेरि त्योलाई समान्य इस्लामी नियमहरुमाथि पेश गरिन्छ् जुन हदीस र कुरआनबाट लिएको हो। जसरी के नियम (असल वस्तुहरुमा जायज हो।), नियम ( उपकार र लाभको सुरक्षा) र नियम (जुरुरत अनुसार निषेध वस्तुहरु जायज हुन् छ्।) अन्तिम नियम सम्म। अँ, इजतेहाद (सोच बिचार गरेर कुरआन र हदीसको अनुसरा कुनै मामिलाको हल गर्ने कार्य ) बाट यो होइन कि आफ्ना अशलिलतहरुलाई अनुसर्ण गरौं। तर यसको चाहना यो हो कि यस बाट मानवलाई लाभ पूगौं बिना कुनै शरई विरोध के। यो यसकारण के यो धर्म सम्पूर्ण समय र समाजकोलागि लाभदायक हो।

❖ इस्लाम धर्ममा नियम, शरिअत र व्यवस्थाहरुलाई लागु गर्नुमा केहि अन्तर र फर्क होईन। यसमा सबै मानव बारबर हुन्। चाहे उनी धनी हो र फकीर , शरीफ हो र बदमाश, कालो हो र सेतो। सबै शरिअत लागु गर्नको अगाडि एक हो। यो एउटा कुरैशी मखज़ोमी महिलाको चोरीको घटना हो। जुन कुरैशको शरीफहरुमध्ये थिए। केहि व्यक्तिहरुले उसामा बिन ज़ैदलाई नबी सल्लल्लाहु अलैहि वसल्लमसँग त्यसको छोड़नेको सिफारिशको लागि उभारे। किनभने त्यो उनी नजिक

प्यारो थिऐ। त उनी नबीसित कुरा गरे। त रसूल सल्लल्लाहु अलैहि वसल्लम भन्नु भएः((के तिमि अल्लाह को हुदुद (सिमान्त) मा सिफारिसको कुरा गर्छ? फेरि उभेर भाषनमा भन्नु भऐ किः(हे मानवहरु तिमीभन्दा अधि जुन हेलाक र बर्दाबाद भए यसकारण भए कि जब उनीहरुमा शरीफ चोरी गर् थिए उनिमाथि हद कायम गरे थिएन। अनि जब कमजोरहरु चोरी गर्द थिए उसमाथि हद जारी गर्द थिए। अल्लाहको सोगंध यदि मुहम्मदको छोरी फातमा पनि चोरि गरे हुन्थिइन भने म त्यसको हाथ काटे हालथियो।))

सही मुस्लिम जिल्द 3 पुष्ट 1315 हदीस संख्या 1688

❖ इस्लाम धर्मका मुलहरु असली हो। र त्यसका नसहरु (आयतहरु) कमीबेशी र हेरफेरबाट सुरक्षित छ्। र इस्लामीक धर्मका मुल जगहरु यो होः-

**1- पवित्र कुरआन करीमः**

**2- सुन्नते नबवी (सुन्नतहरुः)**

**1- कुरआन मुहम्मद** सल्लल्लाहु अलैहि व सल्लममाथि अवतरित समय देखि हाम्रोसमय र कालसम्म आफ्ना शब्द, आयत र सूरहहरुको साथ सुरक्षित छ्। यसमा केहि कमीबेशी र हेर फेर भएको छैन। किनभने रसूल सल्लल्लाहु अलैहि वसल्लमले आफ्ना सहाबीहरु

(साथिहरु) लाई कातिब (लेखनिदास) वहय (वाणी) लेखन को लागि बनाए। जसरीके अली बिन अबी तालीब, मुआवीया, उबै बिन काब र ज़ेद बिन साबीत। जहिले पनि कुनै आयत अवतरित हुन्थियो आफ्ना कातिबहरुलाई लेखन आदेश दिन्थिऐ। र उनीहरुलाई सूरहको ठाउँ तिर रहनुमाई (मार्गदर्शन) गर्दै थिऐ। यसैगरि तियो किताबमा र सहाबाहरुको मन र हृदयमा सुरक्षित भऐ। र मुस्लिमहरु त्यो सिखने सिखाउनेमा जल्दी गरे भलाई प्राप्त गर्दै जसरीके

नबी सल्लल्लहु अलैहि वसल्लमले खबर दिएको हो। ((तिमिमा सब भन्दा राम्रो र श्रेष्ठ त्यो व्यक्ति हुन् जुन कुरआन सिख छौं र अरुलाई पनि सीखाउँ छौं।))
सही बोखारी जिल्द 4 पुष्ठ 1919 हदीस संख्या 4739
मुस्लिमहरु त्यसको सेवा र सुरक्षाको बाटोमा ज्यान र माल खर्च गर्छन्। र त्योलाई एक अर्को पुश्त (संतान) तिर नकल गरिन्छन्। र त्यसको हिफ्ज र तेलावत (पाठन) मा अल्लाहको उपासना हुन्छ। नबी सल्लाल्लाहु अलैहि वसल्लमले भन्दै छ। ((जसले कुरआनका एक अक्षर पढे त्यसकोलागि एक पुण्य हो। र एक पुण्य दस पुण्यको बराबर हुन्छ। र म यो भन्दै न कि अलिफ, लाम, मिम एक अक्षर हो। तर अलिफ एक अक्षर हो। र लाम एक अक्षर हो। र मीम एक अक्षर हो।)) सुनन् तिरमिज़ी जिल्द 5 पुष्ट175 हदीस संख्या 8721
**2- सुन्नते नबवी इस्लामी** शरीअतको दोस्रो मुल धारा हो। र यसमा कुरआन करीमका धेरै हुक्महरुका व्याख्या छ। र यो गलत मिसावटबाट सुरक्षित छ अल्लाहले यसलाई पक्का इन्साफवर सहाबीहरुद्वरा सुरक्षा गरेको हो। उनीमध्ये धेरैले आफ्ना जीवन हदीसे

रसूलको जमा गर्नेमा बिताऐ। र त्यसको सन्द, मतन र दर्जाहरु (श्रेणीहरु) सही र कमजोरको हिसाबले व्याख्या गरेको छ। र त्यसको रावी (हदीस बयान गर्न व्यक्ति) को हालखबरको बारेमा। र त्यसको जर्ह एवं तादीलको दराजात (श्रणीयताहरु) आदि। उनीहरुले रसूलका सही हदीसहरु छाँटेर जमा गरे। र त्यो झुठोबाट साफ सुथ्रा भएर हाम्रा तिर पूगे। जुन यो हदीस जमा गर्नको तरिका जान् चाहन्छ भने उनी मुसतलेह हदीसको (हदीस जमा गर्न तरिकाको पुस्तक) पढौं जो हदीस रसूलको जाम गर्नकोलागि कायम भऐ। ताके यसमा कुनै शंका बांकि नरहोस्।

❖ इस्लामी धर्म सम्पूर्ण मानवकोबिच बराबरीको आदेश दिन्छ। चाहे महिला हुन् अथवा पुरुष। कालो हो अथवा सेतो। अरबी हो अथवा अजमी। सब भन्दा पहिले इशवरले मानवमध्ये आदमलाई सृष्टि (पैदा) गरे। जुन सम्पूर्ण मानवको बुवा हुन्। फेरि उनी बाट उनका स्वास्नी हजरत हव्वालाई सृष्टि (पैद) गरे । जुन सम्पुर्ण मानवको आमाँ हुन्। उनि दुवै आँमाबुवा बाट सन्तान र पुष्ट चल्यो। र मानिसको असल यो हो कि सबै मानव बराबर हुन्। अल्लाहले भनेको छ। ((हे मानवहरु हो! आफ्ना पालनकर्तासँग डराऊ जसले तिमीहरुलाई एउटै ज्यानबाट सृष्टि गरे र त्यसै ज्यानबाट उसको जोडी बनाए अनि ती दुबैबाट धेरै पुरुष तथा महिलाहरु बिस्तार गरे। त्यस अल्लाहसँग डराऊ जसको नाम लिएर तिमीहरु परस्परमा सहयोग माग्दैछौ अनि आफ्नत- हरुको विषयमा सतर्क रहने गर। निस्सन्देह अल्लाह तिमीहरुका निरीक्षक हुन्।)) सूरह अन्-निसा 1

रसूल सल्लल्लाहु अलैहि वसल्लम भन्दै छ। कि ((अल्लाहले तिमीहरुमध्ये जाहलियत (इस्लाम अधिको काल) को घृणाहरु अन्तय

गरि दिऐ जुन आफ्ना बुवामाथि गौरव गर्दै थिए। तर अल्लाहसित भय राखने आस्थवान र अज्ञाकार र सम्पूर्ण मानव आदमको सन्तान हो। र आदम माटोबाट हुन्।)) मुस्नद ईमाम जिल्द 2 पुष्ट 361 हदीस संख्या 8721

सम्पूर्ण मानव जुन यस धर्तिमाथि हुन् यसै आदमको सन्तान मध्ये हुन्। यिनीहरुका प्रारम्भ एउटै धर्म र एउटै भाषाबाट भएको हो। तर ज्यादाको कारण धर्तीको विभिन्न भागहरुमा फैलियो। तर प्राकृतिकरुपले यो अनीवार्य थियो कि यस फैलावट को कारण उनीहरुका भाषहरु र रंगहरु र प्राकृतिकहरु विभिन्न हो र उनीहरुका सोंच र जीवन र विभिन्न ईतेकादहरुको तरिका विभिन्न हो।

अल्लाह तआला भन्दै छ् ((-वास्तवमा- सम्पूर्ण मानव एउटै समुदाय हुन्। अनि तिनीहरुले विभेद गरे । र, यदि तिम्रा रब को तर्फबाट पहिले नै एउटा कुराको निर्णय नभएको भए जुन कुरामा तिनीहरु विभेद गर्दैछन् त्यसको निर्णय गरिदिने थिए।)) सूरह यूनुस 19

इस्लामी शिक्षाहरुले सम्पूर्ण मानवहरुलाई बराबरीको अधिकार दिन्छ्। र उनी सबै मानव अल्लाहको नजिक बराबर हुन् बिना कुनै बिभेद भाषा र रंगरुप इत्यादी को। र सबै अल्लाहको अगाडि बराबर हुन्। अल्लाहको भनाई हो। ((हे मानव! हामीले तिमीहरुलाई एक पुरुष तथा एक स्त्रीबाट सृष्टि गर्यौं र तिमीहरुका विभिन्न जाति तथा बंश बनायौं ताकि तिमीहरु एक अर्कालाई चिन्न् सक। वास्तवमा अल्लाहको दृष्टिमा तिमीहरुमध्ये सर्वाधिक प्रतिष्ठिता त्यो ब्यक्ति हो जो तिमीहरुमध्ये सबैभन्दा अधिक ईश्भय राख्छ्।)) सूरह अल हुजुरात 13

यसै बराबरी आधारको कारण इस्लाम धर्ममा सबै मानव स्वतनत्रामा पनि बराबर हुन्। र त्यो नियमले उनीहरुलाई जनावरको स्वतनत्रबाट निकाल छ् जुन स्वतनत्रहरु तल को कुराहरुमाथि निर्भर होः-

1- सोंचविचार र राय सलाहको स्वतनत्रता। इस्लाम आफ्ना अनुसरणकर्ताहरुलाई सत्य कुराहरु भन्नकोलागि र आफ्ना सोंच बिचारहरुलाई व्याख्या गर्नकोलागि उभारछन्। सत्य भन्नेमा कसैको मलामतबाट नडरौं। रसूल सल्लल्लाहु अलैहि वस्लम भन्दै छन् कि((सब भन्दा राम्रो र श्रेष्ठ युद्ध सत्य कुरो अत्याचार बादशाहको नजिक भन्ने हो।))सुनन अबू दाऊद जिल्द 4 पुष्ट 124 हदीस संख्या 4344

अनी सहाबाहरु त्यो नियमलाई लागु गर्नकोलागि एक अर्काबाट अगाडी बढनेहुन्थिऐ। त कसै व्यक्तिले उमर बिन खताबलाई भन्यो ((हे अमीरुल मोअमेनीन  अल्लाहसित भय राख, त अर्को व्यक्ति उभरे उलाई रोके। त उमरले ऊलाई भने उलाई छोडि देऊ। र

उनलाई भन्ने देऊ।  तिमिहरुमा केहि राम्रा कुरा र अच्छाइ तबसम्म हुदैन जैलेसम्म कि तिमि त्यो कुरा हाम्रालागि नभने। र हामीहरुमा अच्छाई र राम्रो तबसम्म हुदैन जैले सम्म कि हामि तपाइको त्यो स्वीकार न गरौं।))

2- र सबैकोलागि  मालिक हुनका स्वतनत्रता र हलाल कमाइको स्वतनत्रता छ्। अल्लाहले भनेको हो। ((जुन कुरामा अल्लाहले तिमीहरुमध्ये एक अर्कामाथि श्रेष्ठता प्रदान गरेका छन् त्यस कुराको कामना नगर। पुरुषहरुले आफूले गरेको कर्मको पुण्य पाउनेछन् र महिलाहरुले तिनले गरेको कर्मको पुण्य पाउनेछन्। बरु अल्लाहसित उनको कृपाको प्रार्थना गर। निशचय नै अल्लाह हरेक कुराको ज्ञान राख्दछन्।)) सूरह अन्-निला 32

3- र सबैको शिक्षा लिने र दिनेको अवसर प्रदान गरेको हो। तर इस्लामले यसलाई अनिवार्य करार दिएको हो। रसूल सल्लल्लाहु अलैहि वसल्लमको भनाइ हो।((इल्म (शिक्षा) प्राप्त गर्न् सम्पूर्ण मुस्लिहरुमाथि अनिवार्य हो।)) सुनन इब्ने माजा जिल्द 1 पुष्ट 81 हदीस संख्या 224

4- सबैलाई यस संसारको खैरातहरु (राम्रो वस्तुहरु) बाट लाभ उठाउनेको शरीअतले नियम अनुसार अवसर प्रदान गरेको हो। अल्लाहको भनाई हो।((उनै हुन् जसले पृथ्वीलाई तिमीहरुकालागि वशीभूत गरिएदिएका छन्। अतः हिँड त्यसको छातीमाथि र खाऊ अल्लाहको जीविका! र, उनैतर्फ तिमीहरुले फर्कर जानुछ।)) सूरह अल्-मुल्क 15

5- र सबैलाई समाज चलाउनेको अधिकार हुन्छ। तर यो शर्तको साथ कि उनीसँग यसको क्षम्ता र ताक्त ,शक्ति र कुदर्त हुन्। रसूल सल्लल्लाहु अलैहि वसल्लमको भनाई हो।((जुनले मुस्लिमका मामलाको हाकिम (जिम्मेवार) बने। फेरि उनी माथि कुनै एकतर्फा सोंच राखने व्यक्तिलाई जिम्मेवार बनाऐ। भने उनी माथि अल्लाहको लानत (धुतकार) हो। र अल्लाह उनीसँग कुनै बदला र पैसा कबूल

गर्दैन। यहाँसम्म कि अल्लाह उलाई नर्कमा प्रवेश गर्छ। र जुन लाई अल्लाहका सुरक्षा मिले फेरि ऊले त्यो अल्लाहका हुर्मतको बर्बाद गरे भने उनीमाथि अल्लाहको लानत (करोध-धुतकार) हुन्। अथवा उनी अल्लाहको ज़िम्माबाट दुर भऐ।)) मसनद ईमाम अहमद जिल्द 1 पुष्ट 6 हदीस संख्या 21

इस्लामले मामला यस्तो व्यक्तिलाई दिने जुन त्यसको क्षमता राखदैन भने उनीलाई नासो (अमानत) बर्बाद गर्नलाई भनेको हो। जुन

यो संकेत दिन्छ कि यो संसार जल्द बर्बाद भैइहाल्छ। र त्यो प्रलयको नजिक हुन को संकेत पनि हो। रसुलले भनेको हो।

((जब नासो (अमानत) बर्बाद हुनलागछ् त तिमी प्रलयका प्रतिक्षा गर। भन्नु भये हे अल्लाहको दूत्त कसरी नासो बर्बाद हुन्छ्। भने वहाँले उत्तर दिऐ कि जब मामला यस्तो व्यक्तिलाई सोंपे जससँग त्यसको क्षमता छैन त प्रलयको प्रतिक्षा गरौं।)) सही बोखारी जिल्द 5 पुष्ट 2382 हदीस संख्या 6131

❖ हाकिमलाई थाहा हुनुपरर्यो की अल्लाहले सजाई (कारबाही) र वीकृतीबाट बच्नको लागी केही सजाय निर्धारित गरेका छन्। फेरी त्यस्तो हाकिमलाई के भन्नु जो स्वयंम पापको सिकारी हुन्। किनकी अल्लाहले उल्लेख गर्दिनुभएको छ। ((सजाई (कारबाही) मानिसको जीवन हो।)) फेरी यस्तो हाकिम जसले न्यायलाई दबाएर अन्याय गर्छ त्यस्तो हाकिम आफनो जीवनलाई स्वयं हत्या गरिरहेको छ।

ए मुसलमानहरुको हाकिम मुल्युपश्चातको स्थितीलाई सम्झनुहोस् र आफनो सहयोगीहरु र धन् सम्पत्ति माथि ध्यान केन्द्रीत गरेर प्रलयको लागी तयारी गर्नुहोस्। त्यती नै कहां हो र मृत्युपशचात को घडी (समय) लाई याद गर्नुहोस्। जहाँको घडी (समय) जीवन संसारको भन्दा धेरै ठूलो हुन्छ जहां तपाईको प्रियजनहरु

तपाईलाई एक्लै छोडीदिन्छ। त्यहाँ तपाई यस्तो पुण्यलाई साथी बनाऊ जुन त्यस घडिमा साथ दिन्छ। ((प्रलयको दिन मानिसहरु एक आपसमा बिछोड हुन्छन्। बुवा, छोरा, छोरी, स्वास्नी, आमा सबै एक अर्कादेखि छुटिन्छन्।)) ऐ मुसलमानहरुको हाकिम यस्तो अवस्थाको ख्याल गर्नु जब कब्रमा कुनै किसिमका महत्वपूर्ण वस्तुलाई निकाली दिन्छ र हृदयमा छिपिएका कुराहरु खोली दिन्छन्। त्यसमा सबै साना ठूलो,

राम्रो, नराम्रो कुराहरु लेखेको हेर्नसक्नु हुन्छ। तसर्थ मृत्यु भन्दा पहिले तपाईसित समय छ मृत्युपश्चात तपाई यस्तो अवसर पाउदैन र त्यसको आस पनि हुँदैन।

अल्लाहको बन्दाहरुमा अल्लाहको हुकुम (आदेश) अनुसार शासन गर्नुहोस्। नराम्रो कामहरु गरेर पापको ढोका नखोल्नुस् र कुनै घमण्डीलाई कमजोर (दुब्लो) माथि अधिकार जमाउन नदेऊ किनकी यस्तो अधिकारी जनतालाई दुःख दिनु बाहेक केही गर्दैन। यदि तपाई यस्तो गर्दछौं भने आफनो कर्मको पापको साथसाथै यसको पापको भागीदारी तपाई स्वयम्लाई लिनुपर्दछ। आफनो दुःखद जीवनको प्रतिष्पर्धा अर्काको सुखी जीवनबाट नगर्नुहोस्। तपाई आफनो शासकीय कार्यभारलाई नहेर भविष्यमा आउने कार्यभारलाई हेर्नुहोस्। जब तपाई मृत्युको डोरीमा झुण्डीरहन्छों त्यसबेला अल्लाहको सामुन्ने उभिनुपर्छ जहाँ अल्लाहका फरिश्ता (देवदूत) र वहाँको रसूलहरु समक्ष सबैको सिर (टाउको) झुकिएको हुन्छ।

## **मातापिताको अधिकारः**

आमाबुबाआको फर्माबरदारी (आज्ञापालन) गर्नुपर्छ। त्यसको प्रत्येक कुरा मान्नु पर्छ जबसम्म उनीहरु कुनै पापको आदेश दिंदैन तबसम्म उहाँहरुप्रति दयालुको साथ खर्च गर। उनीहरुको सम्पूर्ण आवश्यकता जस्तै खाउने, पिउने र रहने व्यवस्था पूरा गर्नुपर्छ। उनीहरुलाई दुःख हुने कुनै कुरा भन्नुहुँदैन र तपाईको कुनै कुरा तथा व्यवहार देखि उनीहरुको भित्रि आत्मामा चोट पुग्न् हुँदैन। अल्लाहले मातापिताको लागी सन्तानहरुलाई यस प्रकारले आदेश गर्नुभएको छ्। ((तिम्रो पालनकर्ताले निर्णय गरिदिएका छन् के तिमीहरु उनी बाहेक कसैको उपासना नगर मातापितासंग राम्रो व्यवहार गर यदि ति दुवै

मध्ये एक वा दुबै तिम्रो उपस्थितीमा बृद्ध अवस्थामा पुग्छ् भने उनीहरुलाई उफ सम्म नभन उनीहरुलाई न हप्काऊ बरु उनीहरुसित आदर पुर्वक कुरा गर अनि दयाका साथ बिनम्रताको हाथ उनीहरुसमक्ष फैलाऊ र प्रार्थना गर। हे मेरा स्वामी उहाँहरुमाथि दया गर जसरी उहाँहरुले वाल्यकालमा मेरो पालन पोषण गर्नुभएको थियो।)) अल इसरा 23

इस्लाम धर्ममा आमाबुवालाई अवहेल्ना गर्नु शिर्कपछिको सबभन्दा ठूलो पाप हो भन्ने कुरा दर्शाएका छन्। अब्दुल्लाह बिन उमरको भनाई छ् कि ((एउटा देहाती मुसलमानले रसूल सल्लल्लाहु अलैहि वसल्लम सित सबैभन्दा ठूलो पापको बारेमा प्रशन गरे तब हजूर सल्लल्लाहु अलैहि वसल्लम ले भन्नु भयो त्यो शिर्क हो। त्यसपछि उसले फेरी सोध्यो यस पछि ठूलो पाप के हो? तपाईले भन्नुभयो आमाबुवाको अवहेल्ना गर्नु हो। देहातीले पुनः प्रशन गरयो आमाबुवाको अवहेल्ना बाहेक अरु के छ? त्यसपछि तपाईले उत्तर

दिनुभयो झुठो सपत (सौगन्ध) खानु हो।)) सही बोखारी जिल्द 6 हदीस संख्या 6522

इस्लाम धर्ममा रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले आमाबुवाको अधिकार उल्लेख गर्दै भन्नुभयो।((अल्लाह तआलाको खुशी आमाबुवाको खुशीमा छ् र अल्लाह ताआलाको दुःखी आमाबुवाको दुःखीमा छ्।)) सही इब्ने हबान जिल्द 2 हदीस संख्या 429

आमाबुवाको सबै अधिकारहरु सन्तानमाथि निर्धारित छन्। यदि आमाबुवा अर्कै धर्मसंग सम्बन्धीत भएपनि त्यसको अधिकार सन्तानप्रति सुरक्षिथ हुन्छ्। किनकी आयशा बिन्ते अबूबकर ((आफनो गैर मुसलिम (बहुदेबबाद) आमालाई सेवा गर्नुको लागी रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले सित सोध्यो। त्यसपछि

हजूर सल्लल्लाहु अलैहि वसल्लमले आफनो आमाबुवालाई सेवा गर्नेको लागी भन्यो।)) सही बोखारी जिल्द 2 हदीस संख्या 2477

आमाको दर्जा (श्रेणी) बुवाभन्दा ठूलो हुन्छ् जस्तो नेकी (पुण्य) मा रिश्ताको सम्बन्धमा तथा आज्ञा पालन गर्नुमा बुवाभन्दा आमाको बढी  दर्जा हुनुपर्छ्। रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले को त्यो हदीसमा जुन हदीसमा एउटा सहावीले सोध्नु भयो हे अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले मानिसहरुमा सबै भन्दा राम्रो व्यवहार गर्ने व्यक्ति को हो? ((तपाईले भन्नुभयो तिम्रो आमा! तिम्रो आमा! तिम्रो आमा! फेरी तिम्रो बुवा हो।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2548

त्यसकारण इस्लाम धर्मले तीन दर्जाको अधिकार आमालाई दिएका छन् र एक दर्जाको अधिकार बुवालाई दिएको छ्। किनकी आमाले सन्तानलाई जन्मैदेखि लिएर व्यस्क (जवान) हुनजेलसम्म

त्यसको दु:ख पिडा उठाउदैछन्। जुन दु:ख पिडा बुवाले उठाउन् सकिदैन। जस्तो की अल्लाहले भन्नुभएको छ। ((मानिसहरुलाई आफनो आमाबुवासंग राम्रो व्यवहार गर्नका लागी आदेश दिएको छ।)) अल् अहकाफ 15

त्यो आमा नै हो जसले गर्भावस्थामा आफनो संतानको दु:ख पिडा उठाउछन् र खाना खुवाउछ र उसलाई जन्म दिने बेलामा बिभिन्न कठिनाईहरु सहन्छन् र दिनराती सेवा गरर दुध खुवाउछन्।

## पतिको अधिकार पतनिप्रति:

आफनो घरको प्रमुख (गार्जियन) तथा हाकिम पतिलाई नै मानेर बंशजहरुको राम्रो बिकास गर्नमा वहाँलाई सहयोग गर्नुपर्छ। प्रत्येक समस्या (मामला) मा पुरुषले एक अर्कासित मिलेर बूद्धिले

काम लिने गर्दछ। तर महिला भाउक हुन्छ बुद्धिले काम लिनुभन्दा तिनीहरु भावनामा बहकन्छन्। यसको अर्थ यो छैन कि परिवारीक जनजीवन निर्वाह गर्नको लागी पतनीबाट कुनै किसिमको सर सल्लाह लिनु हुँदैन। बल्की दुबैले आआफनो सोच बिचारबाट परिवारलाई चलाउनु पर्छ। तर हाकिम (प्रमुख) पुरुष नै हुनुपर्दछ।((पुरुषहरु महिलाहरुको अभिभावक हुन्।)) सूरह अन्निसा 34

❖ पतनीलाई चाहियो कि आफनो पतिको आज्ञा पालन गरौं र वहाँले जबसम्म कुनै पापको आदेश दिंदैन तबसम्म उहाँको कुरा मान्नु किनकी आईशा रजियल्लाहु अन्हाले एउटा हदीसमा उल्लेख गर्दै रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमल सित सोध्नुभयो कि

((महिलामाथि सबैभन्दा बढी अधिकार कसको हुन्छ तब हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो उसको पतिको। फेरी उसले सोध्यो पुरुषमाथि सबभन्दा बढी अधिकार कसको हुन्छ तपाईले उत्तर दिए उसको आमाको।)) अल मुसतदरक जिल्द 4 हदीस संख्या 7244

❖ पतनीलाई उसको पतिले उछ्यान (बिछौना) मा बोलाउँछ भने उसको कुरालाई काट्नु हुँदैन। किनकी रसूल स.ले भन्नुभएको छ।

(( जब पतिले आफनो पतनीलाई ओछ्यानमा बोलाउछन् तर उ आउँदैन र उसको पति त्यती नै रात बिताउँछ भने त्यसको पतनीलाई फरिश्ता (देवदूत्त) बिहानसम्म यातना (धितकार) पठाईरहिन्छ।)) सही मुस्लिम जिल्द 2 हदीस संख्या 1436

❖ पतनीले पतिलाई यस्तो कुनै वस्तु ल्याउन आग्रह गर्नु हुँदैन जुन वस्तु ल्याउन उसको पति सकिंदैन। यस्तो पतिलाई खुशी र प्रसन्न राखनको लागी गर्नुपर्छ। उसलाई मनपर्ने काम गर्नुपर्छ। रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।

((यदि हामी कसैलाई सज्दाह (टाउको झुकाउने) को आदेश दिन्थे भने पतनिले आफनो पतीलाई सज्दाह गर्नको लागी हुकुम दिन्थ्यौं।)) तरमिजी जिल्द 3 हदीस संख्या 1159

❖ पतनीले आफनो पतिको धन सम्पत्तिलाई र सन्तान तथा ईज्जत मर्यादालाई सूरक्षा गर्नुपर्छ किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। (( राम्रो पतनी त्यो हो जब पतीले त्यसलाई देख्यो भने त्यो मुसुक्क हाँस्नुपर्छ। वहाँले आदेश गरेको कुरा गर्नुपर्छ यदि पति घरभन्दा वाहिर जान्छ भने त्यसको ईज्जत मर्यादा तथा सम्पतिलाई सुरक्षित राखनु पर्छ।)) अल तयालसी जिल्द 1 हदीस संख्या 2325

❖ पतनीलाई आफनो पतिको आदेश तथा जानकारी बिना बाहिर जानु हुँदैन। आफनो घरमा यस्तो किसिमको मानिसलाई पस्न दिनु

हुँदैन जसलाई उनको पति मनपराउदैन। अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((पतिको केही अधिकार पतनीमाथि छ र पतनीको केही अधिकार पतीमाथि रहेको छ। पतिको अधिकार पतनीमाथि यो छ की उनी आफना द्धार यस्तो व्यक्तिको लागी खुल्ला नराखौं जसलाई तिनका पती घिर्णा गर्दैछौ। र न आफनो ओछ्यानमा यस्तो मानिसलाई बोलाउनु हुँदैन जुन मानिसलाई पतिले मन पराउदैन। पतिमाथि पतनीको अधिकार यो छ की पतनीको साथ राम्रो व्यवहार गर्नुपर्दछ।)) इब्ने माजा जिल्द 1 हदीस संख्या 1851

प्राचीण कालका मुसलमानहरु आफनो छोरीलाई यो धार्मिक उपदेश दिन्थ्यो जस्तो की अवफ बिन्ते महल्लमले आफनो छोरीलाई बिछोड (बिदाई) गर्ने बेलामा दिएको थिए। -ऐ छोरी- अब जसको घरमा गई रहेका छे उसको बारेमा तपाईले केही थाहा छैन। र उनीसंग पहिले कुनै सम्बन्ध नै थियो। तैपनि उसको दासी बन्नु।

र ऊ तिम्रो दास बन्छ। त्यसको लागी तिमी आफु भित्र 10 वटा गुणहरु देखाउनु पर्दछन् जुन तिम्रो असल सम्पत्ति भैहाल्छ। ती गुणहरु यस प्रकारका छन्।

1+2) संतोषले उहांको ईच्छा पुरा गर्नु र आज्ञा पालन गर्नु।

3+4) तिमी आफनो शरीरलाई राम्रोसित सिंगारेर राख र खुशबू परयोग गर।

5+6) उसको निद्रा र खानाको प्रति राम्ररी ध्यान पुरयाउनु। किनकी यदि पति धेरै बेर सम्म भोकै रहयो भने वा उसको निद्रा पुरा नभए उनी तिर्सन्छ र रिसाउनुहुन्छ।

7+8) उहाँको खास सम्पत्तिलाई हेरचार गर्नु र आफनो सन्तानलाई राम्रोसंग पालन पोषण गर्नु। यसको सारांश सम्पत्ति राम्रो भाग्यबाट र सन्तान र राम्रो पालनपोषणबाट प्राप्त हुन्छ।

9+10) पतिको कुनै आदेश वा कुरालाई अवहेल्ना नगर्नु र उहाँको कुनै गोप्य कुरालाई नखोल्नु। यदि तिमी यस्तो गर्छौ भने उसको हृदय तिम्रोलागी छोटो हुन्छ र त्यसको निष्ठारीता (बेवफाई) बाट बच्न् सक्दैंन। तसर्थ तिमीले आफु भित्र 10 वटा गुणहरु उत्पन्न गर्छौं भने तिम्रो परिवारको जनजीवन सधैं खुशी र सम्पन्न हुनेछ्। यदि राखन सकेनौं भने परिवारीक जनजीवन दुःखी हुनेछ्।

## पतनिको अधिकार पतिमाथिः

❖ पतनीको मोहरको अधिकार पतीमाथि अनिवार्य गरिएको छ्। पतिलाई पतनीको मोहर चुक्ता गर्नु पर्छ् किनकी निकाह (विवाहदान) त्यसको बिना पुरा हुंदैन्। पतनीको यो अधिकार त्यती बेला समाप्त हुन्छ। जब बिवाहदान पछि पतनी ले राजी खुशी को साथ तिमीलाई

माफ गरदियोस्। यो अल्लाहको आदेश हो। ((र, महिलाहरुलाई उनीहरुको महर खुशी खुशी देऊ)) सूरह अन नेसा 4

❖ यदि कसैसंग दुई वा दुईभन्दा बढी पत्नी छ् भने उनीहरुको बिचमा खाना, आवास, लुगाको साथै रात बिताउने पनि सामान रुपले हुनुपर्छ्। किनकी अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((जुन व्यक्तिसंग दुईवटा पत्नी छ् तर उसले एउटालाई मात्र ध्यान केन्द्रीत गर्दछन् भने प्रलयको दिन झुकिएको कमर लिएर अर्को उभिन्छ्। सकेसम्म पत्नी र सन्तानहरुको खाना,

लुगा, आवासलाई प्रबन्ध गरोस् र उसलाई आवश्यकता अनुसार पैसा दिंदै रहनुपर्छ।)) अबू दाऊद जिल्द 2 हदीस संख्या 2133

यसरी इस्लाम धर्मले यस्तो काम गर्नको लागी मुसलमानहरुलाई प्रोत्साहित गरेको छ। अल्लाह तआलाले पनि त्यस्तो स्वभावको पतिलाई पुरस्विकृती गर्नुभएको छ। जसले आफनो पत्नी र सन्तानहरुमा खर्च गर्दछ त्यो पुण्य हुन्छ। रसूल सल्लल्लाहु अलैहु वसल्लमले आफना साथी साद बिन अबू वकासलाई भन्नुभए। ((तिमी आफनो परिवारमा जती धेरै खर्च गर्छौं त्यो दान हुन्छ र यहां सम्म की जुन लुकमा (गांस) तिमी आफनो पत्नीको मुखमा पुरयाउछौं त्यो पनि दान हो।)) सही बोखारी जिल्द 3 हदीस संख्या 2591

यदि तिम्रो पति आर्थिक अवस्था पुरा गर्दैनभने वहाँको जानकारी बिना उसको सम्पत्तिबाट खर्च गर्न सक्छौं जस्तो की हिन्द बिन्ते उतबाहले रसूल सल्लल्लाहु अलैहि वसल्लमले लाई भन्नुभयो। (( मेरो पती सुफयान कनजुस (चुईखे) हुनुहुन्छ उसले मेरो र मेरा सन्तानहरुको आवश्यकता पुर्ण खर्च दिंदैन तैपनि हामी वहाँको जानकारी बिना उसको सम्पत्तिबाट खर्च गर्दछौं हुजुर सल्लल्लाहु अलैह वसल्लमले भन्नुभयो तिमी आफनो आवश्यकता यसरी नै पुरा गर्दै गर।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5049

❖ पत्नीको पतिमाथि अधिकार यो छ की पतिलाई पत्नीको साथ रात बिताउनु पर्छ। पति यस्तो गर्दैनन भने पत्नीले यस्तो केही गर्न सक्छन् जसको परिणाम नराम्रो हुन्छ। त्यसैले इस्लाम धर्मले पतिमाथिको अधिकार जोड़ दिएको छन्।

❖ पत्नीको गोप्य कुरा र उनका कमि कमजोरीहरु जथाभावी भन्नुहुदैन। किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। की ((प्रलयको दिन अल्लाह तआला समक्ष नराम्रो व्यक्ति त्यो

हुन्छ् जसले आफनो पत्नीको गोप्य तथा कमि कमजोरीका कुराहरु (मित्र साथी) लाई भन्दछन्।)) सही बोखारी जिल्द 2 हदीस संख्या 1437

❖ पत्नीसंग राम्रो सम्बन्ध बनाई राखनुपर्छ्। उसलाई मनपराउने कुराहरुमाथि ध्यान दिनुपर्छ्। उसबाट सर सल्लाह लिनुपर्छ् र प्रेमपुर्वक व्यवहार गर्नुपर्छ्। किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले ले भन्नुभयो। ((पुर्ण ईमान भएको व्यक्ति त्यो हो जसको स्वभाव र व्यवहार सब भन्दा राम्रो हुन्छ् र तिमीहरु मध्ये राम्रो व्यक्ति त्यो हो

जसले आपनो पत्नीसंग राम्रो व्यवहार गर्दछ्।)) सही इब्ने हबान जिल्द 9 हदीस संख्या 4176

❖ पत्नीको नराम्रो व्यवहार र कमी कमजोरीहरु बाट संतोष गर्नुपर्छ्। अर्काको कानफुसीमा पर्नुहुंदैन। उनलाई माफ गरिदिनुपर्छ् किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((राम्रो मुसलमान त्यो हो जसले आफनो पत्नीको नराम्रो व्यवहारदेखि उसलाई बिछोड़ गर्दैन र उसको अर्को गुणलाई ध्यान राख्दछन्।)) सही मुस्लिम जिल्द 2 हदीस संख्या 1469

❖ पतिले पत्नीप्रति गैरतमन्द र सुरक्षात्मक दृष्टि राख्नुपर्दछ्। पत्नीलाई यस्तो ठाँउमा पठाउनु हुंदैन जहाँ बिकृतीको सम्भावना धेरै

हुन्छन् अल्लाहले कुरआनमा उल्लेख गर्नुभएको छ्। ((हे आस्थावानहरु हो! आफु र आफना सन्तानलाई नर्कबाट बचाउ।)) अल तहरीम 6

❖ वहाँको खास सम्पत्ति आदेश अनुसार खर्च गर्नुपर्दछ्। वहाँको बिना आदेशले कुनै वस्तु चलाउनु हुँदैन। किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((कसैको बिना आदेश

वा मर्जि मुताबिक कसैको वस्तु प्रयोग गर्न इस्लाम धर्ममा जाईज छैन।))

## नातेदारहरुको अधिकारः

सम्बन्धी नजिकको होस् वा टाढाको इस्लाम धर्ममा उनीहरुलाई सहयोग गर्न प्रोत्साहन गर्नुभएको छ। चाहे तिमी आर्थिक रुपले गरौं र त्यसको समस्या परेको बेलामा दुःख सुखमा सहभागी बनौं। यदि तिमी सुखी सम्पन्न छौं भने तिमी उसलाई आफनो खास सम्पत्ति वा अनिवार्य दानबाट सहयोग गर्नुपर्छ। तथा सुखी सम्पन्न छैनौं भने तिमी उसको समस्याहरुमा सहाभागी भएर आपत परेका बेलामा दुःख परेको बेलाम साथ दिनुपर्छ।

मुसलमानहरुलाई अल्लाहले आदेश दिनुभएको छ की ((आफनो नातेदारहरुसित सम्बन्ध बनाई राखनु यदि उसले तिमीबाट सम्बन्ध तोर्न चाहे पनि उनीहरुसंग राम्रो व्यवहार गर।)) तर उनीहरु तिमीसंग नराम्रो व्यवहार गर्दछन् तैपनि तिमी उनीहरुसंग राम्रो सम्बन्द बनाई रहनु किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ।((की राम्रो नातेदार त्यो होईन जसले आफनो नातेदारसंग समान व्यवाहार गर्दैन्। राम्रो नातेदार (सम्बन्धी) त्यो हो जसले सम्बन्ध तोर्नेहरु सित सम्बन्ध जोड्छ। इस्लाम धर्ममा सम्बन्धीहरु संग सम्बन्ध तोर्ने र उनीहरुलाई सहयोग नगर्ने ठूलो पाप हो।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5645

## सन्तानको अधिकारः

सन्तानको जीवित रहनुजेल अर्थात परिपक नभए सम्म उसलाई खाना लुगा कपडा़ शिक्षा तथा राम्रो संस्कार प्रदान गर्नु

आमाबुवाको दायित्व हो। किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ की ((कुनै पनि मानिसलाई पापी बन्नको लागी यति नै धेरै भयो की ऊ आफनो सन्तानलाई बरवाद गरोस्।)) अल मसुतदरक जिल्द 4 हदीस संख्या 8526

❖ सन्तानको नाम राम्रो राखनुपर्छ। किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ। ((प्रलयको दिनमा प्रत्येक मानिस आफनो नाम तथा बुवाको नामबाट बोलाईन्छ।)) सही इब्ने हबान जिल्द 13 हदीस संख्या 5817

❖ आफनो सन्तानलाई राम्रो संस्कार सिकाउनु पर्छ जस्तो लाज, सानो ठूलोको आदर, सत्यता, सत्य बोल्नु, आमा बुवाको कुरा मान्नु, नराम्रो कामहरु नगर्नु किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले उल्लेख गर्नुभएको छ। ((सन्तानलाई राम्रो व्यवहार तथा संस्कार सिकाउनुपर्छ।)) सही इब्ने माजा जिल्द 2 हदीस संख्या 3671

❖ आफनो सन्तानलाई लाभदायक शिक्षा दिक्षा र नर्म स्वभावबाट पूर्ण बनाउनु आमा बुवालाई अनिवार्य गरिएका छन्। हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((तिमीहरु मध्येका प्रत्येक व्यक्ति जिम्मेदार हुन् जब जन्ताद्वारा हाकिम (प्रमुख) लाई उसको जिम्मेदारीको बारेमा सोधिन्छ भने उक्त हाकिमलाई आफनो परिबारका सदस्यहरु प्रतिको जिम्मेदारी निभाउनु पर्छ। नोकरलाई मालिक प्रतिको जिम्मेदारी निभाउनु पर्छ। यसरी अल्लाहले प्रलयको दिन प्रत्येक जिम्मेदार सित त्यसको जिम्मेदारीको बारेमा सोधिनेछ।)) सही बोखारी जिल्द 2419

❖ आफनो सन्तानलाई हेरबिचार गर्नुपर्छ र सुरक्षित राखनुपर्छे तथा उनीहरुको भविष्य राम्रो बनाउनु अल्लाहसित प्रार्थना गर्नुपर्छ र

सराप दिनु हुंदैन। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((आफनो सन्तान तथा कुनै मानिसलाई सराप नदेऊ नोकरले मालिकको सम्पत्तिलाई सराप नगर किनकी केही यस्तो पनि हुन्छ जसमा अल्लाहले आफनो बन्दाको सरापलाई पनि स्वीकर्नु हुन्छ।)) अबूदाऊद जिल्द 2 हदीस संख्या 1532

❖ सन्तानहरुमा सामान निर्णय गर्नु धेरै आवश्यक छ। सामान निर्णय नगर्नाले आजभोली हाम्रो समाजमा आमाबुवाको अवहेल्ना हुदैछन्। वहाँहरुले सन्तानहरुमा आपसी मेलमिलाप प्रेम तथा सदभाव रहदैन। उनीहरुको बिचमा बिभिन्न किसिमका तनावहरु पनि आउन थाल्छन्। नुमान इब्ने बशीरको भनाई छ की उसको बुवाले उसलाई केही सम्पत्ति दिईयो तर वहाँको आमाले भन्नुभयो म तपाईको यस्तो निर्णय देखि तबसम्म सन्तुष्ट छैन जब तिमीले आफनो निर्णयको साक्षी रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई बनाउने छैनौ। त्यसपछि बुवा नबी सल्लल्लाहु अलैहि वसल्लम सित सोध्यो र वहांलाई भन्नुभयो। ((तपाई हाम्रो निर्णयको साक्षी बन्नुहोस्।

रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो के तिमीले आफनो सन्तानहरुमा बराबरको मात्रामा सम्पत्तिलाई बाडफाड गरेका छौं। त्यसपछि वहाँको बुवाले नकरातमकमा जवाफ दिनुभयो। तब हजूर सल्लल्लाहु अलैहि वसल्लमले उक्त व्यक्तिलाई भन्नुभयो। अल्लाह बाट डर र सन्तानहरुमा बराबरीको मात्रामा सम्पत्ति वांडफांड गर त्यसपछि बुवाले मलाई दिनु भएको सबै सम्पत्ति फिर्ता लिनुभयो।)) सही मुस्लिम जिल्द 3 हदीस संख्या 1623

## छिमेकीको अधिकारः

इस्लाम धर्ममा छिमेकीलाई धेरै मान मर्याद तथा सम्मानको अधिकार दिएको छ। जसरी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((जिवरील फरिश्ताले छिमेकीको लागी यती धेरै वसियत गर्नुभयो कि मलाई लाग्यो की एक छिमेकीको अधिकार अर्को छिमेकीको सम्पत्तिमा भईहाल्छ्।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5668

त्यसैले इस्लाम धर्मले छिमेकी संग दयापुर्ण व्यवहार गर्नेको लागी आदेश दिएको छ्। ((अल्लाहकै उपासना गर कसैलाई उनको साझेदार नबनाऔं अनि मातापिता नातेदार अनाथ दिनदुखि नातेदार छिमेकी बिरामी छिमेकी साथी संगी तथा तिम्रो अधिनमा रहेका दास दासीहरुसंग राम्रो व्यवहार गर अल्लाह घमण्डीलाई मन पराउंदैन।)) अन नेसा 36

❖छिमेकीलाई दुःख दिनु हराम भनिएको छ् चाहे त्यो दुःख तपाईको कुराबट होस् वा तपाईको व्यवहार देखि होस् अबू होरैरहले एउटा हदीसमा उल्लेख गर्नुभएको छ् की ((एख सहाबीले नबी सल्लल्लाहु अलैहि वसल्लमलाई त्यो स्त्रीको बारेमा सोध्नु भयो जुन स्त्री दिनभरी वर्त बस्छे र रात भरी नमाज पढछे तर उसको कुराबाट उनको छिमेकी दुःखीत हुन्छ्। भने तपाईले त्यो स्त्रीको बारेमा भन्नुभयो कि त्यो नर्किय हुन्। फेरी तपाईलाई त्यो स्त्रीको बारेमा सोध्नु भयो जुन स्त्री दिनभरी अनिवार्य वर्त बस्छे र अनिवार्य नमाज पढछिन् तर उसको कुरा तथा व्यवहारबाट उसको छिमेकीलाई दुःख हुंदैन त्यो स्त्री स्वर्गमा जन्छे।)) अल मुसतदरक जिल्द 4 हदीस संख्या 7305

❖ इस्लाम धर्ममा छिमेकीलाई दुःख र बाधा पुरयाउनु ईमान बिपरित कार्य हो। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((त्यो व्यक्ति ईमानवाला होईन ! होईन ! होईन !

साथीहरुले सोध्यो कुन? हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो जुन व्यक्तिको छिमेकी त्यसको कुरा र व्यवहार देखि दुखीत हुन्छन्।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5670

❖ एउटा व्यक्ति इब्ने अब्बासलाई भन्यो((मेरो छिमेकी मलाई दुःख दिन्छ, गाली गर्छ, अनि अनेकै दुःख लाग्दा कुराहरु भन्दछन्। तपाईले भन्नुभयो त्यो तिम्रो बारेमा अल्लाहको अव्हेल्ना नगरियो तर तिमी त्यसको बारेमा अल्लाहलाई अवहेल्ना नगर।)) इहयाउल ऊलुम जिल्द 2 पुष्ट 212

छिमेकी तिन प्रकाका हुन्छन्। र तिनीहरुको हकहित (अधिकार) पनि बिभिन्न किसिमका हुन्छन्।

1) जुन छिमेकी मुसलमान र सम्बन्धी पनि होस्। यसका तीनवटा अधिकार छ।

क) छिमेकी हुनुको अधिकार।

ख) सम्बन्धी हुनुको अधइकार।

ग) मुसलमान हुनुको अधिकार।

2) मुस्लिम छिमेकीको दुई वटा अधिकार छ।

क) छिमेकी हुनुको अधिकार।

ख) मुसलमान हुनुको अधिकार।

3) गैर मुस्लिम (बहुदेववाद) छिमेकीको एउटा मात्र अधिकार हुन्छ त्यो हो छिमेकी हुनुको अधिकार।

## साथिभाईको अधिकारः

इस्लाम धर्मले साथीको अधिकारलाई पनि प्राथमिकता दिनुभएको छ। साथीहरुलाई भलाई गर्नु शुभसम्वाद गर्नु, राम्रो व्यवहार गर्नु तथा एक अर्कालाई सहयोग गर्नुपर्छ।

अल्लहाको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्।
(( राम्रो साथी त्यो हो जसले आफनो साथीहरुको लागी सबभन्दा राम्रो हुन्छ्। अल्लाहको नजिक राम्रो छिमेकी त्यो हो जसले आफनो छिमेकीको लागी सबभन्दा राम्रो हुन्छ्। साथीको अधिकार यो छ् की उसको साथी मर्नुउपरान्त उसको सन्तानलाई रेखदेख गर्नु।)) सही इब्ने खुजैमा जिल्द 4 हदीस संख्या 2539

❖ एक जनाले रसूल सल्लल्लाहु अलैहि वसल्लम. सित सोध्यनुभयो ((मेरो आमाबुवाको निधन भएपछि हामीले उहाँको लागी कुनै पुण्य गर्न सक्छु। त्यसपछि हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो तिमी आफनो आमाबुवाको लागी प्रार्थना गर उनीहरुको पापको क्षमायाचना माँग र उनका सम्बन्धीत र साथीहरुलाई आदरसत्यकार गर।)) अबू दाऊद जिल्द 4 हदीस संख्या 5142

## पाहुनाको अधिकारः

इस्लाम धर्ममा अतिथिको अधिकार यो छ् की उसालाई राम्रोसंग स्वागत गर्नुपर्छ्। यसको बारेमा नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((जुन व्यक्ति अल्लाह र प्रलयको दिनमाथि बिश्वास राख्छ् उसलाई आफनो छिमेकीको खातिरदारी तथा ईज्ज़त सम्मान गर्नुपर्छ् पाहुनालाई स्वागत गर्नुपर्छ्।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5673

त्यती मात्र कहाँ हो र तीन दिन र तिन रात सम्म स्वागत सत्यकार गर्नु हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको हो। यसबाहेक जति दिन पाहुना रहन्छ् त्यसलाई आदर सत्यकार गरेमा दान बराबरको पुण्य प्राप्त हुन्छ्। पाहुनाहरुलाई स्वागत सत्यकार गर्नु

इस्लाम धर्मले सम्मानजनक कार्य बताउनु भएको छ। नबी सल्लल्लाहु अलैहि वसल्लमले राम्रो व्यक्तिको रुपमा त्यस्तो व्यक्तलाई मान्दथ्यो

जसले आफनो गाई वस्तु चराउँछ र पाहुनाहरुको स्वागत सत्यकार तथा आज्ञा पालन गर्दछ। यसरी रसूल सल्लल्लाहु अलैहि वसल्लमले पाहुनाहरुलाई स्वागत गर्ने केही तरीका यसरी देखाउनु भएको छ। (अल मुसतदरक एवं इब्ने माजा)

❖ पाहुनालाई हंसमुख र खुशी अनुहार लिएर स्वागत गर्नु। बिछोर गर्ने बेलामा घरदेखि टाढासम्म साथ रहनु। पाहुनालाई चाहियो कि आफनो सम्बन्धीलाई सकेसम्म धेरै दुःख नदेओस् रसूल सल्लल्लाहु अलैहि वसल्लमले आफनो पाहुनाको लागी आफनो चादर ओछ्याउने गर्दथ्यो। तपाईको कुनै सम्बन्ध हुंदैनथ्यो त्यस्तो पाहुनाकोलागी पनि तपाई राम्रोसंग स्वागत सत्यकार गर्नुहुन्थ्यो की पाहुनालाई लाग्थे सबभन्दा प्यारो रसूल सल्लल्लाहु अलैहि वसल्लमको लागी म नै हुँ। (सही मुस्लिम जिल्द 3 हदीस संख्या 48)

## परिश्रमकर्ता (ज्यालादारी) को अधिकारः

इस्लाम धर्मले मजदुर र मालिकको बिचमा भाईचाराको सम्बन्ध कायम राखन् आदेश दिनुभएको छ। प्रेमको नाताले दुईबैलाई बराबरीको अधिकार दिनुभएको छ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। ((मजदुर तिम्रो भाई हो अल्लाहले उसलाई तिम्रो अधिनतामा दिनुभएको छ। तब जो व्यक्ति जसको अधिनतामा रहन्छ। उसलाई चाहियो कि त्यसलाई आफु जस्तै खाना खुवाउनु पर्छ।

आफु जस्तै लुगा लगाउन दिनुपर्छ। उसलाई ठूलो र कडाकारी गर्न दिनुहंदैन किनकी उसलाई कठिनाई हुन्छ यदि तिमी त्यसबाट भारी

गराउन चाहन्छौं भने त्यसलाई शारिरीक मद्दत गर्नु पर्दछ।)) सही बोखारी जिल्द 1 हदीस संख्या 30

❖ मजदुरको ज्याला काम शुरु गराउनुभन्दा पहिले तोकिदिनुपर्छ।नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((मजदुरको ज्याला त्यसको काम समाप्त हुने बित्तिकै तुरन्त दिहाल्नु पर्छ वा त्यसको तलब खातामा जम्मा गरिदिनुपर्छ।)) मसन्द इमाम अहमद जिल्द 3 हदीस संख्या 11582

नबी सल्लल्लाहु अलैहि वसल्लमले यो पनि भन्नुभएको छ। ((मजदुरको ज्याला त्यसको पसिना सुक्नुभन्दा पहिले दिनुपर्छ।)) सुनन इब्ने माजा जिल्द 2 हदीस संख्या 2433

यदि कसैले त्यसबाट आवश्यकताभन्दा काम गराउन चाहन्छ भने उसलाई शारिरीक मद्दत गर्नुको साथै त्यसको ज्यालामा आर्थिक बृद्धि गरदिनुपर्छ। इस्लाम धर्ममा राम्रो ज्यालादारी गर्नेवालाको श्रेणी ठूलो छ।हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((आफनो हात र पसिनाबाट ज्याला गर्ने भन्दा राम्रो कुनै ज्याला हुंदैन जसरी नबी सल्लल्लाहु अलैहि वसल्लम आफनो हात र पसिना बगाएर आफनो जीवन निर्वाह गर्ने गर्दथ्यो।))सही बोखारी जिल्द 1 हदीस संख्या 30

व त्यसैले इस्लाम धर्म आफनो हात र पसिनाबाट ज्याला गर्नेको लागी प्रोत्साहीत गर्नुभएको छ। हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((कसैको सामु हात मांग्नुभन्दा राम्रो काम डोरी लिएर जंगल गई दाउरा काटेर बजारमा ल्याई बेचेर खानु हो।)) सही बोखारी जिल्द 2 हदीस संख्या 1966

## मालिकको अधिकारः

इस्लाम धर्मले जसरी मजदुरको अधिकार मालिक प्रति दर्शाउनुभएको छ। त्यसरी मालिकको अधिकार मजदुरप्रति दर्शाएको छ। तब मजदुरलाई यो हुनुपरयो की मालिकको आदेश बमोजिम

नहिचकिचाईकन राम्रो संग काम गर्नुपर्छ। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((जब कुनै व्यक्ति ज्यालादारी गर्छ भने उक्त व्यक्तिलाई राम्रो संग ज्यालादारी गर्नुपर्छ। अल्लाहले त्यस्तो मानिसलाई मन पराउछ जसले आफनो दायित्व बमोजिम ज्याला गर्दछ।)) मसन्द अबी याला जिल्द 7 हदीस संख्या 4386
नबी सल्लल्लाहु अलैहि वसल्लमले((त्यस्तो ज्यालालाई सबभन्दा राम्रो ज्यालाको रुपमा मान्नु हुन्छ जुन ज्याला ईमान्दारीसित गरिएका हुन्।)) मसन्द इमाम अहमद जिल्द 2 हदीस संख्या 8393

## सम्पूर्ण मुसलमानहरुको जिम्मेवारी र तिनीहरुका अधिकारः

इस्लाम धर्मले सबै मुसमानहरुलाई एख अर्काको हालखबर र हेरबिन गर्न आदेश गर्नुभएको छ। चाहे मुसलमान जुनसुकै ठाँउको किन नहोस् नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((सम्पूर्ण मुसलमानहरु आ-आफनो मांग, आपसी मेलमिलाप, प्रेम र सदभाव राखनुपर्दछ। जसरी के शरीरको कुनै एउटा भागमा पिडा भयो भने सम्पूर्ण शरिरमा त्यसको प्रभावले रातभरी ज्वरोले पिडित र रातभरी जाग्नुपर्छ।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5665

इस्लाम धर्मले मुसलमान भाईहरुसंग राम्रो व्यवहार गर्ने आदेश दिनु भएको छ। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((तिमी तबसम्म मोमिन बन्न सक्दैनौ जब तिमीले आफनो लागी

मन पराएका वस्तु अर्को मुसलमानको लागी मनपराउंदैन।)) सही बोखारी जिल्द 1 हदीस संख्या 13

र आपत्त परेको बेलामा साथ दिनुपर्छ। जसरी हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((मोमिन एउटा परखाल जस्तै

हुन्छ। जसरी परखालमा प्रत्येक ईटा अर्कासित टांसिएर बसेका हुन्छन्। यसरी नै टांसिएर मोमिनलाई बस्नुपर्छ।)) सही बोखारी जिल्द 2 हदीस संख्या 2314

❖ इस्लाम धर्मले मुसलमानहरुलाई आवश्यक परेको बेलामा एक अर्कालाई सहयोग गर्न आदेश दिनुभएको छ। इस्लाम धर्मले मसुलमानहरुलाई जबर्जस्ती र रुसबाहीबाट बच्नको लागी आग्रह गरेका छन्। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ। ((जब कुनै मुसलमानले कसैलाई रुसवाही गर्छ जसले गर्दा उसको ईज्ज़त मर्याद समाप्त हुन्दछ भने अल्लाहले उसलाई पनि त्यस्तो ठाँउमा हुने सहयोग समाप्त गरिदिन्छ। जब कुनै मुसलमान भाईलाई सहयोग गर्छ भने अल्लाहले पनि उसलाई जस्तोसुकै ठाँउमा सहयोग गर्दछन्।)) सुनन अबू दाऊद जिल्द 4 हदीस संख्या 4884

## इस्लाम धर्ममा राम्रो स्वभावको गुणासोः

राम्रो स्वभाव सिकाउनको लागी नै इस्लाम धर्मको उदय भएको छ। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ की ((म राम्रो स्वभाव सिकाउनकै लागी आएका छौं।)) अल मुसतदरक जिल्द 2 हदीस संख्या 4221

राम्रो स्वभाव अन्तर्गत जति कुराहरु पर्दछन् त्यसलाई पालन गर्न इस्लाम धर्मले प्रोत्साहन गर्नु भएको छ् र नराम्रो स्वभाव अन्तर्गत जती कुराहरु पर्दछन् त्यसबाट सचेत गर्नु भएको छ्। अल्लाह तआला कुरानमा उल्लेख गर्नु भएको छ्। (( कि क्षमा गर्नु,

भलाईको आदेश दिनु तथा आशिक्षित वर्गको कुरोमाथी ध्यान दिनुहुंदैन।)) अल आराफ 199

मुसलमानहरु आफनो समाजमा एक अर्कासित मिलेर जीवन निर्वाह गर्दछन्। तथा शान्ति पाँउछ्। यो सबै तरिका इस्लाम धर्ममा उल्लेख छ्। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ् की ((सबै हराम (निषेध) कार्यबाट सचेत होऊ र छिमेकीहरुसित भलाई गर किनभने तिमी सबभन्दा राम्रो मोमिन कहलाउँछन् र तिमीलाई अल्लाहले दिनुभएको भाग्यमाथि बिश्वास राख। सम्पूर्ण मानिसहरुको लागी त्यही छान्नुपर्छ् जुन तिमीले आफनोलागी छान्छौं। मुसलमानलाई धैरै हास्नु हुंदैन। किनकी हांसो हृदयको लागी खतरनाक हुन्छ्।))सुनन तरमीजी जिल्द 4 हदीस संख्या 2305

हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्((राम्रो मुसलमान त्यो हो जसको व्यवहार, बोलीचालीले उसको छिमेकीलाई (अर्को मानव) दुःख हुंदैन।)) सही बोखारी जिल्द 1 हदीस संख्या 10

हजूर सल्लल्लाहु अलैहि वसल्लमले साथीहरुलाई सोध्नु भयो। ((हे साथीहरु हो तिमीहरुलाई थाहा छ् की गरिब व्यक्ति को हो साथीहरुले उत्तर दिए। गरीब व्यक्ति त्यो हो जससित धनसम्पत्ति र रुपैयापैसा हुंदैन। त्यसपछि रसूल सल्लल्लाहु अलैहि वसल्लमले

भन्नुभयो हाम्रो उम्मतमा गरीब व्यक्ति त्यो हो जो प्रलयको दिनमा अल्लाहको सामुन्ने यस्तो हालमा हुन्छ कि त्यससंग नामाज, रोजा (वर्त) र ज़कात (दान) केही हुंदैन। फेरी केही मानिसहरु त्यसको बिरुध गर्दछन् र भन्छ उसले मलाई संसारमा गाली दिएको थियो। कसैंले मार्नुको दावा गर्छ त्यस पछि अल्लाहले उसको पुण्यबाट बिरोध गर्नेहरुलाई वाडिदिन्छ। जब त्यसको पुण्य समाप्त भैईहाल्छ। तैपनी उसको बिरोध गर्नेहरुको भनाई बांकी नै रहन्छ त्यसपछि उनीहरुको

सम्पूर्ण पाप त्यसको भाग्यमा लेखिदिन्छ र उसलाई नर्कमा हालिदिन्छ।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2581

❖ इस्लाम धर्ममा कुनै कार्य गर्नको लागी आदेश दिएको छ र कुनै कार्य गर्नबाट सचेत रहन भनिएको छ त्यसको अर्थ यो छ की तिमीले एउटा यस्तो समाज बनाउन सक्छौं जसमा एक अर्कामा आपसी मेलमिलाप र सदभाव तथा प्रेम पूर्ण सम्बन्ध हुन्छ तल केही निषेधित कार्यहरु उल्लेख गरिएको छ।

❖ बहुदेववादमा ईमान ल्याउनु निषेध छ।((किनकी अल्लाह शिर्क गर्नेलाई कदापी माफ गर्दैन। यस बाहेक अर्को कुनै पापलाई क्षमा गरिदिनुहुन्छ।)) अन्नेसा 116

❖ जादुटोना पनि हराम छ। नबी सल्लल्लाहु अलैहिवसल्लमले भन्नुभएको छ।((बिनासकारी कामबाट बच जस्तो शिर्क र जादुटोना हो।)) सही बोखारी जिल्द हदीस संख्या 5431

❖ अत्याचारको बिरोधमा कसैको अधिकार हनन गर्नुहुंदैन। बिरोध देखि सचेत रहनु पर्छ। अल्लाहले भन्नुभएको छ।((भनीदेऊ मेरो पालनकर्तालाई यि कार्यहरु अबैध गरेको छ। अश्लीलताका कार्यहरु चाहे त्यो दृश्य होस् वा अदृश्य किन्न होस्।)) अल अराफ 33

❖ कसैलाई हत्या गर्नु हुंदैन किनकी अल्लाहले कुरआनमा भन्नुभएको छ।((जसले जानीजानी कुनै मोमिनको हत्या गर्छ भने त्यसको सजाय नर्क हो। जसमा सदा सर्वदा ऊ रहनेछ र उसमाथि अल्लाहको यातना भैईरहन्छ। अल्लाहले उसको लागी कठोर सजाय तयार पार्नु भएको छ)) अन्नेसा 93

((अन्यथा त्यो मानिस जो आफनो धन सम्पत्ति र मानमर्यादाको खातिर लड्छन् र मर्छ र आफनो धर्मप्रति शिर कटाउछ भने त्यो व्यक्ति शहीद कहलाउछन्।)) सुनन अबूदाऊद जिल्द 4 हदीस संख्या 4772

❖ सम्बन्ध तोड्न चाहे त्यो सम्बन्ध परिवाररिक होस् वा परम्परावादी होस् अल्लाहको हुकूम छ। ((की हाम्रो आदेशबाट विमुख भएर धर्तीमा बिद्धबन्स मचाउनु र नातागोता हिनबीन पार्ने बाहेक अरु

केही गर्न सक्ने छैनौं। यी तिनीहरु नै हुन जसमाथि अल्लाहको आभरश्राप परेको छ। तिनीहरुको श्रवण शक्ति तथा दृष्ट शक्ति खोसिने छ।)) अल इसरा 32

रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((सम्बन्ध तोडनेवाला व्यक्ति स्वर्गमा जान सक्दैन।)) सुनन इब्ने माजा जिल्द 2 हदीस संख्या 4019

सम्बन्ध तोडनुको अर्थ यो छ की एक मुसलमानले अर्को मुसलमानलाई दुआ सलाम, भेटघाट समस्यामा सहयोग नगर्नु हो।

❖ भय बिचार तथा अबैध सम्बन्ध गर्नु कसैले उम्किन्छ भने त्यो नर्कमा जानेछ। अल्लाहले भन्नुभएको छ की ((भय बिचार नजीक पनि नजाउ यो अत्ति लज्जित पूर्ण कार्य तथा कुकर्ममार्ग हो।))

❖ ज़िना (बलात्कार) तर्फ उत्प्रेरित गर्ने वस्तुहरु पनि हराम छ किनकी अल्लाहले भन्नुभएको छ भय बिचारको (बलात्कारको) नजिक पनि नजाऊ किनकी यो धेरै निर्लज्जपूर्ण कार्य तथा कुमार्ग हो।

यसलाई हराम गर्नुको कारण यो छ् कि हाम्रो चालचलन संस्कृतिको रक्षा होस् मानिस नराम्रो कामहरुबाट बचोस् समाज बिखण्डित र भ्रष्टाचारीको सिकार नहोस्। बंशमा मिश्रण नहोस् यदि बंशमा मिश्रण भयो भने एक आपसमा जग्गा जमीनको झगडा हुन्छ् न्यायको अधिकार खोसिन्छन्, महारिम (विवाहदान हराम) भयको व्यक्तिसित नराम्रो सम्बन्ध कायम हुन सक्छ्। भय बिचारलाई हराम गर्नुको प्रमुख कारण यो छ् की हाम्रो समाजमा अश्लिलता नफैलियोस तथा रोगका मुहानहरु नखुलोस्। जस्तो एड्स, प्लेग आदी हुन्। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। ((कौमे लुतमा (एउटा समुदाई) मा तब सम्म बिकृती (बुराई) फैलिन जबसम्म की अश्लिलता पूर्ण रुपले फैलिएको हुंदैन। यसले गर्दा मानिसमा त्यो एड्स फैलिन्छ् जसबाट मानिस यस भन्दा पहिले एड्सको सिकार भएको थिएन।

सबभन्दा नराम्रो कुकर्म महारिमको साथ भय बिचार गर्नु हो।)) सुनन इब्ने माजा जिल्द 2 हदीस संख्या 4019

नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((जुन व्यक्ति महारिमसंग कुकर्म गर्छन् उसलाई हत्या गर।)) अल मुसतदरक जिल्द 4 हदीस संख्या 8054

❖ पुरुषले पुरुषसंग अबैधसम्बन्ध कायम गर्नु पनि हराम छ्। ((अनि जब हाम्रो आदेश आयो हामीले त्यसको माथि एउटा भागलाई तल्लो भागमा घोष्टाईदियो र तिनीहरुको माथि लगातर दुंगा मुडाको बर्षा गरायो। ती सबै दुंगा मुढा तिम्रो पालनकर्ताको तर्फबाट अंकित थिए र त्यो अत्याचारिहरुबाट टाढा थिएन तसर्थ जसले कौमेलुत जस्तो काम गर्दछ्। उसलाई त्यस्तै प्रकोपको भय हुन्छ्।)) हुद 83-82

नबी सल्लल्लाहु अलैहि वसल्लमले 7 वटा व्यक्तिहरुमाथि अल्लाहको प्रकोप बताउनु भएको छ्।

1) तीनपटक प्रकोप पुरुषलाई पुरुषसंग अबैध सम्बन्ध कायम राख्नेवाला प्रती।

2) जसले कुनै पुरुष महिला को छोरीसंग एकसाथ यौन सम्बन्ध गर्छ्।

3) जसले आफनो आमाबुवालाई गाली दिन्छ्।

4) जसले जनावरहरुसित खराब काम गर्छ्।

5) जसले जग्गा ज़मिनको सिमानको बदलि दिन्छ्।

6) जसले ईश्वरको सट्टामा अरु मानिसको बलि दिन्छ्।

7) जसले अर्काको सम्पत्तिमाथि अधिकार जमाउछ्।)) अल मुसतदरक जिल्द 4 हदीस संख्या 8053

((र महिलाले आपसमा यौन व्यवहार गर्न पनि निषेध छ्।)) मसनद अबी याला जिल्द 13 हदीस संख्या 7491

अनाथको सम्पत्ति हडप्नु हराम छ् किनकी यसो गर्दा कमजोरहरुको अधिकार खोसिन्छन्। आयत ((जसले अनाथहरुको सम्पत्ति अनर्थ पुर्वक उपभोग गर्दछन् तिनीहरु वास्तवमा आफनो भुडिमा आगो भड्दछ्। अनी तिनीहरु नर्कको दनकदो आगोमा होमिनेछन्।)) अन नेसा 10

यदि अनाथको संरक्षक स्वमलाई आवश्यकता परयो भने त्यसले अनाथको सम्पत्तिबाट आफनो आवश्यकता पुरा गर्न सक्छ्। तर अनाथको सम्पत्तिलाई सुरक्षा तथा बृद्धि पनि गर्दै रहनु पर्छ्। अनाथको जुन संरक्षक धनी छ् त्यसले परहेज गरोस् र जो गरीब छ् उसलाई सामान्य चलन अनुसार उपयोग गर्नेदेऊ।

झुठो गवाही दिनु पनि हराम छ इस्लाम धर्मले यसलाई ठूलो पाप भन्नुभएको छ। किनकी यसलेगर्दा समाजमा बिकृतीहरु फैलिन थाल्छ। एकअर्काको अधिकार खोसिन थाल्छ र यस्तो गवाहीबाट अत्याचारीको अत्याचारमा सहयोग पुग्दछन्। जसको बारेमा झुठो गवाही दिनेछ उसबाट कुनै न कुनै किसिमको अपराध हुन सक्छ अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ की ((तिमीहरुलाई ठूलो पापको बारेमा भनु। त्यसपछि उनीहरुले भन्यो तपाई अवश्य भन्नुहोस,। तपाईले भन्नुभयो शिर्क गर्नु, आमाबुवाको अवहेलना गर्नु हो। तपाई खम्बामा अडेस लगाईरहेका थिए की अचानक उठेर भन्नुभयो। झुठो गवाही दिनु।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5631

जूवा, तास खेल्नु पनि हराम छ किनकी यसमा मानिस र सम्पत्ति दुईटै बर्बाद हुन्छ। यसको फाईदा कुनै खास व्यक्तिलाई हुन जान्छ। आयत ((हे आस्थावानहरु हो! मुर्दा, जुवा, धुनुषवान (धनेर भाग्य पत्ता लगाउने कार्य) र थानतिर जाने यो सबै घृनित र शैतानी कार्यहरु हुन्। यसबाट बच ताकी तिमी सफल हुन् सक्छ।)) जुवा तथा

तास खेल्नेवाला व्यक्ति यदि जित्दछ भने उसले अर्काको सम्पत्ति नजायज तरीकाबाट खादछन् र यदि हार्छ भने उसले आफनो सम्पत्तिलाई बेकारमा बर्बाद गर्दछन्।

⊠ चोरी, डकैती, गर्नु र मानिसलाई जथाभावी हप्काउनु यो सबै कार्य हराम छन्। किनकी यसले मानिसलाई आतंकित बनाउछ र समाजमा अशान्ति फैलाउछ। ((जुन मानिसहरु अल्लाह र वहाँको रसूल बिरोधीसंग लडाई लड्छन् र धर्तीमा बिधवन्स मचाउन भाग्यदौर गर्छन् तिनीहरुलाई बद्ध गर वा सुलि चढाऔं र तिनीहरुको हाथखुट्टा उल्टो

दिशामा काटिदेऊ र तिनीहरुलाई देश निकाला गर यस्तो मानिसको लागी प्रलयमा सबभन्दा ठूलो यातना छ।)) अल माईदा 33

☒ यो संसारमा अपराधीहरुको सजाय यसको जुर्म (अपराध) को अनुसार हुन्छन्। एउटा हदीसमा यी मानिसहरुको बारेमा उल्लेख गरिएको छ। ((त्यो डाकुको सजाय जसले मानसम्मान लिएर ज्यान पनि मार्छन् भने त्यसलाई ज्यानदेखि मार्नुपर्छ। जुन डाकु मात्र हत्या गर्छ मालसमान लिंदैन उसलई हत्या गरेर फाल्देऊ र जुन डाकु हत्या गर्दैन मालसमान मात्र लिन्छन् भने त्यो डाकुको एकापट्टीको हात र खुट्टा काटिदेऊ। जुन डाकुले यात्रीलाई धम्काउने मात्र गर्छ भने त्यसलाई समुदायबाट निकालिदेऊ।)) सुनन अल बैहकी जिल्द 8 हदीस संख्या 17090

❖ झुठो सपथ लिन पनि हराम छ जुन सपथ अर्काको अधिकार खोसीनको लागी लिईन्छ। आयत ((जुन मानिस अल्लाहसँग गरिएको वाचा एवं आफना कसमहरु तुच्छ दाममा बेच्छन् तिनीहरुको निम्ति परलोकमा कुनै अंश छैन र महाप्रलयको दिन अल्लाह न तिनीहरुसँग कुरागर्नेछन् न तिमीहरुतर्फ दृष्टि गर्नेछन् र न तिनीहरुलाई शुद्धता नै प्रदान गर्नेछन्। तिनीहरुकालागि दुखद यातना छ।)) आले इमरान 77

रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((जसले झुठो सपथ खाएर अर्काको अधिकार खोस्छ भने अल्लाह उसको लागी नर्क निर्धिरित गरिदिनुभएको छ र स्वर्गबाट बन्चीत गरिदिन्छ।)) सही मुस्लिम जिल्द 1 हदीस संख्या 137

❖ आत्महत्या गर्नु पनि हराम छ आयत ((आत्महत्या नगर निसंदेह अल्लाह तिमीहरुप्रति अति दयालु छन् अनी जसले यस्तो गर्छ

भने हामी चाहे नै त्यसलाई नर्कमा होमिने छौं र यो अल्लाहको लागी सजिलो पनि छ।))अन नेसा 29-30

अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ की((जुन व्यक्तिले जुन किसिमको हत्या गर्यो प्रलयको दिन त्यही तरीकाबाट सजाय पाउँछ।)) सही मुस्लिम जिल्द 1 हदीस संख्या 110

❖ अल्लाह र रसूल संग बिश्वासघात नगर र आफनो अमानत (नासो) हरुको खयानत पनि नगर।झुठो बोल्नु हिनामिना गर्नु, धोकाधरी गर्नु सबै कार्य हराम छ आयत((हे आस्थावानहरु हो! जानी जानी अल्लाह एवं रसूल संग बिश्वासघात नगर र आफनो अमानत (नासो) हरुको खयानत (हिनामिना) पनि नगर।)) अल अनफाल 27

रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((चारवटा व्यक्ति खालीस मुनाफिक (कप्टी) हुन्छन् र एउटा मात्र असल हुन्छ। त्यसमा नेफाकको एउटा मात्र गुण हुन्छ जबसम्म त्यसलाई छाडदैन तब सम्म अमानत (अधिनता) मा राख्नुपर्छ र त्यसलाई खयानत (हिनामिना) गर्नुपर्छ।)) सही बोखारी जिल्द 1 हदीस संख्या 34

1) झुठो बुल्नु।

2) वादालाई बिरोध गर्नु।

3) झगडा गर्ने बेलामा गाली गर्नु र चाहे त्यो व्यक्ति प्रतिदिन नमाज पढछ।मुसलमानहरुलाई डा़ह, ईर्ष्या राखनु हुंदैन। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((आपसमा किनाकपट नगर अल्लाहको

सम्पूर्ण बन्दा सेवक भाईभाई बनिजाऔं। कसैलाई गाली गर्न जायज छैन र तिनदिनभन्दा बढी आफनो भाईलाई न छाडौं।)) सही मुस्लिम जिल्द 4 संख्या 2559

हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((डाह, ईर्ष्यादेखि बच किनकी डाह ईर्ष्या पुण्यलाई खाईदिन्छन्। जसरी के आगोले मानिसलाई सखाप पारिदिन्छ।)) सुनन अबूदाऊद जिल्द 4 हदीस संख्या 4903

गाली दिनु, लानतान धिक्कार गर्नु, नराम्रो कुराहरु भन्नु पनि हराम छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नूभएको छ। ((मोमिन गालिदिनवाला, यातना दिनवाला र धम्काउनबाला हुंदैन।)) मसन्द ईमाम अहमद जिल्द 1 हदीस संख्या 3948

मोमिन शत्रुसंग पनि राम्रो व्यवहार गर्दछ। किनकी मुस्लिमहरु मुशरेकिन (बहुदेववादहरु) लाई सराप दिन को लागी आग्रह गरियो तब हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((हामी यातना दिनको लागी पठाईएका छैनौं। म त तिमीहरुलाई राम्रो स्वभाव सिकाउनको लागी आएका छौं।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2599

कन्जुस (चुईखे) र लालच, लोभ बाट बच किनकी इस्लाम धर्मले सम्पत्तिलाई ईश्वरको वरदानको रुपमा लिन्छ। जुन सम्पत्तिलाई आफनो सन्तान गरीब, निमुखा, असहायहरुमा खर्च गर्नुपर्छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((सखि दाता अल्लाहको नजिक र स्वर्गको नजिक र जनताको नजिक र नर्कदेखि टाढा हुन्छ। तर कन्जुस अल्लाहदेखि टाढा जनतादेखि टाढा र नर्कदेखि नजिक हुन्छ अशिक्षित सखिदाता ज्ञानी कन्जुसहरुको तुलनामा अल्लाहको नजिक प्यारो छ।)) सुनन तरमीजी जिल्द 4 हदीस संख्या 1961

इस्लाम धर्मले धनी बर्गहरुसित यो चाहन्छ कि त्यो आफनो गरीब, असहाय, निमुखा साथीहरुप्रति ध्यान पुरयाईयोस उसलाई कठिनाई न

देओस, समस्यामा सहयोग गरोस, यदि धनी बर्गले त्यस्तो गर्दैन भने त्यो ईमानदेखि धेरै टाढा हुन्छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((कन्जुस र नराम्रो व्यवहार तथा नराम्रो स्वभाव को व्यक्ति मोमिन हुंदैन।)) सुनन तरमिजी जिल्द 4 हदीस संख्या 1962

❖ फोजूल खर्च (जथाभावी खर्च गर्नु) र सम्पत्तिलाई अनावश्यक खर्च गर्नबाट सचेत गर्नु भएको छ। आयत ((अनि नातेदारलाई उसको अधिकार प्रदान गर दिनु दुखि तथा पथिकलाई पनि र अपव्य नगर अपव्यीहरु शैतानका भाई बन्धु हुन्छन्। शैतान आफना पालनकर्तासंग कृतधन छ।)) अल इसरा 27-26

❖ कसैको कुरा काटेर उसको उल्टो अर्थ भनेर कसैको हृदयमा चोट पुरयाउनु पनि हराम छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। आयत ((अल्लाहले तिम्रो लागी स्वीधा चाहन्छ। तिमीहरुलागी कष्ट चाहंदैन।))

अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो की ((धर्म सजिलोछ तर कुनै व्यक्तिले धर्मलाई भारी बनाउछन् भने अब उ स्वयमलाई बोझ पार्न थाल्छ। त्यसैले सत्य कुरा भन खुश खबरी सुनाउ र बिहान बेलुका र रातको तारिकमा आज्ञापालन गर्नुहोस्।)) सही बोखारी जिल्द 1 हदीस संख्या 39

❖ घमण्ड र ईर्षिया गर्नबाट पनि रोक्नु भएको छ। आयत ((अनी मानिसहरुसँग मुख फर्काएर (घमण्डको साथ) कुरा नगर्नु र धर्तीमा घमण्ड गरी नहिंड्नु। निसन्देह अल्लाह कुनै पनि अहंकारी एवं मपाइँ स्वभावको व्यक्तिलाई मन पराउँदैनन्।)) लुकमान 18

अल्लहाको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((घमण्ड गर्ने व्यक्ति स्वर्गमा कहिल्लै जान्दैन।))

❖ मानिसहरुको समूहमा रहे र जासुसी र चुकली गर्नु पनि हराम छ्। आयत((हे अस्थावानहरु हो बढी अनुमान लगाउनबाट बच्ने गर। किनभने केही अनुमान पाप हुन्छ् जासुसी नगर र तिमीहरु मध्ये कसैले कसैको पिठ्युपछारी चुक्लीमा न लागओस के तिमीहरु मध्ये कोही आफनो मृत भाईका मासु खान पनि रुचाउंछ्न्। तिमीहरु त्यसलाई अवश्य नै घृणा गर्ने छौं।)) सूरह अल हुजुरात 12

कसैको कुरा लुकाएर कसैलाई भन्नुपनि जाईज छैन। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((यस्तो गर्ने मानिसहरुको कानमा अल्लाहले पीघालिएको शिसा हालिदिन्छ्न्।)) सही बोखारी जिल्द 6 हदीस संख्य 6635

❖ कसैको समस्या परेको बेलामा खुशी मनाउनु हुंदैन। किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((आफनो भाईको समस्यामा खुशी नमनाउ हुन सक्छ् अल्लाहले उसलाई उदार गरेर तिमीलाई समस्या परिदियोस्।))

❖ कसैलाई नराम्रो नाम वा टाईटलले र नराम्रो दृष्टीले बोलाउन पनि हराम बताउनु भएको छ्। आयत ((हे आस्थावानहरु हो उपहास नगरुन सम्भव छ् की उनीहरु तिमीहरु भन्दा उत्तम होऊन् र न महिलाहरुले महिलाहरुको उपाहास गरुन सम्भव छ् कि उनीहरु तिनीहरुभन्दा उत्तम होऊन् र न आफुलाई बदनाम गर न परस्पर एक अर्का माथि व्यगं नगर्नु।)) सूरह अल हुजूरात 11

❖ न्यायधिशलाई अन्याय गर्नु पनि हराम छ्। किनकी न्यायधिशले इस्लामको आदेश अनुसार निर्णय गर्नु पर्दछ्। इस्लाम कानूनलाई पनि लागु गर्नुपर्दछ्। तर उसले अन्याय गर्छ् भने आफनो अधिनतामा ख्यानत गर्दछ्। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभए ((न्याय गर्ने वाला स्वर्गमा र अन्याय गर्नेवाला नर्क पाउछ्न्।)) अल मुसतदरक जिल्द 4

बेगैरत  चेलीबेटी बेचबिखन गर्ने व्यक्ति र अपराधको लागी उभार्ने व्यक्तिको बारेमा रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ् की ((प्रलयको दिन तीन किसिमको मानिसहरु तीर अल्लाह तआला हेर्दैन।

1) जुन व्यक्ति आफनो आमाबुवालाई घरबाट बाहिर निकाल्छन्।

2) त्यो महिला जसले पुरुषको संस्कृति अपनाउने गर्दछ्।

3) आफनो स्वास्नी र छोरीबाट बेस्या बृत्ति गराएर पैसा कमाउछन्।)) सुनन निसाई जिल्द 5 पुष्ट 80

पुरुष र महिलाले एक अर्काको पोशाक लगाउनु हराम छ्। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((त्यस्तो महिला र पुरुष माथि अल्लाहको लानत हो।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5546

❖ कसैलाई सहयोग गरेर त्यसको प्रति पश्चात गर्नु हराम छ्। आयत ((हे आस्थावानहरु हो! आफनो दानलाई उपकार जताई तथा कष्ट दिई नष्ट नगर।)) अल बकरह 264

❖ कसैलाई कुनै वस्तु उपहार दिएर फिर्ता लिनु हराम छ्। हदीस ((यस्तो मानिसहरुको उदाहरण कुकुरसंग दिनुभएको छ्। जसरी कुकुर उग्लेर फेरी खाईदिन्छ्।)) सही बोखारी जिल्द 2 हदीस संख्या 2449

❖ चुक्ली गर्नु हराम छ् आयत ((चुक्ली गर्ने व्यक्ति स्वर्गमा जान सक्दैन।)) सही मुस्लिम जिल्द 1 हदीस संख्या 105

चुक्लीको परिणाम हामी सबैलाई थाहा छ् यसले एक आपसमा दुशमनी र नराम्रो सम्बन्ध बनाउदछन्। त्यसैले नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((चुक्ली मुसलमानको लागी जाईज छैन। आफनो भाई देखि तिनदिन भन्दा बडी टाढा नरहौं किनभने तिमीहरु

मध्ये राम्रो त्यो हुन्छ। जसले पहिलो आएर सलाम गर्छ।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5727

❖ कमजोर असहाय निमुखाहरुलाई दुःख दिनु पनि हराम छन्। आफुद्वारा कसैलाई दबाब दिनुपनि हराम छ। यो सबै दया, माया र प्रेरणाका पात्र हुन् आयत ((अल्लाह कै उपासना गर कसैलाई उनको साझेदार नबनाउ अनि माता पिता नातेदार अनाथ दिन दुखी नातेदार छिमेकी बिरानो छेमेकी साथी संगी तथा तिम्रो अधिनमा रहेका दास दासीहरुसंग राम्रो व्यवहार गर। अल्लाह घमण्डीलाई मन पराउदैन।)) अन् नेसा 36

❖ अल्लाहको रसूलको हातमा दन्तमन (दांतु) थियो। तपाईले आफनो सेवक (दास) लाई पुकारनु भयो उनले आउनमा ढिलो गरे त तपाईले भन्नुभयो। ((यदि मलाई बदलाको डर न भएमा म तिमीलाई यसै दन्तमनले कुटथे।)) मसन्द अबी याला जिल्द 12 हदीस संख्या 6928

❖ वसीयत गरेर आफनो सम्बन्धीतहरुलाई नोक्सान पुरयाउनु पनि हराम छ। कसैले कुनै वसीयत गरेर अर्काको कर्ज, ऋण मेरो माथि छ भन्छन् तर कुनै कर्ज हुंदेन भने त्यो हराम छ। । आयत ((तिम्रो वसीयत गरेपछि र तिमीहरु माथि रहेको ऋण चुक्ता भए पछि मात्र कार्यान्वयन हुनेछ।)) अन नेसा 21

## खाने, पिउने तथा लगाउने वस्तुहरुमा निशेषध गरेका वस्तुहरुको विवरणः

मदिरा सेवन गर्नु हराम छ। नशा ल्याउने जुनसुकै वस्तु होस् चाहे त्यो खानेवाल होस्।या पिउनेवाला होस् संुघनेवाला होस्। यस सम्बन्धमा अल्लाहले कुरआनमा उल्लेख गर्नु भएको छ।((हे आस्थावानहरु हो मदिरा, जुवा, थान र तिर यी सबै घृणित शैतानी

कार्यहरु हुन्। यिनबाट बच ताकि सफल होऊ। शैतानले मधपान तथा जुवामा लगाएर तिमीहरु बिच शत्रुता एवं दोष उत्पन्न गर्न चाहन्छ र तिमीहरुलाई अल्लाहको स्मरण एवं नमाजबाट रोक्न चाहन्छ के तिमीहरु यो कुराबाट रोकिन्छौं।)) अल माईदा 90 -91

शराब (रक्सी) र मदिरा जस्तो कुनै नसा ल्याउने वस्तु प्रयोग गर्ने व्यक्ति इस्लाम धर्मको दृष्टीमा मानिस कहलाउदैन। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। की ((अल्लाहले शराब (रक्सी) वा धुम्रपान बनाउने वाला, पिउनेवाला बेचबिखन गर्नेवालाहरु प्रति ठूलो प्रकोप र धिक्कार गर्नु भएको छ।)) अल मुसतदरक जिल्द 2 हदीस संख्या 2235

इस्लाम धर्मले यस्तो व्यक्तिहरु को यस नियम बाट बुद्धि र विवेकलाई रक्षा गर्दछन्। मानिसलाई सामाजिक प्राणी बनाएर राख्दछन्। किनकी धुम्रपान गरेपछि मानिसको मानसिक शक्ति उडेर जान्छ। त्यो व्यक्ति चोरी डकैती हत्या जस्तो सुकै अपराध कार्यहरु गर्न लाँउछन्। त्यसैले इस्लाम धर्मले शराब (रक्सी) लाई पापको जन्म पनि हो भन्नुभएको छ।

❖ मरेको जनावर र सुंगुरको मासु खानु हराम छन्। यसको बारेमा अल्लाहले कुरआनमा उल्लेख गर्नुभएको छ। ((मरेको जनावरको रग्त वा मासु र सुंगुरको मासु तथा अल्लाह बाहेक अरु कैसैको नाम लिएर काटिएको घाटि थिचिएर मारिएका, चोटपटकले मरेका, माथिबाट लडेर मरेका, सिंगार लागेर मरेका र कुनै हिंसक जनावरले खाएका जनावरहरु तिमीहरुका लागी अबैध गरिएका छन्।))
अल माईदा 3

❖ यो वेग्लै कुरा हो की तिमीहरुले जीवित पाएर काटछौं र थानमा चढाईएकाहरु पनि अबैध छन् र तिमीहरुले तिर हानेर निर्धारण गर्नु पनि अवैध हो यो अवग्या हो। यसरी त्यो जनावरहरुको मासु पनि हराम छ। जसलाई हलाल (काट्नु) गर्ने बेलामा अल्लाहको नाम लिएका छैन अल्लाह बाहेक अरु कसैको नाम लिएका छन् भने अल्लाहले भन्नुभएको छ। ((जुन जनावर माथि अल्लाहको नाम

उच्चारण गरिएको छैन त्यो नखाउ यसो गरेमा अवग्य हुनेछ।)) अल अनआम 121

❖ च्यातेर खानेवाला जनावर तथा चराको मासु खानु हराम छ। जस्तो सिंह, स्याल, भेंडा र च्याग्रा आदी छन्।

❖ मानव शरिरलाई अस्पष्ट हानी पुग्याउने वाला वस्तुहरु पनि हराम छ। चाहे ती वस्तुहरु खानेवाला होस् वा पिउनेवाला होस्। ((र आफुले आफैलाई हिंसा नगर।))

❖ पुरुषको लागी सोना, चाँदी र रेशमका लुगा लगाउनु हराम छ। तर महिलाको लागी जाईज छ। किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। हामीहरुको समयमा महिलाहरुलाई मात्र सोना चाँदी र रेशमका लुगा लगाउनु थियो तर पुरुषलाई जाईज थिएन।

## इस्लाम धर्मले आग्रह तथा प्रोत्साहन गरिएका कुराहरुको बिबरण यसप्रकार छनः

❖ इस्लाम धर्मले कथनी र करनी दुवैलाई कार्यान्वयन गर्नको लागी प्रोत्साहन गरेको छ। जस्तो की अल्लाहले भन्नुभएको छ।((वास्तावमा अल्लाह न्याय प्रोपकारी नातेदारीहरुलाई हक दिन

आदेश गर्नुभएको छ।अति अश्लिलता दुष्टकर्म तथा अत्याचारबाट मनाहि गर्छ।)) अल नहल 90

❖ यसरी न्याय टाढा नजिक बस्ने सबैको लागी आवश्यक छ। आयत ((कसैको बारेमा कसैलाई टिप्पणी गर्छौं भने न्यायले गर। चाहे त्यो तिम्रो नातेदार नै किन नहोस् र अल्लाहको प्रतिज्ञा पुरा गर अल्लाहले तिमीहरुलाई यी कुराको निर्देशन दिन्छ की तिमीहरु आदेश ग्रहण गर)) अल अन आम 152

र न्यायलाई कुनै पनि हालतमा नछाड्। चाहे त्यो क्षण खुशीको होस् वा दुःखको होस् मुसलमान होस् वा हिन्दु होस् सबै संग न्याय गर्नको लागी अल्लाहले हुकुम दिनुभएको छ। ((कुनै जातिको शत्रुताले तिमीहरुलाई यदि उत्तेजित गर्छ भने तिमीहरु न्यायबाट बिमुख भएर निसाफ नगर यो ईशवर भक्ति अनुकुल छ।))

इस्लाम धर्मले यस्तो खालको कुरालाई त्याग गर्नको लागी अनुरोध गर्नुभएको छ। किनभने यस्तो गरे पछि आपसी मेलमिलाप प्रेम सदभाव हुन्छन् र समुदायमा एक अर्कालाई सहयोग गर्ने भावना जाग्दछ। अल्लाहले यस्तो मानिसहरुलाई ठूलो प्रशंसा गर्नुभएको छ। ((बरु स्वयमं माथि प्रार्थमिकता उनीहरुलाई दिएका छन्। चाहे स्वमलाई त्यसको आवश्यकता किननहोस्।)) सूरह अल हश्र 9

मानिसलाई सधैं असल संगत अपनाउनु पर्छ र नराम्रो बानी बेहोरा देखी टाढा बस्नको लागी आदेश दिनु भएको छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भने।((असल बानी बेहोराको उदाहरण सेन्ट बेचनेवालासंग दिनुभएको छ। जसरी सेन्ट लगाउने व्यक्तिको साथ बस्नु सुत्नु बेलामा राम्रो वास्ना आउदछन्। त्यस्तै खराब बानी

बेहोराको उदाहरण आगो फुक्ने वाला देखि दिनु भएको छ। जसरी आगो फुक्नेवालाको लुगा डढेको हुनुहुन्छ। आँखा मिचमिचाउछन् शरिर घुवा जस्तो गुनाउछन्।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5214

मानिसहरुमा कुनै कुराको छानबीन राम्रोसंग र झगडामा आपसी सम्झोता तथा शान्त रुपमा गर्नको लागी आदेश दिएको छन्। यस्तो मानिसहरुको बारेमा अल्लाह ताआले ठूलो प्रशंसा गर्नु भएको छ। मोनाफिकहरुको अधिकांश गोप्य परामर्शमा कुनै भलाई हुदैन। अँ जसले दान गर्न भला कार्य वा मानिसहरु बिच सुधारका कार्य गर्न

प्रोत्साहित गर्छ। उसको गोप्य परामर्श भला कार्य हो। जसले अल्लाहको प्रसन्नता प्राप्तीका लागी यस्तो कार्य गर्नेछ हामीले उसलाई ठूलो प्रतिमान प्रदान गर्नेछौं। मानिसहरुको बिचमा आपसी सम्झौता र शान्ति गर्नेको ठूलो दर्जा छ। यसको तुलना नमाज रोजा अर्को कुनै कुरा सित गर्न सकिदैन। यस्तो मानिसहरुको लागी जसले समाजमा मेलमिलापको कार्य गर्दछन् भने त्यसलाई झुठो बोल्नपनि छुट दिनुभएको छ। जसले गर्दा आपसी सदभाव र मेलमिलाप कायम रहन्छ।

राम्रो कुराको आदेश दिनु र नराम्रो कुराबाट सचेत गराउनु र सम्भव तरिकाले सकेसम्म प्रत्येक वर्गमा असल कुराको आदेश दिनुपर्छ र खराब कुराबाट सचेत गराउनु पर्छ। यस्तो गर्दै रहेमा अज्ञानता ज्ञानमा परिवर्तन हुन्छ। बाटो सोझो भईहाल्छन्। र समाजमा राम्रो मानिसहरुको सहयोग हुनथाल्छन्। अल्लाहको आदेश बमोजिम कार्य हुन् थाल्छ। यी सबै मार्गदर्शनहरु अल्ललाहको आदेश मानेर हुन्छ। यसैकारण नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((तिमीहरु मध्ये कसैले अपराध गरेको देख्यौ भने त्यसलाई आफनो

बल बुतले रोक्ने प्रयास गर। यदि बल छैन भने मुख्ले रोक्ने प्रयास गर यदि त्यसको पनि शक्ति छैन भने आफनो मनमा नराम्रो दृष्टी लेऊ। यो ईमानको कमजोर दर्जा हुन्।))सही बोखारी जिल्द 2 हदीस संख्या 2546

अल्लहाले भन्नुभएको छ्। ((तिमीहरुमा एउटा यस्तो समुह हुनुपर्दछ्। जसले बिकृतीलाई रोक्न् सकोस् र राम्रो कुराको आदेश दिईयोस् तर यस्तो नगर्नेवाला प्रति अल्लाहको यातना छ्।))

अल्लाहले भन्नुभएकोक छ्। ((इसराईका सन्तानहरु मध्ये जसले कुफ्र गरे तिनीहरु दाऊद तथा मर्यम का पुत्र ईसाको मुखबाट श्रापि भए। किनकी तिनीहरुले अवज्ञा र सिमा उल्लंधन् गरे र तिनीहरुले गर्ने

कार्यको कुकर्मबाट एक अर्कालाई रोक्दैन्थे कति न राम्रो कुरा थियो जुन तिनीहरुले गरि रहेका थियो।))

## *राम्रो कुराको आदेश दिने र नराम्रो कुराबाट बचाउने तरिकाहरु।*

❖ जुन कुरा गर्नको लागि आदेश दिन्छ् र जसबाट सचेत गराउदछ् त्यसको वास्तविकता राम्रोसंग जानेर आदेश देऊ। सुफयान बिन अब्दुल्लाहले आफनो लागी रसूल सल्लल्लाहु अलैहि वसल्लम सित यस्तो आदेश माग्नु भयो जसलाई समातेर सधैभरि कार्यव्यन रहन्छ्। हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। (( तिमी आफनो भित्री हृदयदेखी अल्लाहलाई स्वीकार गर। फेरी तपाईले जिब्रो समातेर भन्नुभयो यसलाई सुरक्षा गर जब्की यस जिब्रोलाई आफनो अधिनमा राखन र आजाद छोडनेको परिणाम हामी सबैलाई थाहा छ्।)) सही इब्ने हबान जिल्द 13 हदीस संख्या 5699

❖ कुनै बिकृर्ती रोक्नुको सट्टामा त्यस भन्दा ठूलो बिकृती गर्नुहुंदैन। बिकृती रोक्ने व्यक्ति स्वंयम असल कुरा गर्दैन भने त्यसको बारेमा अल्लाहले भन्नु भएको छ। ((हे आस्थावानहरु हो! तिमीहरुले त्यो कुरा किन्न भन्छछौ जुन कार्य तिमीहरु आफै गर्दैन त्यो कुरा भन्नु अल्लाहको दृष्टीमा अप्रिय छ।)) अस सफ 3

❖ सुधारवादी नरम स्वभाव र सहने खालको हुनुपर्दछ। किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। ((सुधारवादीमा दुःखमा धैर्य धारण गर्ने क्षमता हुनुपर्छ।)) सही बोखारी जिल्द 4 हदीस संख्या 2594

अल्लहाले पुण्य कर्मको आदेश दिनु र दृष्टकर्मबाट रोक्नु भएको हुन्छ। र तिमी माथि जो संकट आएपनि धैर्य धारण गर्नु, निश्चय नै यो साहसको कार्य हुन्छ। सुधार वादीको चरित्र तथा स्वभाव

राम्रो हुनुपर्दछ। राम्रो मार्ग दर्शन तिर प्रगतिशिल रहनु पर्छ। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। ((राम्रो मोमिन त्यो हो जसको स्वभाव सबभन्दा राम्रो हुन्छ। (आफनो सन्तान) मा दयालु भावना जगाउनुपर्छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले राम्रो चरित्रको दर्जा यसरी वर्णन गर्नुभएको छ। प्रलयको दिन हाम्रो नजिक सब भन्दा राम्रो त्यो व्यक्ति हुन्छ जसको स्भाव राम्रो हुन्छ। र हामी देखी सब भन्दा टाढा त्यो हुन्छ जसको चरित्र नराम्रो र घमण्डी हुनेछन्।)) सुनन तरमिजी जिल्द 4 हदीस संख्या 2018

❖ सुधारवादीलाई सुधारका कार्य गर्दै रहनुपर्छ। यसको लागी धनसम्पति पनि खर्च गर्नुपर्छ किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((योग्य र अयोग्य सबैसित भलाई गर यदि तिमीले योग्यप्रति खर्च तथा भलाई गर्छौं भने हकदारलाई हक

दिलाउछौं। यदि तिमीले आयोग्यप्रति भलाई गर्छौ भने योग्य कहलाउछौ।)) मसन्द शहाब जिल्द 1 हदीस संख्या 747

❖ आफनो कुरा भन्नुभन्दा पहिले आफनो कुरा पुर्ण रुपले ठोस् बनाईलिनुपर्छ। अल्लाहले कुरआनमा उल्लेख गर्नुभएको छ। ((हे आस्थावानहरु हो यदि कुनै अवज्ञाकारीले तिमीहरु समक्ष कुनै खबर ल्याएमा त्यसको राम्ररी छानबिन गर अन्यथा अज्ञानतावश तिमिहरुले कुनै समुदायको हानि गर्न पुग्नेछौं। अनि आफुले गरेको कार्य प्रति पश्चाताप गर्नुपर्ने छ।)) अल हुजुरात 6

❖ इस्लाम धर्मले सुधारकलाई समपृत रहनको लागी आदेश दिनुभएको छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((धर्म सम्रपित रहनुको नाम हो। साथीहरुले सौध्नु भयो कस को प्रति सम्रपित रहनुपर्छ। हजूर सल्लल्लाहु अलैहि वसल्लमले जवाब दिनुभयो अल्ललाह र वहाँको रसूल सल्लल्लाहु अलैहि वसल्लम, कुरआन,

हाकिम तथा मुसलमानहरु प्रति सम्रपित रहनुपर्छ।)) सही मुस्लिम जिल्द 1 हदीस संख्या 55

❖ अल्लाहप्रति समपृत रहनुको अर्थ यो छ की अल्लाह प्रति ईमान राख्नु र वहाँको मात्र प्रार्थाना गर्नु वहाँलाई कसैसंग साझी नगर्नु वहाँको नाम तथा सर्वनामलाई पवित्र मान्नु।

❖ कुरआन प्रति समर्पित रहनुको अर्थ यो छ की उसलाई अल्लाहको किताब मान्नु त्यसलाई अन्तिम आकाशवानी पुस्तक छान्नु र त्यसमा हलाल र हराम गरेका कुरा सम्झनु र त्यसलाई असल मार्ग मानेर अपनाउनु।

❖ रसूलप्रति समर्पित रहनुको अर्थ यो छ की उहाँको आदेशलाई पालन गर्नु र वहाँको सचेत गर्नुभएको कार्य नगर्नु। दयामाया ईज्ज़त

गर्नु र वहाँको सुन्नत प्रति कार्यान्वयन हुनु र उहाँको कुरा प्रचार प्रसार गर्दै रहनु।

❖ मुसलमानहरुको हाकिम प्रति समर्पित रहनुको अर्थ यो छ की त्यसको कुरा तबसम्म मान्नु जबसम्म उसले कुनै पापको आदेश दिदैंन र उहाँलाई राम्रो कुराहरुको सरसल्लाह दिदै रहनुपर्छ। र सहयोग गर्नुपर्छ उसको बिरोध नगर्नु। मानिसहरुलाई न्याय दिलाउने बाटो देखाउनु।

❖ सम्पूर्ण मुसलमानहरुप्रति सम्रपित रहनुको अर्थ मुसलमानहरुलाई सहयोग गर्नु। मुसलमानहरुलाई राम्रो कुराको आदेश दिदै रहनु। उनीहरुको सुःख दुःखमा सहभागी हुनु।

❖ इस्लाम धर्मले सहयोग गर्नको लागी हुकुम दिएको छ। यसले गर्दा मानिसहरुलाई प्रेम दयामाया राम्रो व्यवहार तथा सदभाव पनि रहन्छ नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((दुईवटा बानी व्यहोरालाई अल्लाह मन पराउछन्।))

1) राम्रो चरित्र।

2) फैयाजी (धेरै खर्च गर्ने व्यक्ति)

((त्यसैगरी अल्लाहले दुईवटा बानिलाई मन पराउनु हुन्न।))

1) बदअख्लाकी (अनुशासनहिन)।

2) कन्जुस (चुईखे)।

❖ अल्लाह कसैसंग भलाई चाहन्छ भने त्यसलाई जनसेवामा लगाईदिन्छ। फैयाजी (दयालु) को नियम अल्लाहले यसरी प्रस्तुत गर्नु भएको छ। ((आफनो हातलाई आफनो घाटीमा नबांध न त्यसलाई एकदमै खुल्ला छोड अन्यथा तिमि निन्दनिय तथा बिबश भएर बस्ने छौं।)) अल इसरा 29

इस्लाम धर्मले मानिसहरुको ऐब (गल्ती) लुकाउनुको लागी उनको कठीनाईलाई सजिलो गर्न तथा उनको कार्यमा बांधा नपुरयाउनको लागी आदेश दिनु भएको छ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((की जुन व्यक्ति कुनै मोमिनको समस्या संसारमा समाधान गर्छ भने अल्लाह उसको समस्या प्रलयमा समाप्त गर्दछन्। यदि कसैले कसैको समस्यालाई समाप्त गर्छ भने अल्लाहले त्यसको दुख, समस्या, संसार र प्रलयमा समाप्त गरिदिन्छ। जसले कुनै मुसलमानको पर्दा पोसी गर्छन् भने अल्लाह उसको पर्दा पोसी प्रलयमा गर्नेछ। अल्लाहले आफनो बन्दालाई तब सम्म सहयोग गर्दै रहन्छ जब सम्म उक्त व्यक्तिले आफनो भाईलाई सहयोग गर्दै रहन्छ।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2699

❖ इस्लाम धर्मले धैर्यधारण गर्ने आदेश छ। किनकी धैर्यधारण गर्ने व्यक्ति आज्ञाकारी हुन्छ अल्लाहले भन्नुभएको छ। ((आफनो पालनकर्ताको आदेश नआउनेजेल सम्म धैर्यधारण गर तिमी हाम्रो आंखा समक्ष छौं।)) अत्तुर 48

अल्लाहले दोहोरिएर लेखिने भाग्य प्रति धैर्यधारण गर्न हुकुम दिनु भएको छ। जस्तो गरीब भोको, बिरामी आदि अल्लाहको फरमान हो। ((अवश्य नै बास, गास धनसम्पत्ति प्राण र फलफुलको हानी नोक्सानीहरुबाट तिमीहरुको जांच लिने छन्। अनि धैर्यवानहरुलाई शुभ संदेश सुनाईदेउ जसले संकट परेको बेलामा भन्दैगर्छ कि हामी अल्लाहकै हौं र उनकै तिर फर्केर जानेछौं। यिनीहरु ति हुन जसमाथि अल्लाहको वर्दान तथा दया हुनेछ र यिनीहरु नै सत्य मार्गमा हुन्छ।) अल बकरह 155-157

❖ इस्लाम धर्मले रिसलाई सहनको लागी आदेश दिएको छ। यस्तो मानिसहरुलाई अल्लाहले धेरै प्रशंसा गरिएको छ। ((जो निर्धन एवं सम्पन्नता सबै अवस्थामा खर्च गर्छ जसले क्रोधलाई दबाउँछ र मानिसहरुलाई क्षमा गर्छ भने अल्लाहलाई यस्तो सुकर्मीहरुलाई मन पराउछ।)) आले इमरान 134-133

❖ इस्लाम धर्म बिकृति (बुराई) को सट्टामा राम्रो कार्य गर्नेको लागी आदेश दिनुभएको छ। ताकि आपसमा प्रेम होस् र बदलाको भावना होस् एक आपसमा झै झगडा नहोस् अल्लाहले भन्नुभएको छ। ((बुराईको बदला भलाईबाट देऊ ताकी दुश्मनी मित्रतामा परिषत भैजाओस।))

## ***इस्लामिक तरिकाहरुः***

इस्लाम धर्मले मानिसलाई केही तरिकाहरु बताउनुभएको छ। त्यस अनुसार जीवन निर्वाह गर्नको लागी प्रोत्साहित पनि गर्नु भएको छ। त्यससमध्येका केही तरिकाहरु तल उल्लेख छ।

## **खाना खानुको तरिकाः**

1) अल्लाहको नाम लिएर खाना शुरू गर्नु र अन्तमा अल्लाहको शुक्र अदा गर्नुपर्छ। दाहिने हातले खाना खानुपर्छ। किनकी देब्रे हात धेरै जस्तो फोहर सफा गर्नको लागी प्रयोग गरिन्छ। यदि एउटै थालमा दुईभन्दा बढी मानिसहरु खान्छ भने आफनो सामनेबाट खानुपर्छ।

किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले ((एउटा बच्चालाई यसरी नै सिकाउनु हुन्थ्यो।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5061

2) खानालाई नराम्रो भन्नु हुँदैन चाहे खाना जस्तो किन्नहोस् किनकी ((अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले कसै खानालाई नराम्रो भनेन वहाँलाई ईच्छा जागेमा खानु हुन्थे न त छाडिदिन्थे।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5093

3) खाने पिउनेमा अधिकता नगरौं खानालाई दुरुपयोग नगर। किनकी अल्लाहले भन्नुभएको छ्। ((खानालाई दुरुपयोग गर्ने व्यक्ति हामीलाई मन पराउदैन।)) रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((मानिसलाई पेट भन्दा गहिरो भाडो केही छैन। जसलाई मानिस भर्न सकोस्। मानिसलाई आफनो पिठ्यू सिधा पार्नको लागी केही लुकमा मात्र खानुपर्छ्। अति आवश्यक भयो भने आफनो भुडिलाई एक तिहाई भाग मात्र भर्नुपर्छ्। जसमा एक भाग खानाको लागी दोस्रो भाग पानीको लागी र तेश्रो भाग स्वाँस लिनको लागी।)) सही इब्ने हबान जिल्द 12 हदीस संख्या 5236

4) खाउने पिउने भाडामा सांस छोडनु हुंदैन वा फुक्नु हुंदैन किनकी हजूर सल्लल्लाहु अलैहि वसल्लमले ((यस्तो गर्नबाट रोक्नु भएको छ्। )) सुनन अबू दाऊद जिलद 3 हदीस संख्या 3728

5) अर्काको खाने पिउने भाडोलाई फोहर नगर।

6) सबै संग मिलेर खाऊ, एकलै खानु हुंदैन। एउटा व्यक्तिले रसुल सल्लल्लाहु अलैहि वसल्लमलाई पेट नभर्नुको शिकायत (complain)

गरियो। तपाईले भन्नुभयो के तिमी सबैसंग मिलेर खान्छ्ौ उक्त व्यक्ति जबाब दिनुभयो म एकलै खान्छु। त्यसपछि हजूर सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। ((सबैसंग मिलेर खाऔ र अल्लाहको

नाउ लिएर खाऔ अल्लाहले त्यस खानामा अवश्य बरकत दिन्छ।))
सही बोखारी जिल्द 5 हदीस संख्या 5303

कसैले निमन्त्रण दिन्छ भने निमन्त्रणमा कसैलाई साथ लिएर जान चाहन्छ भने निमन्त्रण दिने व्यक्तिसंग स्वीकृती लेऊ। यदि उसले स्वीकृती दियो भने मात्र उसलाई साथ लिएर जाऔ नत फर्काईदेऔ।

## ***आज्ञा लिनुको तरिकाः***

आज्ञा दुई तरिकाबाट लिईन्छ।

- घरबाहिरबाट आज्ञा लिनु अल्लाहले भन्नुभएको छ।

((हे आस्थावानहरु हो आफनो घरबाहेक अन्य घरमा चिनजानबिना र त्यसमा बस्ने व्यक्तिलाई सलाम नगरी प्रवेश नगर यो तिमीहरुको लागी राम्रो हो। आशा छ की उनीहरुले यसलाई ध्यानमा राखनेछन्।)) अन्नुर 27

- घरभित्रबाट आज्ञा लिने पनि अल्लाहले भन्नुभएको छ।

((बच्चा ठूलो भएपछि पहिले झै आज्ञा लिनुपर्छ। यो सबै कुरा भित्रको राज र पर्दाको सुरक्षाको दृष्टिकोणले आवश्यक छ।)) अन् नुर 59

- आज्ञा लिनमा ईशारा नगर,((आज्ञा तीनपटक लेऊ दिन्छ भने ठिक छ दिंदैन भने फर्किहाल।)) सही मुस्लिम जिल्द 3 हदीस संख्या 2154
- कसैसंग आज्ञा लिने बेलामा आफनो परिचय देऊ किनकी यो कुरा अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।

## *सलाम गर्ने तरिका:*

❖ इस्लाम धर्मले धेरै भन्दा धेरै समान गर्न आदेश दिएको छ। यसको लागी प्रोत्साहित पनि गर्नु भएको छ। किनकी यसले गर्दा प्रेम र सदभाव बढछ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((कि त्यो अल्लाहको कसम जसको हातमा मेरो प्रोण छ। तिमीहरु बिना ईमानले स्वर्गमा पस्न सक्दैनौ। बिना प्रेम र मायाले ईमानवाला कहलाउने छैनौ तिमीहरुलाई एउटा यस्तो कार्यको बारेमा भनु जुन कार्य गर्दा तिमीहरुमा प्रेम भैईहाल्छ। एक अर्कालाई सलाम गर।)) सुनन अबू दाऊद जिल्द 4 हदीस संख्या 5193

❖ सलामको जवाब देऊ किनकी अल्लाहले भन्नुभएको छ। ((जब कसैले तिमीलाई सलाम गर्छ भने तिमी राम्रो संग जवाब देऊ।)) अन नेसा 86

❖ सलामको दर्जालाई रसूल सल्लल्लाहु अलैहि वसल्लमले यसरी वर्णन गर्नु भएको छ। ((सवार मानिस पैदल यात्रीलाई सलाम गर्नुपर्यो। पैदल यात्रा बसेका मानिसहरुलाई सलाम गर्नुपरयो। थौरै मानिसहरुको धेरै मानिसलाई सलाम गर्नुपर्यो।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5878

## *सभामा बस्ने तरिका:*

❖ सभामा बसेका मानिसहरुलाई आउने जाने बेलामा सलाम गर अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((तिमीहरु मध्ये कुनै व्यक्ति जब कुनै सभामा पुग्दछन् तब सलाम गर्नुपर्छ। यदि उक्त व्यक्ति बस्न चाहेमा बसाई दिनुपर्छ। फेरी जाने बेलामा सलाम गर्नुपर्छ।)) सही इब्ने हबान जिल्द 2 हदीस संख्या 494

❖ बस्नको लागी सभामा ठाँउ बनाउनु पर्छ। जस्तो कुरआनमा उल्लेख छ। ((हे आस्थावानहरु हो जब तिमीहरु सभामा अन्य

व्यक्तिहरुको लागी स्थान दिन (स्वर्गमा) स्थान दिने छन् भनिन्छ। (बस्ने) स्थानले देऊ। अल्लाहले तिमीहरुलाई र जब तिमीहरुलाई खडा हुन भनिन्छ तब तिमीहरु खडा होऊ अल्लाहले तिमीहरु मध्ये ईमान ल्याएका र ज्ञान प्राप्त गरिएका व्यक्तिहरुको दर्जा उच्च पार्नेछन् र अल्लाह तिमीहरुका हरेक कार्यसंग अवगत छन्।)) अल मुजादला 11

❖ कसैलाई बसाउनेको लागी कसैलाई खडा गर्नु हुंदैन बरु सरेर ठाँउ बनाउनुपर्छ यो रसूल सल्लल्लाहु अलैहि वसल्लमको आदेश हो। (सही मुस्लिम जिल्द 4 हदीस संख्या 2177)

❖ रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((जुन व्यक्ति आफनो ठाँउ छोडेर कुनै ठाउमा जान्छ फेरी केही छिनपछि फर्केर आउछ भने त्यही व्यक्ति त्यस ठाँउको हकदार हो।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2179

❖ दुईजना संगसंगै छ भने बिना साथीको मर्जिले बिछोड गरेर बेग्ला बेग्लै ठाँउमा बसाउनु हुंदैन। किनकी यो रसूल सल्लल्लाहु अलैहि वसल्लमको आदेश हो। (अबू दाऊद 4 हदीस संख्या 4845)

❖ तिनजना साथीहरु एकै ठाँउमा बसेछ भने त्यस मध्ये एउटालाई छाडेर दुई जना बेग्लै ठाँऊमा गई गोप्य कुरा नगर किनकी तेश्रो साथीलाई चित्त दुख्दछ। यो रसूल सल्लल्लाहु अलैहि वसल्लमको आदेश हो। (सही बोखारी जिल्द 5 हदीस संख्या 5932)

❖ सभाको बिचमा गएर बस्नको लागी सबैलाई नाघी जानु ठिक छैन। हुजैफाको हदीसमा वर्णन छ की अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले बिच सभामा नाघेर बस्ने वय्क्तिप्रति अल्लाहको यातना छ भन्नु भएको छ। (सुनन अबु दाऊद जिल् 4 हदीस संख्या 4826)

❖ सभामा नराम्रो कुरा गर्नु हुंदैन। किनकी जुन सभा अल्लाहको ज़िकरबाट खाली छ। त्यस्तो सभालाई रसूल सल्लल्लाहु अलैहि

वसल्लमले मरेको गदहासित उदाहरण दिनुभएको छ। यस्तो मानिसहरु पश्चात र दुखित हुने छ। (सुनन अबु दाऊद जिल्द 4 हदीस  संख्या 4855)

❖ सभामा एक  अर्कालाई घोर्नु हुदैन।किनकी यो नराम्रो काम हो। (सुनन अबू दाऊद जिल्द 4 हदीस संख्या 4182)

## सभाको आदाबः

इस्लाम धर्मले यस्तो अनुभुतिको बिचारधारालाई कायम गरेको छ। जो जुनसुकै सभामा प्रयोग गर्न सकिन्छ। सभामा भेला हुन् सबैलाई राम्रो लाग्दछ। यसकारण की हाम्रो तर्फबाट यस्तो कुनै कुरा हुंदैन जुन कुराले सबै मानिसलाई दुःख लाग्दैन। तब इस्लाम धर्मले मुसलमानहरुलाई आदेश दिन्छ की सम्पूर्ण मुसलमान सफा र स्वस्थय रहौं। उनीहरुमा यस्तो प्रदुषित व्यवहार हुनु हुंदैन जसबाट दोश्रो मानिसहरु घृणा गरोस् सभामा जहाँ ठाँउ भेटियो त्यही बस्नुपर्छ। बसेका मानिसहरुलाई छालांग लगाएर वा धक्का धुक्की गरेर अगाडी जानु हुंदैन। अल्लाहको रसूस सल्लल्लाहु अलैहि वसल्लमले जुम्मको दिनमा सम्पूर्ण मुसलमानलाई सम्बोधित गर्दै भन्नुभयो। ((जुन व्यक्तिले जुम्माको दिनमा मिस्वाक (दांतु) र स्नान गरेर, सेण्ठ प्रयोगरेर, राम्रो लुगा लगाएर कसैलाई छलांग नलगाई मस्जिदमा आई बस्दछ र ईमाम निस्किने बेलासम्म शान्ति बनाएर बस्छ। फेरी नमाज पढछ भने त्यस्तो व्यक्तिको एक जुम्मा देखि अर्को जुम्मा सम्म को पाप माफ भैहाल्छ।)) सही इब्ने खुजैमा जिल्द 3 हदीस संख्या 1782

जसलाई अछियू (छिंक) आएमा अल्हमदुलिलाह पढ्नु पर्छ। किनकी रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((जब

तिमीहरु मध्ये कसैलाई अछियू (छिंक) आएमा अल्हमदुलिल्लाह पढ् र उसको साथी सुन्दछ् भने यरहमोकुल्लाह भनौं  र तेश्रो मानिस सुन्छ्

भने यहदिकुमुल्लाह यूसलेबालकुम भनौं।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5870

((र अछियूको बेलामा मुखमा हात राखेर सानो आवाजमा अछियू गर।)) अल मुसतदरक जिल्द 4 हदीस संख्या 7684

❖ जमाहीलाई बलदेखी रोक्ने प्रयास गर किनकी यो अल्छीको परिणाम हो। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो ((अछियू गर्ने बेलामा अल्लाहको हम्द पढ् र यदि साथीले सुनयो भने उत्तर देऊ र जमाहीलाई रोक्ने  गर किनकी जमाहीबाट शैतान खुश हुन्छ्।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5869

❖ सबैको बिचमा ढकार गर्नु निषेध छ्। रसूल सल्लल्लाहु अलैहि वसल्लम कहाँ एउटा व्यक्ति ढकार गरियो। ((तब तपाईलाई रोक्नु भन्नुभयो र तपाईले भन्नुभयो संसारमा जुन व्यक्ति धेरै खान्छ् त्यो व्यक्ति प्रलयमा त्यती नै भोको हुन्छ्।)) सुनन तरमीजी जिल्द 4 हदीस संख्या 2478

## *कुराकानी गर्ने तरिकाः*

❖ बोल्नेवालाको कुरा ध्यान दिएर सुन्नुपर्छ् र बिचमा टप्कनु हुदैन। (सही बोखारी जिल्द 1 हदीस संख्या 121)

❖ आफनो कुरा स्पष्ट भन्नुपर्छ् ताकी सुन्नेवाला सम्झन् सकोस्। ((हजूर सल्लल्लाहु अलैहि वसल्लमले आफनो कुरा प्रष्टसंग भन्नुहुन्थ्यो र प्रत्येक राम्ररी बुझथे।)) सुनन अबू दाऊद जिल्द 4 हदीस संख्या 4839

❖ बोल्नेवाला र सुन्नेवालाको अनुहार हंसमुख हुनुपर्छ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले आदेश दिनुभएको छ। ((आफनो भाईसित हंसमुख अनुहार लिएर मिलौं)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2626

❖ सुन्नेवाला व्यक्तिलाई राम्रो कुराबाट सम्बोधित गर्नुपर्छ। किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ। ((की मानिसहरुलाई सलाम गर्नु सदका (दान) हो, दुई जनाको बिचमा न्याय निर्णय गर्नु सदका (दान) हो। कुनै बटुवालाई आफना सवारीमा बसाउनु सदका हो। राम्रो कुरा भन्नु सदका हो। मस्जिदतिर

जानु सदका हो। बाटोमा भएका अवरोध हटाउनु सदका हो। कसैलाई भारी उठाउनमा सहयोग गर्नु सदका हो।)) सही बोखारी जिल्द 4 हदीस संख्या 2827

## ***बिरामीको हालखबर सोध्ने तरिकाः***

बिरामीको ईयादत (हालखबर सोध्नु) गर्दै रहनको लागी इस्लाम धर्मले आदेश दिएको छ। यो अधिकार एक मुसलमानलाई दोश्रो मुसलमानप्रति अनिवार्य छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो।((एक मुसलमानलाई दोश्रो मुसलमानप्रति 5 अधिकार छन्। ती अधिकारहरु यस प्रकार छन्।

1) सलामको जवाफ दिनु।

2) बिरामी परेको बेलामा हालखबर सोध्नु।

3) जनाजा (मृत लाश) मा सहभागी हुनु।

4) निमन्त्रण स्वीकार्नु।

5) तिर्खा लागेको मानिसलाई पानी खुवाउनु।)) सही बोखारी जिल्द 1 हदीस संख्या 1183

अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले ईयादतको आदेश दिदैं भन्नुभयो(( बिरामीको इयादत गर्नेवालालाई स्वर्गमा छानिएको मेवा मिल्छ।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2568

❖ बिरामीलाई ईयादत गर्नेवालामा बिरामीप्रति र हमदर्द दर्शाउनुपर्छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले बिरामीलाई ईयादत गर्ने तरिका यसरी बताउनु भएको छ। ((उसको सिरमा हात राखेर वा हातमा हात राखेर त्यसको हालखबर सोध।)) सुनन तरमिजी जिल्द 5 हदीस संख्या 2731

❖ बिरामीको लागी दुवा गर अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((जसले बिरामीको ईयादत गर्छ र त्यसको

मृत्य भएको हुदैन र दुवा पहिले नै गर्दछन् भने अल्लाह त्यस बिरामीलाई त्यस रोगबाट छुटकारा दिलाउछन्। त्यसको दुवा यो छ। (( अस अल्लुलाहले अल अजिम रब्बल अर्शिल अज़िम यैयसफिक।)) अल मुस्तदरक जिल्द हदीस सख्या 1269

## हांसिमजा़कको तरिकाः

इस्लाममा जनजीवन त्यस्तो छैन जस्तो कि केही मानिसहरु सम्झदछन् के इस्लाम हंसी मजाकदेखि पनि टाढा छ। तर त्यस्तो छैन। किनकी हंजलाको भेट अबू बकर सिद्धिक संग भयो तब उसले हंजलाको हाल खबर सोध्नु भयो हंजलाले भन्नुभए म मोनाफिक भैसके तब मौसुफले भन्यो यो तिमी के भनि रहेका छौ। त्यसपछि

हंजलाले जवाफ दियो।((हामीहरु अल्लाहको रसूलबाट जन्नत (सवर्ग) र जहन्नम (नर्क) को कुरा सुन्दैरहन्छौ तब मलाई लाग्छ म आफनो आंखाले हेरिरहेका छौं। फेरी जब रसूल देखि बिछोड हुन्छ अर्थात आफनो संतान र पत्निमा व्यस्त रहन्छौ भने सन्तान र पतनी हामीलाई पछाडी दिन्छ र स्वर्ग र नर्कको कुरा बिर्सिहाल्छौं। अबू बकरले भन्नूभयो हामीलाई पनि यस्तै हुन्छ। फेरी दुबै जना रसूल सल्लल्लाहु अलैहि वसल्लमले कहां पुग्छन् र मौसुफले रसूल सल्लल्लाहु अलैहि वसल्लमले लाई भन्न थाल्छ हंजला मोनाफिक

भैसक्यो तपाईले सोध्नु भयो। यो कसरी भयो तब मैले भने ऐ अल्लाहको रसूल जब हामी तपाईको साथ रहन्छौ तब तपाई हामीहरुलाई स्वर्ग र नर्कको बारेमा भन्नुहुन्छ र हामीहरुलाई लाग्छ की साच्चै म हेरिरहेको छु। तर जब तपाईदेखी बिछोड हुने बित्तिकै पत्नी र सन्तान हाम्रो प्रति गालिब भैईहाल्छ। तब सबै कुरा बिर्सि हाल्छ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो कसम खुदाको यदि तिमी सधैभरी यस्तै हालमा रहन्छौ भने हाम्रो साथ रहन्छौ र अल्लाहको यादमा रहन्छौ र फरिश्ता जीवनमा तिम्रो बाटोमा आएर तिमीसंग मोसाफा गर्न थाल्छ। तर ऐ हंजला त्यो छन् अर्कै हो र यो छन् अर्कै छ।)) सही मुस्लिम जिल्द 4 हदीस संख्या 2750

अल्लहाको रसूल सल्लल्लाहु अलैहि वसल्लमले यो हदीसमा जायज हंसी मजाक मानिसको लागी फुर्तिलो र स्वास्थ्य बनाउन राम्रो भन्नुभएको छ। सहावीले तपाईले सोध्नुभयो ((तपाईले पनि हामीहरुसंग मजाक गर्नुहुन्छ तपाईले भन्नुभयो हो तर म तिमीहरुलाई राम्रै कुरा भन्दछौं।)) सुनन तरमिजी जिल्द 4 हदीस संख्या 1990

❖ हंसी मजाक कुराबाट पनि हुन्छ् र कार्यबाट पनि हुन्छ् रसूल सल्लल्लाहु अलैहि वसल्लमले एउटा सहावीसंग कार्यद्धारा हंसीमजाक गरेका थिए अन्स बिन मालिक भन्नुहुन्छ्। ((गांउको एउटा मानिस जसको नाम जाहिर थियो रसूल सल्लल्लाहु अलैहि वसल्लमको लागी गाँउबाट तोहफा (उपहार) ल्याउने गर्दथ्यो। फेरी जब गाउ जान लाग्दथ्यो। त्यतीबेला रसूल सल्लल्लाहु अलैहि वसल्लमले उसको लागी बाटोको खर्च दिन्थ्यो। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो जाहिर हाम्रो लागी गांउ छ् र हामीहरु त्यस गांउको बासिन्दा छौं। एक पटकको कुरा हो रसूल सल्लल्लाहु अलैहि वसल्लमले बाहिर निस्किनु भयो र जाहिरललाई माल बेच्दै देख्यो। तपाई उसको पिठ्यूमा गएर टांसिनुभयो तब उसले देखेको थिएन। उसले सोध्यो को हो? मलाई

छोड् फेरी जब जाहिरले आफनो पिठ्यू रसूल सल्लल्लाहु अलैहि वसल्लमले को छातीमा रगर्न थाले। अल्लाहको रूसल स. भन्नु थाल्यो यो गुलामलाई को किन्छौं। जाहिरले भन्नुभयो ऐ अल्लाहको रसूल तपाई मलाई यस्तो पाउनु भयो। तपाईले भन्नु भयो होईन जाहीर अल्लाहको नजिक तिमी सस्तो छैनौ बरु महंगो छौं।)) सही इब्ने हबान जिल्द 13 हदीस संख्या 5790

❖ हंसी मजाकमा कुनै मुसलमानलाई दुःख पुरयाउनु हुंदैन। किनकी अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमलेभन्नुभएको छ्। ((हंसी मजा़क त्यस्तो नगर जसबाट अरुलाई दुःख हुन्छ्।)) मसन्द ईमाम अहमद जिल्द 5 हदीस संख्या 23114

❖ हंसी मजाक सत्यको धाराभन्दा बाहिर गर्नुहुँदैन। मानिसहरुलाई हंसाउनको लागी झुठो बोल्नु हुँदैन। अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमसले यस्तो मानिसहरुलाई नर्कको धम्की दिएको छ्। (सुनन अबू दाऊद जिल्द 4 हदीस संख्या 4990)

## ताज़ियत (मृत्यू पशचात त्यसको परिवारहरुलाई दिने सन्तवान) को तरिकाः

❖ कुनै व्यक्त मरेपछि उसको परिवारहरुलाई सन्तवान (तसल्ली) दिन र उसको दुःखमा सहभागी हुनको लागी इस्लाम धर्मले केही तरिका बनाएको छ। रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो। ((जुन मोमिन आफनो भाईको समस्यामा धैर्य धारण (सवर) गर्न भन्छ भने अल्लाहले प्रलयको दिन उसलाई ईज्ज़तको पोशाक लगाईदिनुहुन्छ।)) सही मुस्लिम जिल्द 4 हदिस संख्या 2750

❖ शेष पछिको लागी दुवा गर्नु र उनीहरुलाई धैर्यधारण गर्न् भन्नु र पुण्य गर्नको आदेश दिनु पर्छ किनकी ओसामा बिन जैदको भनाई छ की हामीहरु नबी रसूल सल्लल्लाहु अलैहि वसल्लमसंग बसिरहेका थियौं तब उसको छोरीले आफनो बच्चाको मृत्यु हुने

सम्भावना भएको खबर पठाईन र त्यस बच्चालाई हेर्नको लागी अनुरोध गरे। त्यसपछि रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले एउटा व्यक्तिद्वारा खबर पठाईदिनु भयो। के जुन अल्लाह दिन्छ त्यो तिम्रो हो र जुन लिन्छ त्यो उहाँको हो। धैर्यधारण गर्दै त्यो खबर लिएर आउने मानिसलाई फर्काउनु भयो केही छिनपछी त्यो व्यक्ति फिर्ता आए र भन्नुभयो र वहाँको साथ साद बिन ओबादा र मआज़ बिन जवल पनि संगै जानु भयो अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लम समक्ष जब त्यो बच्चालाई ल्याईयो बच्चाको अन्तिम क्षण भैसकेको थियो। तपाई रसूल सल्लल्लाहु अलैहि वसल्लमको आँखाबाट आँसु झर्न थाल्यो। सादले आशचर्यकित भएर सोध्नु भयो तपाईको आँखामा आँसु तपाईले उत्तर दिनुभयो। ((यो रहमत हो अल्लाहले आफनो बन्दालाई दिलमा राखनुभएछ र अल्लाह आफनो रहमदिल बन्दा प्रति नै रहम गर्छ। )) सही मुस्लिम जिल्द 2 हदीस संख्या 923

❖ मैयत (मृत) को लागी चिरशान्तिको दुवा गर्नु। ईमाम शाफईले यसलाई मुस्तहब भन्नुभएको छ।

❖ मृत्यु भएको दिनमा त्यसको परिवारका सदस्यहरुको खाना बनाउनु किनकी अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो। ((आले जा़फरको लागी यस्तो मौकामा खाना तयार गर्नको लागी आदेश दिए। किनकी मृत्यू भएको परिवारको मानिसहरु त्यसको संस्कारमा र उसको यादमा मागिन् हुन्छ।)) अल मुसतदरक जिल्द 1 हदीस संख्या 1377

## सुतने तरिकाः

बिस्मिल्लाह पढेर दाहिनेतिर उलटो परेर सुत्नुपर्छ। तर त्यस ठाँउमा मानिसलाई हानी पुरयाउने वस्तुलाई हटाउनुपर्छ। अल्लाहको रसूल रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।

((जब तिमीहरु मध्येमा कोही सुतन आउछ भने आफनो ओढने चादरलाई झार र अल्लाहको नाम लेऊ किनकी आफनो ओछ्यानमा के कस्तो छ भन्ने कुरा थाहा हुंदैन। तब सुतने बेलाम दाहिनेतिर कोल्टो परेर सुत्नुपर्छ। र यो दुवा पढ् (( सुवहानक रब्बी बेकाबजातो जो नबी वेबक अर्फहु ईभ अम सत्तो नफसी पग्फिरलह व ईन अरसल्हत कहफीजह बेमा हफिज त बेही ईबादक आलेहिम)) सही इब्ने हबान जिल्द 12 हदीस संख्या 5534

❖ जब कुनै व्यक्ति उठ् छ भने त्यसलाई दुवा पढ्नुपर्छ। जुन नबी सल्लल्लाहु अलैहि वसल्लमले पढनु हुन्थ्यो। होजैफा सहावीको भनाई छ। ((की नबी रसूल सल्लल्लाहु अलैहि वसल्लम राती सुत्नको लागी जानु हुन्थ्यो तब आफनो रोक्सार (अनुहार) मा वा गालमा हाथ राखेर यो दुवा पढनुहुन्थ्यो((अल्लाह हुम बेईसमक अमुतो व अहया)) र

जब बिउझथे तब यो दुवा पढनु हुन्थ्यो। (( अल्हम दो लिल्लाह अल्लजी अंहयाना बादमा अमातना व अलैहिन नौसुर।)) सही बोखारी जिल्द 5 हदीस संख्या 5955

❖ आपत स्थिती बाहेक अरु समयमा छिटो सुत्नुपर्छ किनकी नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((की ऐशा भन्दा पहिले सुत्नु मकरुह छ ऐशा पछि कुराकानी गर्नु पनि मकरुह हो।)) सही बोखारी जिल्द 1 हदीस संख्या 543

❖ पेटलाई तल्लो पारेर सुत्नु मकरुह हो। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले एउठा यस्तो व्यक्तिको सामुने भएर गर्यो जो व्यक्ति पेटलाई तल पारेर सुतेका थिए। तपाईले उसलाई आफनो खुट्टा लिएर हिरकाउनु भयो र भन्नु भयो यसरी सुतनु हुंदैन।((किनकी अल्लाह यसरी सुत्नेवालालाई मन पराउंदैन।)) सही इब्ने हबान जिल्द 12 हदीस संख्या 5549

❖ सुत्नुभन्दा पहिले हानी पुरयाउने वस्तुलाई सुरक्षीत राखनुपर्छ जस्तो लालटेन , टुक्री, आगो आदीलाई निभाउनुपर्छ। (सही बोखारी जिल्द 5 हदीस संख्या 5936)

## शौचालयमा जाने तरिकाः

शौचालयमा पस्नुभन्दा पहिले ((बिस्मिल्लाह अल्लाह हुम ईन्नी अउजोबेक मिनल खुब्से वल खुवाईस)) (मसनफ इब्ने शैबा जिल्द 6 हदीस संख्या 2990) पढ र शौचालयबाट निस्केपछि यो भन्ने ((अलहमदो लिल्लाहे अल्लजी अज़हब अन्नि अजा व अफानी )) सुनन इब्ने माजा जिल्द 1 हदीस संख्या 301

नबी सल्लल्लाहु अलैहि वसल्लमको पत्नी आईशाको भनाई छ की रसूल सल्लल्लाहु अलैहि वसल्लम जब शौचालयाबाट निस्कने वित्तिकै पढनु हुन्थ्यो ((गुफ्रानक))। (सही इब्ने खुजैमा जिल्द 1 हदीस संख्या 80)

❖ दिशा, पिसाब गर्ने बेलामा पिठ्यू र रुख् (अगाडीको भाग) किब्लातिर फर्काएर गर्नुहुंदैन किनकी नबी सल्लल्लाहु अलैहि वसल्लमले जनतालाई सम्बोधित गर्दै भन्नुभयो। ((म तिमीहरुको लागी बुवा जस्तै हु। जसले आफनो छोरालाई संस्कार सिकाउदै रहन्छ। त्यसैले दिशा पिसाब किब्लातिर फर्केर नगर र दिशा पिसाब गरेपछि पानीको व्यवस्थामा नभएमा तिनवटा माटोको डल्लो लिएर आफनो शरिरलाई पवित्र बनाउनु पर्छ।))

❖ मानिसहरुको वसोवास देखी टाढा र छिपिएर दिशा पिसाब गर्न अल्लाहले आदेश दिनुभएको छ।

❖ दाहिने हातले फोहर सफा गर्नु हुन्न। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ।((तिमीहरु मध्ये कसैले कुनै वस्तु पिउछन् भने त्यसमा सांस छोड़नुहुंदैन र जब दिशा पिसाब जान्छौ भने दाहिने हातले त्यसलाई सफा नगर। आफनो लिंगलाई दाहिने हात लिएर नछुऊ।)) सही इब्ने खुजैमा जिल्द1 हदीस संख्या78

❖ आफनो दुईटै आसियानको बिचको सफाई दिशा पिसाब गरेपछि पानी वा माटो प्रयोग गरेर गर। देब्रे हातले फोहर सफा गर्नुपर्छ र फोहर सफा गर्न पानीको प्रयोग गर यो कुराको आदेश रसूल सल्लल्लाहु अलैहि वसल्लमले दिनुभएको छ।

## पति पत्नीको बिचमा सम्भोग गर्ने तरिकाः

पत्नीसंग अल्लहाको नाम लिएर संभोग गर्नुपर्छ। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ। ((यदि तिमीहरु मध्ये कसैले आफनो पत्नीसंग मिल्ने बेलामा यो दुवा पढ्(बिस्मिल्लाही अल्लाहुम जन्नबीना शैतान वजनिबी शैतान मारज़ुकतना) तब अल्लाहले उनको भाग्यमा सन्तान लेखि सकेको हुन्छ। तब त्यो सन्तान सुरक्षित हुन्छ।)) सही बोखारी जिल्द 1 हदीस संख्या 141

❖ पति पत्नी आपसमा हंसी मजाक गरी अल्लाहको रसूलले जिबिरलाई सोध्यो।((तिमी विवाह गरेका छौं। उसले भन्यो हो। तपाईले सोध्नुभयो कुमारीसंग की दुत्तीसंग गरेका छौं। जाबीरले उत्तर दियो दुत्तिसंग गरेको छौं। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कुमारीसंग किन नगरिस् तिमी उसंग खेल्थ्यो र त्यो तिमीसंग खेल्थयो र तिमीहरु आपसमा रमाईलो गर्दथ्यौं।)) हसी बोखारी जिल्द 5 हदीस संख्या 5052

❖ आफनो पत्नीसंग प्रेम र रमाईलो गर आईशाको भनाई छ की ((अल्लाहको रसूल उनलाई चुन्बन् लिन्थे र ओठ चुस्दैथियो। जबकी तपाई वर्त बसेका थिइए।)) सही इब्ने खुजैमा जिल्द 3 हदीस संख्या 2003

❖ इस्लामीक कानूनलाई ध्यान केन्द्रित गर्ने आफनो पत्नीलाई जसरी चाहे त्यसरी नै फाईदा उठाउन सकिन्छ। हजरत उमर

रसूल सल्लल्लाहु अलैहि वसल्लम कहाँ आएऱ भन्नू भयो ऐ अल्लाहको रसूल म वर्वाद भए तपाई भन्नुभयो कसरी फेरी उसले भन्यो हिजो राती म आफनो सवारीलाई उल्टाईदिए तब रसूल सल्लल्लाहु अलैहि वसल्लमले कुनै जवाब दिएन। कुरआनको यो पंक्ति अवतरित भयो। ((तिम्रो पत्नी तिम्रो खेत हो र आफनो खेतलाई तिमी जसरी चाहे त्यसरी प्रयोग गर्न सक्छौं।)) यसको अर्थ यो छ की

पत्नीसंग जाईज तरिकाबाट फाईदा लेऊ र नजायज तरिकाबाट नलेऊ।)) सुनन तरमिजी जिल्द 5 हदीस संख्या 2980

❖ पत्नी पतिको बिचमा खास सम्बनधको राजलाई सुरक्षा राखनु आवश्यक छ्।

## यात्रा गर्नुको तरिकाः

यदि तिम्रो माथि कसैको अधिनता यात्रा भयो भन गर्नुभन्दा पहिले त्यसको अधिनता फिर्ता गर। यदि ऋण भए चुक्ता गरिदेऊ र कसैसंग दुरव्यवहार गरेका छौं भने क्षमा गराईएर र आफनो सन्तानको लागी खर्च् छोडेर यात्रा गर।

❖ इस्लाम धर्ममा एक्लै यात्रा गर्नु बिना मजबुर बाहेक नराम्रो छ्। रसूल सल्लल्लाहु अलैहि वसल्लमले एउठा यात्रीलाई सोध्नुभयो तिम्रो साथमा अरु को छ् उक्त यात्री ले भन्यो म एक्लै छु। अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो।((एक्लै यात्रा नगर एक्लै यात्रा गर्नु शैतानी कार्य हो। अर्थात दुई जना मिलेर यात्रा गर्नुपनि शैतानी कार्य हो र तीन जना मिलेर यात्रा गर्नु राम्रो हुन्छ्।)) अल मुसतदरक जिल्द 2 हदीस संख्या 2495

❖ यात्रा गर्नको लागी राम्रो साथीलाई छान्नुपर्छ् र त्यसमअध्ये एउटालाई सरदार (अमिर) बनाउनु पर्छ्। यो रसूल सल्लल्लाहु अलैहि वसल्लम को आदेश हो। (सुनन अबू दाऊद जिल्द 3 हदीस संख्या 2608)

❖ आफु फर्किने बेलामा घरका परिवारलाई खबर देऊ र रातिको समयमा घर पुग्नु हुँदैन रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ्। (सही बोखारी जिल्द 5 हदीस संख्या 4946)

❖ बालबच्चा, नातेदार र साथीलाई भेटेर यात्रा गर रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ्। ((तिमीहरु मध्ये कसैले

यात्रा गर्छौ भने आफनो भाईलाई सलाम गर ताकी तिमीलाई आशिर्वाद र शुभकामना मिलोस्।)) मसनद अबी अला जिल्द 12 हदीस संख्या 6686

❖ यात्रा गर्ने उद्देश्य पुरा भएपछि छिठो घर फर्कनुपर्छ किनकी रसूल स.ले यात्राको बारेमा बताउनुभएको छ। (( की यात्राको मध्ये भागमा खानु, पिउनु, सुत्नु र मनपरि गर्नुहुंदैन। किनकी यसको परिणान नराम्रो हुन्छ त्यसैले कार्य पूरा हुनै बित्तिकै घर फर्किनको लागी आदेश दिएको छ।)) सही बोखारी जिल्द 2 हदीस संख्या 1710

## बाटो प्रयोग गर्ने तरिकाः

रसूल सल्लल्लाहु अलैहि वसल्लमले बोटोमा हिन्ने तरिका बताउनु भएको छ। ((बाटोमा बस्नु हुँदैन। मानिसहरुले सोध्यो हामी बाटोमा बसेर कुराकानी गर्छौ भने के हुन्छ? तपाई ले भन्नुभयो यदि तिमी बाटोमा बस्छौं भने त्यसको अधिकार पनि पुरा गर्नुपर्छ। त्यसपछि उनीहरु फेरी सोध्यो बाटोको अधिकार के छ। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो दृष्टि झुकाएर राख, फोहर र हानी पुरयाउनेबाला वस्तु हटाऊ, सलाम गर, राम्रो कुराको आदेश देऊ, कमजोरलाई सहयोग गर, बाटो बिर्सिएको बटुवालाई बाटो देखाऊ।)) सही बोखारी जिल्द 2 हदीस संख्या 2333

बाटोलाई सुरक्षित राख र सार्वजनीक सम्पत्तिलाई पनि सुरक्षा गर। रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो।

((लानतदेखि बच, तब साथीहरुले लानत गर्नेवालाको बारेमा सोध्यो तपाईले भन्नुभयो जुन व्यक्ति बाटोघाटोमा दिशा पिसाब गर्छ र शितल ठाँउलाई फोहर बनाउछ भने त्यसमाथि अल्लाहको लानत (धुतकार) छ।)) सही मुस्लिम जिल्द 1 हदिस संख्या 267

बाटोघाटोमा हानी पुरयाउनेवाला कुनै धारीलो वा तिखो वस्तु साथ लिएर हिड्नु हुँदैन। जसबाट कसैलाई हानी होस् रसूल सल्लल्लाहु अलैहि वसल्लमले आदेश दिनुभएको छ।((मस्जिद, बाजार, बाटोमा

हानी पुरयानेवाला कुनै वस्तु लिएर जानु हुदैन।)) सही बोखारी जिल्द 6 हदीस संख्या 6664

## किनबेच गर्ने तरिकाः

मुल्य तह किनबेच गर्ने उद्देश्य नाफामा आधारित हुन्छ। त्यसैले इस्लामको दृष्टिमा यो जायज छ। यदि दुईटैमा नोक्सान हुने संभावना भयो भने त्यस व्यवसायलाई नजायज गरिदिन्थ्यो। अल्लाहले भन्नुभएको छ की((ऐ ईमानवाला आपसमा एक अर्काको सम्पत्ति नजायज तरिकाबाट नखाऔं।)) अन नेसा 29

इस्लाम धर्मले व्यापरलाई अत्ति राम्रो मान्नु भएको छ । रसूल सल्लल्लाहु अलैहि वसल्लम लाई राम्रो व्यपारको बारेमा सोध्नु परान्त वहाँले भन्नुभयो। ((मानिसलाई आफनो हातले कमाएर खान र राम्रोसंग किनबेच गर।)) अल मुसतदरक जिल्द 2 हदीस संख्या 2158

((र ईमानदारी व्यापार गर्न इस्लाम धर्मले आदेश दिएका छन्। सत्य ईमान्दार मुस्लिम व्यापारी प्रलयको दिन शहिदहरुको साथमा हुनेछ।)) अल मुसतदरक जिल्द 2 हदीस संख्या 2142

इस्लाम धर्मले बेच्नको लागी हुकुमत दिएको छ। तर यदि कुनै नया वस्तु बेच्छौ भने त्यसको हानी नोक्सानीको बारेमा किन्ने

वालालाई बताउनु पर्दछ् भन्ने कुराको आदेश नबी सल्लल्लाहु अलैहि वसल्लमले दिनुभएको छ। (मसनद ईमाम अहमद)

❖ मुल्यमा धोकाधरी नगर्नु र किन्नेवालाको सामुने उक्त वस्तुको हानीको बारेमा जानकारी गराउनुपर्छ। एउटा हदीसमा अबू हुरैरह सहाबीको भनाई छ की((नबी सल्लल्लाहु अलैहि वसल्लम गल्लाको ढेर नजिक गएर तपाईले त्यसको भित्र हात दिनुभयो। तब तपाईको हात पानीले भिजे तब तपाईले बिचार गरेर गल्लावालाई भन्नुभयो। ऐ गल्लावाल यो के हो? उसले भन्यो वर्षाले भिजिसकेको छ।

तपाईले भन्नुभयो यसलाई माथि किन राख्दैन ताकी मानिसहरु हेर्न छ। सुन जसले धोकाधरी गर्छ त्यो मानिस हाम्रो संग्रहको हुन सक्दैन)) सही मुस्लिम जिल्द 1 हदीस संख्या 102

❖ सत्य बोल्नु, झुठो नबोल्नु अल्लाहको रसूलले भन्नु भयो। ((किनबेच गर्नेवाला इख्तियारमा रहन्छ। जबसम्म त्यो बिछोर हुँदैन यदि दुवै सत्य छ भने त्यसको मालमा बरकत हुन्छ। यदि दुईटै असत्य छ भने त्यसको मालमा बरकत हुँदैन।)) सही बोखारी जिल्द हदीस संख्या 1973

❖ खरिदबिक्रि गर्नेवाला दयालु स्वभावको हुनुपर्छ। किनकी किनबेच गर्नवालाको सम्बन्ध यसले गर्दा ठोस् हुन्छ। आर्थिक लाभ बाहेक मानविय नाताले पनि ठोस् हुन्छ। जसबाट एक अर्काको आवश्यकता पुरा हुन्छ। किनबेचमा सपथ खानु हुँदैन। (( अल्लाहको रसूल ले खरिद बिक्रिमा धेरै सपथ खानबाट रोक्नु भएको छ।)) सही मुस्लिम जिल्द 3 हदीस संख्या 1607

खरिद बिक्रिमा त्यस्तो मानिसलाई सहयोग गर्नुपर्छ जुन नर्म तथा लज्जित स्वभावका होस् र अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले ((प्रलयको दिन आफनो सहयोग गर्ने वाचा त्यस्तो

मानिसहरुको लागी गर्न भएको छ जुन नर्म तथा दयालु स्वभावको होस्।)) सही इब्ने हबान जिल्द 11 हदीस संख्या 5021

यो इस्लाम संविधानको एक झलक हो र सानो भाग पनि हो। सम्पूर्ण कुरा यस किताबमा वर्णन् गर्न् उपयुक्त छैन। त्यसैले यत्ति कुराहरु सम्झनु बेश हुन्छ र मानिसको आवश्यक वस्तु र सम्स्याको समाधान हदीस र कुरआनबाट यसैले दिएका छन् की मुसलमानको जीवन राम्रो होस।

## अन्तमाः

अब यो अध्याय हामी त्यो दुवै मानिस को कुरो माथि अन्त समाप्त गर्न् चाहन् छु जसले इस्लाम धर्म कोबुल (स्वीकार) गरे त्यो मध्ये एऊटा व्यक्ति ( F. Filweas) ले भन्नु भो की योरोप मा यस्तो खाल को आत्म सौतन्त्रता रहेको छ जसको ओर अन्त छैन त्यहा मान्छे को कोही अकीदा (मान्यताए) पनि छैन जसले गर्दै मानव को सुखमय जीवन को कलपना होस् अतः सम्पन्न वर्ग आर्थिक आजा़दी र अर्थामैटीक सामग्रीमा लिन छ ब्वस्थ छ तर योरोप बासी आफनो वेवर्थ र बे मकसद जीवन को अनुभुती गर्दैछन् र एक अर्का सीत प्रशन गर्छन् की हाम्रो जीवन को उद्देश्य के हो? र हामी कता तीर जाऊदै छन्? र किन जाऊदै छु?

तर आज सम्म कसैले पनी ती प्रशन को उत्तर खोजन बिन् गर् सकेन वहाँहरु लाई थाहा छैन की ऊनको समस्या को समाधान मात्र इस्लाम मा नै हो ऊनीहरु इस्लाम बारे केहि जानदैन बरु इस्लामको बारेमा कुर्चार का शिकार पनि हुन।

तर इस्लाम को ज्योती केहि योरपिय वासी को मुसलमान हुंदाखेरी वहाँ को समाज मा व्यापक भईरहेको छ् एले यीनीहरु को संख्या कमै हो तर वहाँ को जन समुदाय यीनीहरुलाई आत्मीयता को द्रष्टी ले हेरी रहेको छन् र वहाँ हरु को इस्लामीकजीवन बाट प्रभावीत भई प्रति दिन जुन समुदाय इस्लाम धर्म लाई स्वीकार गर्दै छ्।

**यो आरम्भीक चरण होः**

D. Potter (डी. पोट्टर) ले मुसलमान भए पछि आफ्नो प्रती क्रिया यसरी व्यक्त गरे की हामी इस्लामी धर्म कानुन लाई प्राकृती को बमोजिम स्पष्ट रुपले हेरी रहेको छु इस्लाम नेचरली धर्म हो यो हाम्रो आव्श्यक्ता हो अप्राकृतिक होईन किनकी अल्लालह को हुक्म ले पर्बत, खोला, सुर्य, चन्द्रमा आदी सबै आफनो निर्धरित छेत्रमा परिक्रमा गर्दै हुन् र यो क्रिया ऊस अल्लाहको अज्ञापालनमा गरी रहे का छन् जुन सबैको सृष्टी कर्ता हुन्।

जसरी भक्तजन, अज्ञाकारी, समर्पित भए अनी अल्लाह महान हिक्मत युक्त हुन् की सबै वस्तु आफ्नो भाग्यको पाबन्द छन् संसार को साना देखी साना वस्तु पनि वहाँ का अज्ञाकारी छन् सो यो धारणा ले हामी कलपना गर्न सकछु की यी सबै मुसलमान (आज्ञाकारी) हुन्।

तर मनुष्य को कुरो बेगलै हो कीनकी अल्लाह ले मनुष्य लाई पावर दिएर सोतन्त्र आजादी दिऐ को छ् अब हामी आफनो पावर अल्लाह को कानून बमोजिम प्रयोग गरौं वा आफनो कानुन बेगलै बनाएर आफना बेगलै धर्म तय्यार पारौं तर मनुष्य दुर्भाग्य बस ईशवरीय धर्म कानुन छाडेर आफनो दुवारा व्यक्ति धर्म कानुन माथी हिडन लागो।

निस्सन्देह योरोप तथा अमेरीका मा धेरै जसो मान्छे इस्लाम धर्म कोबुल (स्वीकार) गर्दै रहेको छन् कीनकी ऊनी हरु संसारिक

संबृधि र वहाँ को एश् पछी को विकराल स्थीती बाट आफ्नो भीत्र आए संकट दुख पिडा को समाधान र मुक्ती यसै इस्लाम धर्ममा पाए बरु केही यहूदी र ईसाई ज्ञाता ले इस्लाम धर्म अनुसार न्याय गर्ने अदालत लाई आगरह गरे आफनो धार्मिक कमी कमजोरी लाई व्यक्त गरेन थाले वहाँहरु को बक्तब्य सुन्दाखेरी लाग छ् की इस्लाम ऊनीहुर को भित्र ठाँऊ बनाई सके को छ् र यस ऊथल पुथल को कारण मान यो नै हो की वास्तविक्ता स्पष्ट भई रहोको छ् जसलाई हामी अनदेखी गर्न सकदैनौ